# नौगाड सेरोफेरो
# स्थानीय विषय
# कक्षा (१-८) को पाठ्यक्रम २०७९


<u>प्रकाशक</u>


**नौगाड गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**होपरीगाड, दार्चुला**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

# नौगाड गाउँपालिकाको सिमाबलोकन नक्सा तथा धार्मिक तथा पर्यटकीय क्षेत्र










## स्थानीय पाठ्यक्रम निर्माण कार्यदल

श्री प्रेम राज जोशी (संयोजक)

श्री कल्यान सिह धामी (सदस्य)

श्री अकबर सिह धामी (सदस्य)

श्री प्रताप सिह ठगुन्ना (सदस्य)

श्री दान सिह धामी (सदस्य)

श्री हरक सिह ठगुन्ना (सदस्य)

श्री उजल सिह ठगुन्ना (सदस्य)

श्री धौल सिह ठगुन्ना (सदस्य)

श्री राम सिह बोहरा (सदस्य)

सर्वाधिकार: प्रकाशकमा निहित
प्रथम संस्करण: वि.स. २०७९
आवरण पृष्ठ: नौगाड गाउँपालिकाको सिमाबलोकन नक्सा तथा धार्मिक र पर्यटकीय क्षेत्र

**नोट: नौगाड गाउँपालिकाको लिखित स्वीकृति विना यसको पुरै वा आंशिक भाग विद्युतीय माध्यमबाट वा छायाप्रति हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेरे प्रकाशन गर्न पाईने छैन । यसो गरेको पाईएमा प्रतिलिपी अधिकार ऐन वमोजिम कारवाही गरिने छ ।**

# बिषयसूची


१. पृष्ठभूमि: ........................................................................ 1
२. विषय प्रवेश ........................................................................ 2
३. नौगाड सेरोफेरो (स्थानीय पाठ्यक्रम) को परिचय ........................................ 2
४. तहगत सक्षमता ........................................................................ 3
५. विषय तथा पाठ्य/कार्यघण्टा निर्धारण ................................................ 4
६. कक्षागत सिकाई उपलब्धि (१-५) ...................................................... 6
७. कक्षागत सिकाई उपलब्धि (६-८) ...................................................... 7
८. बिषय क्षेत्र तथा क्रम निर्धारण ...................................................... 9
९. बिषय क्षेत्र विस्तृतीकरण ............................................................ 11
१०. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया ................................................ 51
११. मूल्याङ्कन प्रणाली ................................................................ 55

# गाउँपालिका प्रमुखको भनाई

नेपाल विविधतायुक्त देश हो । विविधताको सम्मान, विकास, प्रचारप्रसार र संरक्षण गर्ने भरपर्दो माध्यम भनेकै शिक्षा हो । शिक्षाको विकास बिना अन्य पक्षको विकास सम्भव नै हुँदैन । यस अर्थमा हेर्दा शिक्षा सम्पूर्ण विकासको प्रमुख आधार पनि हो । समग्र शिक्षा प्रणालिलाई ब्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरीकको अधिकारलाई सहज बनाऊन सकियोस भनेर हामीले नौगाड गाउँपालिका भित्र विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छौं । अरु क्षेत्रको विकास जस्तो शिक्षा क्षेत्रको विकास तुरन्तै देखिने खालको हुँदैन तथापी हामीले योजनाबद्ध रुपमा शैक्षिक विकासका कामहरु गर्दै जाँदा हाम्रा भावी सन्ततीले पनि यसबाट प्रतिफल लिन सक्नेछन् । गुणस्तरीय र व्यवहार उपयोगी शिक्षाको माध्यमले हामी सुसंस्कृत र सभ्य नागरीक तयार गर्न चाहन्छौं । सम्बृद्ध र विकसित  समाज निर्माण गर्न चाहन्छौं । श्रम मैत्री र उत्पादनशील नागरीक तयार गर्न चाहन्छौं । र, नागरीकलाई स्वाभिमानी र आत्मनिर्भर हुन प्रोत्साहित गर्न चाहन्छौं । यि सबैका लागि हामिलाई गुणस्तरीय र व्यवहारिक पाठ्यक्रम चाहिन्छ । गुणस्तरीय र व्यवहारिक शिक्षण सिकाइ चाहिन्छ । र, गुणस्तरीय शैक्षिक वातावरण चाहिन्छ । यी सबै कुराहरुको ब्यवस्थापन गर्दै लाने सन्दर्भमा संविधानले दिएको माध्यमिक तहसम्मको शैक्षिक अधिकार प्रयोग गरी शैक्षिक सत्र २०७९ देखी कक्षा (१-८) को पाठ्यक्रम तयार गरी स्थानीय पाठ्यक्रम लागु हुने कुरा जानकारी राउन पाउँदा मलाई खुशी लागेको छ । स्थानीय पाठ्यक्रम निर्माण पश्चात त्यसको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले आवश्यक अनुगमन गर्ने, विद्यालयहरुले यसलाई कार्यान्वयन गर्दै लाने र आवश्यकताको आधारमा समयानुकूल बनाऊदै लैजाने हो भने यसको प्रभावकारिता अझै बढेर जाने मेरो विश्वास छ ।

स्थानीय जात, जाति, भाषा, संस्कार, सभ्यता, मूल्यमान्यता, परम्परा, चाडपर्व, जडीबुटी, हाटबजार, गीत, सङ्गीत, आदिको बारेमा आवश्यक जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउन स्थानीय पाठ्यक्रमको एक प्रमुख उद्देश्य हो । समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय विषयवस्तुको पृष्ठभुमिमा निर्मित स्थानीय पाठ्यक्रमबाट आपसी सदभाव, मेलमिलाप, सामुहिक कार्य, सहिष्णुता तथा राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयग पुग्ने अपेक्षा राख्न सकिन्छ । “विश्वब्यापी सोच, स्थानीय अभ्यास” भन्ने स्थानीय पाठ्यक्रमको मूलमर्मलाई आत्मसात गर्दै रैथाने ज्ञान , सीप, अभ्यास र परम्पराको जगेर्ना, संरक्षण, विकास र प्रचार प्रसारको लागि पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग आवश्यक देखिन्छ । आफ्नो  जन्मभूमी र स्थानीय परिवेशका विविध पक्षको बारेमा यथोचित जानकारी लिदै आफ्नै माटोमा “केही गरौं” भन्ने भावना विकास गर्नमा समेत यो पाठ्यक्रमले सहयोग गर्ने छ । यस पाठ्यक्रमले नौगाड गाउँपालिकाको परिवेशलाई उच्च प्राथमिकता दिएको छ । दार्चुला जिल्लाको विशिष्ट अवस्थालाई समेटेको छ । हाम्रो मौलिक कला, संस्कृतिलाई बुझ्ने अवसर दिएको छ । यस अर्थमा यो पाठ्यक्रम नौगाडको पहिचान बनेको छ भन्ने मेरो विश्वास छ ।

नौगाड गाउँपालिकाले आफ्नो परिवेश अनुकूल स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन सकेकोमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्य ज्युहरुलाई हार्दिक बधाई दिन चाहन्छु । गाउँपालिकले सुम्पिएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै उत्कृष्ट पाठ्यक्रम निर्माण गरी कार्यान्वयनयोग्य बनाऊनु भएकोमा म अत्यन्त हर्षित छु । यस पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन शिक्षक महासंघ, शिक्षकका प्रतिनिधिमूलक संघ, संगठन, नौगाड गाउँपालिकाका सम्पूर्ण विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु, विद्यालय ब्यवस्थापन समिति लगायत सरोकारबालाहरुलाई म हार्दिक अनुरोध गर्दछु र कार्यान्वयनका लागि सहजीकरण गर्न समेत म प्रतिबद्ध रहनेछु । पाठ्यक्रम आफैमा एक गतिशील दस्तावेज भएकाले आवश्यकताअनुसार यसको समसामयिक परिमार्जन हुदैजाने व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

**दलजीत सिह धामी**

**अध्यक्ष**

**नौगाड गाउँपालिका, दार्चुला**

# भूमिका

शिक्षा समाज विकासको मार्गदर्शन हो । समाज परिवर्तनको वाहक पनि शिक्षा हो । शिक्षालाई विकास र सभ्यताको आधारशीला पनि भन्ने गरीन्छ । औपचारिक शिक्षालाई ब्यवस्थित र योजनाबद्ध रुपमा सञ्चालन गर्न पठ्यक्रमको आवश्यकता पर्दछ । पाठ्यक्रम निर्माण, विकास र परिमार्जन गर्ने कुरा निरन्तर चलिरहने प्रक्रिया हो । सिकारुको रुचि, क्षमता, अभिभावको चाहना र समाजको आवश्यकता र सपनाको जगमा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सकेमा यसबाट अपेक्षित लाभ लिन सकिने कुरामा दुईमत नरहला । सिकारुमा चाहिने व्यवहारकुशल तथा जीवनोपयोगी सीप विकास गर्न निर्माण गरीने पाठ्यक्रम स्वभावले नै सिकारुमैत्री हुन आवश्यक हुन्छ । यसै पृष्ठभूमिमा शैक्षिक सत्र २०७७ साल देखी आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम परिवर्तन गरी कक्षा १ मा एकीकृत पाठ्यक्रम लागु गरीएको छ । राष्ट्रिय पाठ्यक्रमको मौजुदा ब्यवस्था अनुसार आधारभूत तह (कक्षा १- ३) को लागि स्थानीय विषय साप्ताहिक ५ पाठ्यघण्टाको दरले बार्षिक १६० कार्यघण्टा र आधारभूत तह (कक्षा ४-८) को लागि साप्ताहिक ४ पाठ्यघण्टाको दरले बार्षिक १२८ कार्यघण्टा निर्धारण गरीएको छ । यसै व्यवस्थालाई ध्यान दिदै नौगाड गाउँपालिकाको स्थानीय पाठ्यक्रम विकास गर्ने क्रममा “नौगाड सेरोफेरो” विषयको पाठ्यक्रम निर्माण गरीएको हो ।

पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा तल्लो निकाय विद्यालय र जिम्मेवार व्यक्ति शिक्षक हुने भएकाले शिक्षकले सिकारुको सहभागितामा विद्यालयमा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने सोचबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो । तर, अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको बदलिएको राजनितिक मान्यता र प्रशासनिक संरचनामा माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानत: स्थानीयतहको भएकाले स्थानीय तहले आफ्नो स्थानीय परिवेश र स्थानीय आवश्कताको जगमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने प्रावधान रहेको छ ।राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३, संशोधित राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७१ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले पनि यस कुरालाई उच्च महत्व दिएको देखिन्छ । यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक सङ्घ संस्थामा संलग्न व्यक्ति सबैको भूमिका महत्वपूर्ण हुन्छ नै । स्थानीय आवश्यकातामा आधारित पाठ्यक्रम तथा नीति निर्माणका क्रममा स्थानीय तहका सरोकारबालाको बढी भन्दा बढी सहभागिता हुने वातावरण तयार गर्ने र त्यसबाट प्राप्त प्रतिफलमा उनीहरुकै जिम्मेबारी रहने व्यवस्था गरी विकेन्द्रिकरणको सैद्धान्तिक पक्षलाई जोड दिँदै स्थानीय पाठ्यक्रम निर्माण गर्नु अहिलेको प्रमुख आवश्यकता हो । नौगाड गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गर्दा पनि स्थानीय सरोकारवालाहरुको संलग्नतालाई विशेष महत्व दिएको छ ।

अन्त्यमा, नौगाड सेरोफेरो” नामको यो स्थानीय पाठ्यक्रममा उल्लेखित विषयवस्तुहरुको सान्दर्भिकता र औचित्यता यसको सफल र प्रभावकारी कार्यान्वयनबाट मात्र सम्भव हुनेछ । पाठ्यक्रम निर्माणमा हामीलाई सहयोग गर्नुहुने सम्पूर्णलाई धन्यबाद दिँदै यसको सफल कार्यान्वयनमा आ-आफ्नो ठाँउबाट सक्दो सहयोग प्राप्त हुने विश्वास लिएका छौं ।

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**

**नौगाड गाउँपालिका**

## १. पृष्ठभूमि:

नेपाल आफैमा विविधतायुक्त देश हो । भाषा आयोगका अनुसार नेपालमा एकतीस भाषा पहिचान गरीएको छ । एकसय पच्चिस जातजातिको संख्या रहेको देखिन्छ । भाषा र जातजातिको संख्या खोजी हुने कार्य भईरहेको पनि छ । यो संख्या अझै बढ्न सक्ने आँकलन पनि गरीएको छ । यसको अर्थ हो- भाषामा विविधता कायम छ । जातिगत विविधता पनि नेपालको पहिचान बनेको छ । धार्मिक विवधता अनुभूत गर्न सकिन्छ । यी विविधताको कारण संस्कार र चिन्तनमा एकरुपता हुने कुरै भएन । भाषिक पहिचानको सवालमा फरक-फरक मान्यात स्थापित छ । शिक्षाको सवालमा पनि फरक मतहरु छन् र हुन्छन । स्थानीय पाठ्यक्रमको सन्दर्भमा पनि फरक फरक अभ्यास भएका छन् र हुदैछन् । स्थानीय विशिष्टताको आधारमा स्थानीय पाठ्यक्रमको बनोट र संरचना पनि फरक हुन सक्छ । पाठ्यवस्तु पनि । स्रोत साधन तथा अवसर र सम्भावनाले शैक्षिक आयामहरु निर्देशित हुँदो रहेछ । समय, सन्दर्भ र परिवेश अनुरुप शिक्षाको प्रकृतिमा विविधता हुन स्वभाविक नै हो र हुन सक्छ । अभिभावकीय सोचमा पनि शिक्षा सम्बन्धी दृष्टिकोणमा समानता छैन । राजनीतिक दलहरुको शैक्षिक चिन्तनमा पनि एकरुपता छैन । कतिपय सवालमा समानता पनि । जातीविशेषको विद्यमान स्थानीय सीप र प्रविधिलाई शिक्षासँग जोड्न सकिएको छैन । तर, सीपमूलक शिक्षामा सबै क्षेत्रको रुचि र सँगबद्धता पनि आईरहेको छ । स्थानीय सीप र प्रविधि बामे सर्न लागेको अवस्था छ । “विश्वव्यापी सोचाई, स्थानीय अभ्यास” को स्थापित मान्यताको जगमा स्थानीय परिवेश सापेक्ष निर्माण गरीने स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय सरकारहरु क्रियाशील भईरहेका सुखद परिवेश पनि निर्माण हुँदै गईरहेको देखिदैछ ।

राष्ट्रिय स्तरमा निर्माण गरीने पाठ्यक्रमले स्थानीय आवश्यकता, अवसर र सम्भावनालाई सहि ढंगले सम्बोधन गर्न कठिन हुने भएकाले पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग बाञ्छनीय हुन्छ भन्ने मान्यता स्थापित भएको पाईन्छ । स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, स्थानीय समुदायको माग, सिकारुको रुचि, क्षमता एवम् अभिभावकको आवश्यकतालाई सहिढङ्गले सम्बोधन गर्न सक्ने विश्वास रहि आएको देखिन्छ । शिक्षाका विशिष्ट उद्देश्य तथा साधारण उद्देश्यलाई सिकारुसम्म पुऱ्याउने एउटा सहज मार्गको रुपमा पनि पाठ्यक्रमलाई लिने गरेको परिपेक्षमा समग्र शिक्षण-सिकाइको योजनाको रुपमा पनि पाठ्यक्रमलाई अर्थ्याउने गरेको देखिन्छ । जहाँसम्म स्थानीय पाठ्यक्रमको विषय छ, यो स्थानीय आवश्यकताको जगमा स्थानीय परिवेशसँग नजिक हुन्छ, हुनुपर्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निहीत गरेसँगै स्थानीय तहमा प्राप्त अधिकारको परिधिमा रही स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन थालेको सुखद पक्ष पनि छ । नौगाड गाउँपालिकाले पनि नौगाडको विशिष्ट परिवेशको जगमा एकिकृत रुपमा कक्षा (१-८) को पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने जमर्को गरेको हो । आर्थिक बर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम र पालिकाको स्वीकृत बजेटमा समेत शैक्षिक सत्र २०७८ देखी कक्षा (१-८) को स्थानीय पाठ्यक्रम निर्माण गरी पालिकाभित्रका सबै विद्यालयमा लागु गर्ने कार्यक्रम रहेको अवस्थामा स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी सबै सरोकारवालाहरुसँगको सार्थक सहयोगले यो पाठ्यक्रम निर्माण कार्य सफल भएको हो ।

## २. विषय प्रवेश

पाठ्यक्रम सिकाइको मार्गदर्शन हो र यो समग्र सिकाइको योजना पनि हो। शिक्षण सिकाइलाई निर्देशित गर्ने मुख्य आधारको रुपमा पनि पाठ्यक्रमलाई लिन सकिन्छ। शिक्षण-सिकाइको निर्धारक र समग्र शैक्षिक कार्यक्रमको मार्गनिर्देशन गर्ने सम्पूर्ण योजनाको एकीकृत स्वरुप भनेर पनि पाठ्यक्रमलाई परिभाषित गर्ने गरेको पाइन्छ। निर्दिष्ट सिकाइ उपलब्धि हासिल गर्न बनाइएको एउटा व्यवस्थित र योजनाबद्ध शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भन्ने प्रचलन पनि छ। राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिस्थिति तथा स्थानीय परिवेशको पृष्ठभूमिमा पाठ्यक्रम तयार गर्ने परम्परा प्रचलनमा रहदै आएको छ। स्थानीय पाठ्यक्रमलाई लुप्त (Hidden) पाठ्यक्रमको रुपमा पनि लिने र यसलाई शिक्षण सिकाइमा मात्र आवश्यकतानुसार जोड्ने कार्यपनि विगतमा हुने गरेको थियो। किन भने यसले सिकारुको रुचि र अभिभावकको आवश्यकतामा आधारित विभिन्न विषयवस्तुको समुचित ज्ञान दिन सहयोग गर्दछ।

## ३. नौगाड सेरोफेरो (स्थानीय पाठ्यक्रम) को परिचय

नौगाड गाउँपालिकामा अध्ययनरत कक्षा १-८ का बालबालिकाहरुले आफ्नो वस्तुस्थिति, स्थानीय परिवेशको बारेमा आवश्यक जानकारी पाउन सकून, स्थानीय कला, संस्कृति, कृषि, जीविकोपार्जन, प्राकृतिक, भौगोलिक, सांस्कृतिक, जातिगत, भाषिक अवस्थाबारे समुचित सूचना प्राप्त गर्न सकून भनेर यो पाठ्यक्रम निर्माण गरीएको हो। स्थनीय ज्ञान, सीप, प्रविधि, मूल्यमान्यता, संस्कार, सभ्यता र संस्कृतिसँग सुसूचित गराउँदै बालबालिकाहरुलाई स्थानीय स्रोत-साधनको पहिचान र परिचालन गर्न सहयोग पुगोस भन्ने उद्देश्यले यो पाठ्यक्रम तयार गरीएको हो। बालबालिकाहरुलाई स्थानीय ज्ञान, सीप र प्रविधिलाई उपयोग गर्दै आत्मनिर्भर हुन र जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षाका साथ निर्माण गरीएको यस पाठ्यक्रमले नौगाड र समग्र दार्चुला जिल्लाको वस्तुस्थितिको बारेमा समुचित जानकारी समेत दिनेछ। यस पाठ्यक्रममा निम्नलिखित क्षेत्रहरु समेटिएका छन्।

१. हाम्रो भाषा जातजाती र मूल्य मान्यता

२. हाम्रो भौगोलिक परिवेश र वातावरण

३. स्वस्थ्य खानपान, सरसफाई र खेलकुद

४. स्थानीय सीप र प्रविधि

५. कृषि, वन तथा जिविकोपार्जन

६. हाम्रो सम्पदा र पर्यटन

७. हाम्रा जडीवुटी तथा परम्परागत उपचार विधि

८. स्थानीय संरचना र संघ संस्थाहरु

९. विपद व्यवस्थापन र आत्मरक्षा

## ४. तहगत सक्षमता

नौगाड सेरोफेरो नामक यस स्थानीय पाठ्यक्रमले खासमा नौगाड गाउँपालिका र दार्चुला जिल्लाको परिवेशमा विद्यमान वातावरण, संस्कार, संस्कृति, जातजाति तथा समग्र वस्तुस्थितिसँग सिकारु परिचित हुन सकून भन्ने उद्देश्य राखेको छ । स्थानीय पेसा, व्यवसाय, प्रविधि, सम्पदा लगायत विविध पक्षहरुबारे सिकारुको सक्षमता हासिल गर्ने तहगत उद्देश्य पनि राखेको छ । समग्रमा नौगाड सेरोफेरो बिषयले समेटेको तहगत सक्षमतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

## आधारभूत तह (कक्षा १-५)

**यस तहको अन्त्यमा विद्यार्थीहरुले निम्नलिखित सक्षमताहरु प्राप्त गर्ने छन् ।**

१. स्थानीय वातावरण, भौगोलिक परिवेश तथा सामाजिक मूल्यमान्यताका आधारभूत पक्षहरुलाई पहिचान गर्न ।

२. सामुदायिक कार्यमा सक्रियतापूर्वक सहभागी हुन ।

३. असल परम्परा एवम् स्थानीय राम्रा अभ्यासहरुलाई आत्मसात गर्दै विविधताको सम्मान गर्न ।

४. स्थानीय पेसा, व्यवसाय एवम् जीविकोपार्जनका क्षेत्रहरु पहिचान गर्न ।

५. स्थानीय सम्पदाहरुसंग परिचित भई संरक्षण र सम्बर्द्धनमा क्रियाशील हुन ।

६. स्थानीय ऐतिहासिक, पर्यटकीय तथा पुरातात्विक सम्पदाको संरक्षण, सम्बर्धन तथा विकासमा क्रियाशील हुन ।

७. जातजाति र भाषाभाषीबीच पारस्परिक सम्बन्ध विकास गर्न र स्थानीय चाडपर्वहरुसंग परिचित हुन ।

८. स्थानीय संरचनाहरुसंग परिचित हुन एवम् विशिष्ट व्यक्तित्व तथा सहिदसँग परिचित भई सम्मान व्यक्त गर्न ।

९. स्थानीय स्रोतबाट निर्मित पोषणयुक्त खानेकुराहरुको प्रयोग गर्न तथा जंकफुड (पत्रु खाना) को नकारात्मक असरसंग सचेत रहन ।

१०. आफ्नो क्षेत्र वरपर घट्न सक्ने प्रकोप तथा विपदबारे जानकारी लिई विपद व्यवस्थापनमा जागरुक हुन र सुरक्षित विद्यालय निर्माणमा योगदान पुर्‍याउन ।

## आधारभूत तह (कक्षा ६-८)

**यस तहको अन्त्यमा विद्यार्थीहरुले निम्नलिखित सक्षमता प्राप्त गर्ने छन् :**

१. दार्चुला जिल्लाको वातावरण, भौगोलिक, परिवेश, सामाजिक मूल्यमान्यताबारे परिचित हुन ।

२. विविधताको पहिचान, सम्मान र सम्बर्द्धन गर्न ।

३. नौगाड तथा दार्चुला जिल्लाको स्थानीय पेसा, व्यवसाय एवम् जीविकोपार्जनको क्षेत्रहरु पहिचान गरी उपयुक्त पेसामा छनौट गरी जीविकोपार्जन गर्ने ।
४. नौगाडमा अवस्थित विभिन्न सम्पदाको पहिचान गरी आवश्यकता र महत्वबारे स्पष्ट हुन र सम्पदाको प्रवर्द्धन र संरक्षणमा योगदान दिन ।
५. दार्चुला जिल्लाका प्रमुख जातजाति र भाषाभाषीबारे परिचित भई पारस्परिक सम्बन्ध विकास गर्न ।
६. स्थानीय चाडपर्वहरुसँग परिचित हुन र चाडपर्वको विशेषता बताउन ।
७. स्थानीय तथा प्रादेशिक संरचनाहरुसंग परिचित हुन एवम् विशिष्ट व्यक्तित्वहरुलाई सम्मान व्यक्त गर्न ।
८. स्थानीय स्रोतबाट निर्मित पोषणयुक्त खानेकुराहरुको प्रयोग गर्न तथा जङ्कफुड (पत्रु खाना) को नकारामक असरसँग सचेत रही स्थानीय उत्पादन उपयोगमा जोड दिन ।
९. प्रकोप तथा विपदबारे जानकारी लिइ विपद व्यवस्थापनमा जागरुक हुन र सुरक्षित विद्यालय निर्माणमा योगदान पुऱ्याउन ।

## ५. विषय तथा पाठ्य/कार्यघण्टा निर्धारण

विषय: नौगाड सेरोफेरो
बार्षिक पाठ्यघण्टा: ५ (कक्षा १-३), बार्षिक कार्यघण्टा : १६०
बार्षिक पाठ्यघण्टा: ४ (कक्षा ४-८), वार्षिक कार्यघण्टा : १२८

कक्षा १-५

| क्र.सं. | क्षेत्र | कक्षा | का.घ. | कक्षा | का.घ. | कक्षा | का.घ. | कक्षा | का.घ. | कक्षा | का.घ. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो भाषा जातजाती र मूल्य मान्यता | १ | १६ | २ | १८ | ३ | १८ | ४ | १२ | ५ | १२ |
| २ | हाम्रो भौगोलिक परिवेश र वातावरण | १ | १८ | २ | १८ | ३ | १८ | ४ | १८ | ५ | १८ |
| ३ | स्वस्थ्य खानपान, सरसफाई र खेलकुद | १ | २० | २ | १८ | ३ | १८ | ४ | १४ | ५ | १५ |
| ४ | स्थानीय सीप र प्रविधि | १ | १५ | २ | २० | ३ | २० | ४ | १४ | ५ | १२ |
| ५ | कृषि, वन तथा जिविकोपार्जन | १ | २० | २ | १९ | ३ | १९ | ४ | १५ | ५ | १७ |
| ६ | हाम्रो सम्पदा र पर्यटन | १ | १६ | २ | १७ | ३ | १७ | ४ | १४ | ५ | १४ |
| ७ | हाम्रा जडीवुटी तथा परम्परागत उपचार विधि | १ | २० | २ | २० | ३ | २० | ४ | १३ | ५ | १५ |
| ८ | स्थानीय संरचना र संघ संस्थाहरु | १ | १५ | २ | १५ | ३ | १६ | ४ | १३ | ५ | १४ |
| ९ | विपद व्यवस्थापन र आत्मरक्षा | १ | २० | २ | १५ | ३ | १४ | ४ | १५ | ५ | १६ |

## कक्षा ६-८

| क्र.सं. | क्षेत्र | कक्षा | का.घ. | कक्षा | का.घ. | कक्षा | का.घ. |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो भाषा जातजाती र मूल्य मान्यता | ६ | १४ | ७ | १४ | ८ | १४ |
| २ | हाम्रो भौगोलिक परिवेश र वातावरण | ६ | १४ | ७ | १४ | ८ | १४ |
| ३ | स्वस्थ्य खानपान, सरसफाई र खेलकुद | ६ | १८ | ७ | १८ | ८ | १८ |
| ४ | स्थानीय सीप र प्रविधि | ६ | १३ | ७ | १३ | ८ | १३ |
| ५ | कृषि, वन तथा जिविकोपार्जन | ६ | १४ | ७ | १४ | ८ | १४ |
| ६ | हाम्रो सम्पदा र पर्यटन | ६ | १३ | ७ | १३ | ८ | १३ |
| ७ | हाम्रा जडीवुटी  तथा परम्परागत उपचार विधि | ६ | १४ | ७ | १४ | ८ | १४ |
| ८ | स्थानीय संरचना र संघ संस्थाहरु | ६ | १४ | ७ | १४ | ८ | १४ |
| ९ | विपद व्यवस्थापन र आत्मरक्षा | ६ | १४ | ७ | १४ | ८ | १४ |

## ६. कक्षागत सिकाई उपलब्धि (१-५)

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|
| १. स्थानीय भाषा र जातजातीसंग परिचित हुन ।<br>२. आफ्ना वरपरका ठाउँहरु र वातावरणसंग परिचित हुन ।<br>३. आफ्नो शरीरको सरसफाई गर्न ।<br>४. स्थानीय स्तरमा प्रयोगमा रहेका परम्परागत सीपहरुको परिचय दिन।<br>५. आफ्नो ठाउँमा उत्पादन हुने केही वालीनाली र तरकारीहरुको परिचित हुन ।<br>६. स्थानीय ठाउँमा रहेका केही प्रमुख सम्पदाहरुको नाम बताउन ।<br>७. आफ्ना वरपर पाईने केही जडिवुटीहरुको पहिचान गर्न ।<br>८. स्थानीय तहमा रहेका वडाहरुको संख्या बताउन ।<br>९. आफ्नो वरपरको ठाउँमा हुन सक्ने विपदसंग परिचित हुन । | १. पालिकामा बोलिने मुख्य भाषा र जातजातीहरुको बारेमा सामान्य परिचय दिन ।<br>२. नौगाड गाउँपालिकाको प्रमुख ठाउँहरुका नाम बताउन ।<br>३. पोषणयुक्त खानाहरुको सामान्य परिचय दिन ।<br>४. स्थानीय ठाउँमा प्रयोगहुने परम्परागत  सीपहरुको बारेमा वर्णन गर्न ।<br>५. घर पालुवा जनावरहरु संग परिचित भई उनीहरुको वासस्थान बताउन ।<br>६. नौगाड गाउँपालिकामा रहेका केही प्रमुख प्रयटकीय ठाउँहरुको नाम बताउन ।<br>७. आफ्ना वरपर पाईने जडीवुटीहरुको फाईदाबारे बताउन ।<br>८. आफ्नो वडासित सामान्य परिचित हुन ।<br>९. आफु बसेको ठाउँमा हुन सक्ने विपदसंग सचेत रहदै विपदवाट वच्ने उपायसंग परिचित हुन । | १. स्थानीय चाडपर्वहरुको सामान्य परिचय दिन ।<br>२. नौगाड गाउँपालिकाको वातावरणसंग परिचित हुन ।<br>३. स्थानीय स्तरमा खेलिने खेलकुदहरुसित परिचित हुन ।<br>४. स्थानीय ठाउँमा प्रयोग हुने परम्परागत सीपहरुको फाईदा बताउन ।<br>५. स्थानीय अन्नवाली, फलफुल र तरकारीहरुको महत्वको पहिचान र सदुपयोग गर्न ।<br>६. स्थानीय सम्पदाहरुको पहिचान र संरक्षण गर्न ।<br>७. स्थानीय जडीबुटीको महत्व पहिचान गर्न ।<br>८. विपद् बाट  सुरक्षित हुने उपायहरुको बारेमा बताउन । | १. नौगाड गाउँपालिकाको स्थानीय भाषा, जातजाती र चाडपर्वको विशेषता बताउन ।<br>२. नौगाड गाउँपालिकाको भौगोलिक बनावट, अवस्थिति र बिशेषता बताउन ।<br>३. स्वस्थ खाना, सरसफाई र खेलकुदका फाईदाहरु बताउन ।<br>४. स्थानीय स्तरका परम्परागत सीपहरुको उपयोगिता बताउन ।<br>५. अन्नबाली, बनसम्पदा र जिविकोपार्जनका लागि स्थानीय स्तरमा चालेका कदमहरुलाई निरन्तरता दिन ।<br>६. नौगाड गाउँपालिका अन्तरगतका प्राकृतिक सम्पदाहरु पर्यटकीय स्थलको रुपमा चिनी तद्अनुरुप उपयोग गर्न ।<br>७. स्थानीय स्तरमा उपलब्ध परम्परागत उपचार विधि प्रयोग गर्न ।<br>८. स्थानीय स्तरमा उपलब्ध संघ संस्थाहरुको सूची बताउन ।<br>९. विपदवाट आउने जोखिमबाट बच्न आत्म रक्षाका उपायहरु अबलम्बन गर्न । | १. नौगाड गाउँपालिकाको स्थानीय भाषा, जातजाती र चाडपर्वको साथै मानविय मुल्य मान्यताहरुको महत्व बताउन ।<br>२. नौगाड गाउँपालिकाको भौगोलिक संरचना, प्राकृतिक वातावरणको परिचय र महत्व बताउन ।<br>३. स्वस्थ खानपान, सरसफाई र शारीरिक व्यायामहरुको आवश्यकता बताउन ।<br>४. स्थानीय स्तरका परम्परागत सीपहरु र प्रविधिहरुको प्रयोग र संरक्षणका उपाय बताउन ।<br>५. बन सम्पदाको महत्व र संरक्षणका उपायहरु बताउन ।<br>६. प्राकृतिक सम्पदाहरुको संरक्षणबाट हुने फाईदाहरु बताउन र संरक्षण गर्न ।<br>७. परम्परागत उपचार विधिलाई टोल छिमेकमा अवलम्बन गर्न सुझाव दिन ।<br>८. स्थानीय संघ संस्थाले गर्ने कार्यहरुको जानकारी लिन ।<br>९. विपदवाट हुने जोखिमहरुबाट बच्न आत्मरक्षाका उपायहरु बताउन । |

## ७. कक्षागत सिकाई उपलब्धि (६-८)

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|
| १. नौगाड गाउँपालिका अन्तर्गतका जातजाति, भाषाभाषी र तिनका संस्कार तथा चाडपर्वहरुसंग परिचित हुन ।<br>२. नौगाड गाउँपालिकाको भौगोलिक स्वरुप र विशेषता बताउन ।<br>३. नौगाड गाउँपालिकाले स्वक्ष वातावरण निर्माणका लागि सार्थक अभ्यासहरुको परिचय दिन ।<br>४. स्वक्ष्य वातावरणका सकारात्मक पक्षहरुलाई आत्मसात गर्ने ।<br>५. स्थानिय स्तरमा उत्पादन हुने पोषण युक्त खानेकुराहरुको पहिचान निर्माण र प्रयोग गर्ने ।<br>६. उचित खानपिन तथा सरसफाईको प्रयोग गर्न ।<br>७. स्थानिय स्तरमा खेलिने खेलहरुको पहिचान गरी अभ्यास गर्न ।<br>८. मर्यादित महिनावारी संग परिचित हुन ।<br>९. स्थानीय सीप एवम् प्रविधि संरक्षणमा योगदान दिन ।<br>१०. स्थानीय स्तरमा पाईने स्रोत साधनको कच्चा पदार्थहरुबाट बन्ने सामग्रीबारे परिचित हुन ।<br>११. नौगाड गाउँपालिकामा प्रचलनमा रहेका परम्परागत पेसा र व्यवसायको पहिचान गर्ने ।<br>१२. नौगाड गाउँपालिका भित्रको कृषि, पशुपालन तथा तरकारी खेतीको अवस्था विश्लेषण गर्न ।<br>१३. वन संरक्षणका उपायहरु वताउन ।<br>१४. ऐतिहासिक तथा धार्मिक नागेश्वरधामको गौरव गाथा आत्मसात गर्न ।<br>१५. नौगाड गाउँपालिकामा रहेका सम्पदाहरुको | १. नौगाड गाउँपालिका भित्रका प्रमुख जातजातिका जातिगत पहिचान र उनीहरुको मौलिकताको संरक्षण गर्न ।<br>२. नौगाड गाउँपालिकाको भौगोलिक संरचना र प्राकृतिक वातावरण पहिचान गर्न ।<br>३. वातावरण संरक्षणका परम्परागत प्रचलनलाई प्रयोग गर्न तथा आधुनिक गतिविधिहरुलाई मानव हितमा उपयोग गर्न ।<br>४. वातावरण संरक्षणमा कृयाशिल समूह तथा संघसंस्थाहरुको भूमिका ।<br>५. पोषण खानपिन तथा सरसफाईका स्थानिय अभ्यासहरुको संरक्षणका साथै पोषण युक्त खानाको उपयोग गर्न ।<br>६. जंक फुड तथा तयारी खानाका नकारात्मक पक्षहरुको प्रति सजक हुन ।<br>७. स्थानीय स्तरमा खेलिने खेलकुदहरुको महत्व बताउन ।<br>८. मर्यादित महिनावारी तथा नियमित सरसफाई गरी सेनेटरी प्याडको प्रयोग गर्न ।<br>९. स्थानीय व्यवसाय सीप एवं प्रविधिको संरक्षण गर्दै कृषि तथा गैरकृषि व्यवसायमा प्रयोग हुन परम्परागत र आधूनिक प्रविधिहरु प्रति परिचित हुन ।<br>१०. स्थानीय स्तरमा पाईने स्रोत साधनबाट बन्ने सामग्रीहरुको उपयोगिता बताउन ।<br>११. नौगाड गाउँपालिकामा रहेका परम्परागत पेसा व्यवसायहरुको परिचय दिन ।<br>१२. नौगाड गाउँपालिकामा बिभिन्न कृषि तथा गैर कृषि व्यवसाय र आयआर्जन कार्यक्रम संग परिचित हुन ।<br>१३. बन संरक्षण र बृक्षारोपणका फाईदा बताउन ।<br>१४. ऐतिहासिक तथा धार्मिक नागेश्वरी धामको विकास र प्रचार प्रसारमा नौगाड गाउँपालिका तथा अन्य संघ संस्थाले गरेको योगदान संग परिचित हुन । | १.दार्चुला जिल्ला भरिका प्रमुख जातजाती तथा उनिहरुका भाषा, चाडपर्ब र मूल्यमान्यताहरुको सामान्य परिचय दिन ।<br>२. दार्चुला जिल्लाको समग्र भौगोलिक तथा प्राकृतिक अवस्था संग परिचित हुन ।<br>३. दार्चुला जिल्लाको वातावरणीय अवस्था संग परिचित हुन ।<br>४. वातावरण संरक्षण गर्ने उपायहरु अवलम्बन गर्न ।<br>५. स्थानीय स्तरमा पोषण युक्त खाना तथा पेय पदार्थ निर्माण गर्न र उपयोग गर्न ।<br>६. पोषणयुक्त घरेलु परिकार निर्माण गर्न ।<br>७. स्थानीय स्तरमा खेलिने खेलहरुमा सहभागी हुन ।<br>८. स्थानीय सामग्रीबाट सेनेटरी प्याड निर्माण गरी प्रयोग गर्न ।<br>९. स्थानीय व्यवसाय, सीप एवं प्रविधिको संरक्षणमा भएका प्रयासहरु संग परिचित भई पेसा व्यवसाय सम्बर्धनमा आधूनिक प्रविधिको उपयोग गर्न ।<br>१०. स्थानीय स्तरमा पाईने स्रोत साधनहरुलाई प्रयोग गरी सामान्य बस्तुहरुको निर्माण गर्न ।<br>११. दार्चुला जिल्लामा उपयोग गरीएका विभिन्न पेसाहरुको आवश्यकता, महत्व र सान्दर्भिकता पहिचान गरी उपयुक्त पेसा अवलम्बन गर्न ।<br>१२. उखु, आलु, पलम तथा अन्य स्थानीय कृषि तथा गैर कृषि व्यवसायको परिचय र महत्व दिन ।<br>१३. वन संरक्षणका उपाय र वन विनासका कारण पहिचान गरी वृक्षारोपण कार्यमा सरिक हुन ।<br>१४. दार्चुला जिल्लाका ऐतिहासिक तथा धार्मिक सम्पदाको पहिचान र संरक्षण गर्न । |

| | | |
|---|---|---|
| पहिचान र संरक्षण गर्न ।<br>१६. नौगाड गाउँपालिका भित्र उपलब्ध हुने जडीबुटीहरुको पहिचान गरी घरेलु र जंगली जडीबुटीहरु छुट्याउन ।<br>१७. स्थानीय स्तरमा उपलब्ध हुने जडीबुटीहरुको परम्परागत उपचार विधि संग परिचित हुन ।<br>१८. नौगाड गाउँपालिकाको वडागत संरचनाको परिचय दिन ।<br>१९. गाउँपालिका स्तरमा रहेका समूह, संघसंस्था सरकारी तथा गैर सरकारी संस्थाहरुसित परिचित हुन ।<br>२०. प्राकृतिक प्रकोप तथा अन्य प्रकोप बारे जानकारी लिई प्रकोप तथा विपदबाट जोगिने सामान्य उपायहरु अवलम्बन गर्न । | १५. छिपुल्थान लगायतका पर्यटकीय गन्तब्यहरुको पहिचान तथा विकास र प्रचार प्रसार गर्न ।<br>१६. स्थानीय स्तरमा अवलम्बन हुने जडीबुटीहरुमा जंगली र घरेलु जडीबुटीहरुको उपयोग तथा महत्व बताउन ।<br>१७. स्थानीय स्तरमा उपलब्ध हुने जडीबुटीको सामान्य प्राथमिक उपचारमा जडीबुटीको उपयोग गर्न ।<br>१८. नौगाड गाउँपालिकाको सांगठनिक ढाँचा, वडागत संरचना र तिनको काम, कर्तब्य र अधिकार बारे पहिचान गर्न ।<br>१९. स्थानीय स्तरमा रहेका सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको नाम तिनको काम र उक्त संघ संस्थाहरुबाट स्थानीय बासिहरुले पाएका सुविधाहरुको सूचि तयार पार्न ।<br>२०. विपतका कारण र असर पहिचान गरी व्यवस्थापनका उपयुक्त पद्धति अवलम्बन गर्न । | १५. दार्चुला जिल्लामा रहेका प्रमुख धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको महत्व बताउन ।<br>१६. दार्चुला जिल्लाका बनजंगलमा उपलब्ध हुने जडीबुटी तथा घरेलु जडीबुटीको उपयोग तथा संरक्षण गर्न ।<br>१७. स्थानीय स्तरमा उपलब्ध हुने जडीबुटी परम्परागत उपचारमा उपयोग गरी आधुनिक उपचारको कच्चा पदार्थ जडीबुटीहो भन्ने जानकारी लिन ।<br>१८. दार्चुला जिल्लामा रहेका स्थानिय तह र तिनिहरुको सांगठनिक ढाँचा र संरचना तथा तिनको काम, कर्तब्य र अधिकार संग परिचित हुन ।<br>१९. दार्चुला जिल्लामा रहेका सरकारी तथा गैरसरकारी संस्था, विभिन्न समूह र संस्थाहरुबाट जिल्लाबासीले पाउने गरेका र पाउन सक्ने सुबिधाको सूची तयार पार्न ।<br>२०. सूरक्षित बासस्थान पहिचान गर्न तथा विपद व्यवस्थापनमा सहयोग गर्न । |

## ८. बिषय क्षेत्र तथा क्रम निर्धारण

### कक्षा १-५

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| १.नौगाड गाउँपालिकाको भाषा, जातजाती र मुल्य मान्यता | • नौगाड गाउँपालिकाका जातजाती, भाषा र परम्परा | • नौगाडका जातजाती भाषा र परम्परा । | • हाम्रो भाषा ।<br>• जातजाती र मुल्य मान्यता । | • हाम्रो भाषा ।<br>• हाम्रा जातजाती र मुल्य मान्यता । | • हाम्रा भाषा<br>• हाम्रा जातजाती र मुल्य मान्यता |
| २.हाम्रो भौगोलिक परिवेश र वातावरण | • नौगाड गा.पा. को भौगोलिक परिवेश ।<br>• नौगाड गा.पा. को वातावरण | • नौगाडको भौगोलिक परिवेश ।<br>• नौगाडको वातावरण । | • हाम्रो भौगोलिक परिवेश ।<br>• हाम्रो वातावरण । | • हाम्रो भौगोलिक क्षेत्र ।<br>• हाम्रो वातावरण । | • हाम्रो भौगोलिक क्षेत्र ।<br>• हाम्रो वातावरण । |
| ३.स्वस्थ्य खानपान, सरसफाई र खेलकुद | • हाम्रो स्वास्थ्य ।<br>• सरसफाई<br>• खेलकुद | • हाम्रो स्वास्थ्य र खानपान ।<br>• हाम्रा स्थानीय खेलहरु । | • सन्तुलित खाना ।<br>• सरसफाई ।<br>• स्थानीय खेल । | • हाम्रो स्वास्थ्य तथा उचित खानपान ।<br>• सरसफाई र खेलकुदहरु । | • हाम्रो स्वास्थ्य तथा उचित खानपान ।<br>• सरसफाई र खेलकुद । |
| ४. स्थानीय सीप र प्रविधि | • नौगाड गा.पा. का स्थानीय सीप ।<br>• परम्परागत प्रविधि | • स्थानीय सीपहरु ।<br>• हाम्रा प्रविधि । | • स्थानीय स्तरमा प्रयोग गरीने सीपहरु ।<br>• हाम्रा प्रविधिहरु । | • हाम्रा स्थानीय सीपहरु ।<br>• परम्परागत प्रविधिहरु । | • नौगाडका स्थानीय सीप ।<br>• स्थानीय प्रविधिहरु । |
| ५. कृषि, वन तथा जिविकोपार्जन | • अन्नवाली ।<br>• हाम्रो वन सम्पदा ।<br>• हाम्रो आम्दानी । | • खाद्यान्न वाली ।<br>• वनसम्पदा ।<br>• आम्दानीका मुलभुत स्रोतहरु । | • खाद्यान्न वाली ।<br>• वन पैदावर ।<br>• आम्दानिक स्रोतहरु । | • खाद्यानवाली ।<br>• वन पैदावर ।<br>• आम्दानीका स्रोतहरु । | • नौगाडमा प्रचलित कृषि कार्य ।<br>• वन सम्पदा ।<br>• जनजिविका । |
| ६. हाम्रो सम्पदा र पर्यटन | • नौगाड गा.पा. का सम्पदाहरु ।<br>• हाम्रो पर्यटन क्षेत्र । | • हाम्रो प्राकृतिक सम्पदा ।<br>• पर्यटन । | • हाम्रो सम्पदा ।<br>• हामो पर्यटन । | • हाम्रो सम्पदा ।<br>• हाम्रो पर्यटन । | • हाम्रा प्राकृतिक सम्पदाहरु ।<br>• पर्यटन पूर्वाधार । |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. हाम्रा जडीवुटी तथा परम्परागत उपचार विधि | • हाम्रो वरपरका जडीवुटीहरु । <br>• घरेलु उपचार र रोकथाम । | • स्थानीय जडीबुटीहरु । <br>• घरेलु उपचार । | • नौगाड गाउँपालिकामा पाईने जडीबुटिहरु । <br>• घरेलु उपचार । | • नौगाडमा पाईने जडीबुटीहरु । <br>• घरेलु उपचार विधि । | • हाम्रा जडीवुटीहरु । <br>• घरेलु उपचार विधि । |
| ८. स्थानीय संरचना र संघ संस्थाहरु | • नौगाड गा.पा. भित्रका सरकारी भवनहरु । <br>• हाम्रा स्थानीय संघसंस्थाहरु । | • नौगाड गाउँपालिकाका संरचनाहरु । <br>• हाम्रा स्थानीय संघ संस्थाहरु । | • नौगाडका सार्वजनिक संरचनाहरु । <br>• स्थानीय संघ संस्थाहरु । | • नौगाड गाउँपालिका भित्रका संरचना । <br>• स्थानीय संघ संस्थाहरु । | • नौगाडका कृतिम संरचनाहरु । <br>• स्थानीय संघ संस्थाहरु । |
| ९.विपद व्यवस्थापन र आत्मरक्षा | • विपदको परिचय । <br>• आत्म सुरक्षा । | • विपदको परिचय । <br>• आत्मरक्षामा तयारीहरु । | • दैविक प्रकोपका प्रकार । <br>• आत्म रक्षाका उपाय । | • दैविक प्रकोप । <br>• आत्मरक्षाका उपाय । | • दैविक प्रकोप । <br>• विपदका कुराहरु । <br>• सुरक्षित जिवन । |

## कक्षा ६-८

| **विषय क्षेत्र** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|---|
| १.हाम्रो भाषा, जात जाती र मुल्य मान्यता | • स्थानीय जातजाती र भाषा । | • स्थानीय जातजाती र भाषा । <br>• स्थानीय चाडपर्वहरु । | • स्थानीय जातजाती र भाषा । |
| २. भौगोलिक परिवेश र वातावरण | • स्थानीय भूगोल र वातावरण । | • स्थानीय भूगोल र वातावरण । | • भौगोलिक परिवेश र स्थानीय वातावरण । |
| ३. स्वस्थ्य खानपिन, सरसफाई र खेलकुदहरु | • पोषण र खानपान । <br>• स्वास्थ्य र सरसफाई । <br>• खेलकुद । | • पोषण र खानपान । <br>• स्थानीय खेलकुदहरु । <br>• स्वास्थ्य र सरसफाई । | • स्वस्थ्य खानपान । <br>• सरसफाई <br>• स्थानीय खेलकुद |
| ४. स्थानीय सीप र प्रविधि | • स्थानीय सीप र प्रविधि | • स्थानीय सीप र प्रविधि । | • स्थानीय सीप र प्रविधि । |
| ५. कृषि, बन तथा जिविकोपार्जन | • स्थानीय पेसा, व्यवसाय र जिविकोपार्जन । <br>• जिविकोपार्जन गर्न । <br>• स्थानीय वन जंगल । | • स्थानीय पेसा तथा व्यवसाय । <br>• बनजंगल । <br>• जिविकोपर्जनका आधारहरु । | • कृषि । <br>• वन जंगल । <br>• जिविकोपार्जन । |
| ६. हाम्रो सम्पदा र पर्यटन | • स्थानीय सम्पदा । | • स्थानीय सम्पदा । <br>• पर्यटन । | • स्थानीय सम्पदा । <br>• पर्यटन । |
| ७. हाम्रो जडीबुटी तथा | • हाम्रो जडीबुटी । | • हाम्रा जडीबुटीहरु । | • हाम्रो जडीबुटी । |

| | | | |
|---|---|---|---|
| परम्परागत उपचार विधि | • परम्परागत उपचार विधि । | | • परम्परागत उपचार विधि । |
| ८. स्थानीय संरचना र संग संस्था | • स्थानीय संरचना ।<br>• संघ संस्थाहरु । | • स्थानीय संरचना ।<br>• स्थानीय संघ संस्थाहरु । | • संरचना ।<br>• स्थानीय संघ संस्थाहरु । |
| ९. विपद व्यवस्थापन र आत्मरक्षा | • विपद व्यवस्थापन ।<br>• आत्मरक्षा । | • विपद व्यवस्थापन र आत्मरक्षा । | • विपद व्यवस्थापन ।<br>• आत्मरक्षा । |

## ९. बिषय क्षेत्र विस्तृतीकरण

यहाँ कक्षागत रुपमा विषय वस्तुको विस्तृतिकरण तालिका प्रस्तुत गरीएको छ । यस अन्तरगत बिषय क्षेत्र, सिकाई उपलब्धी, सम्भावित सिकाई सहजीकरण क्रियाकलाप, सम्भावित मूल्यांकन प्रकृया र अनुमानित कार्यघण्टा समावेश गरीएको छ ।

**कक्षा १**

| विषय क्षेत्र | बिषय वस्तु | बिषय वस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १.नौगाड गाउँपालिकाको भाषा, जातजाती र मुल्य मान्यता | नौगाड गाउँपालिकाका जातजाती, भाषा र परम्परा | • नौगाड गा.पा. भित्रका जातजातीको नाम र भाषा ।<br>• स्थानीय क्षेत्रमा मनाईने चाडपर्वहरु । | • कक्षाका विद्यार्थिहरु कुन कुन जाताका छन समूहमा विभाजन गर्ने ।<br>• गाउँघरमा बोलिने भाषा व्यक्त गर्न लगाउने ।<br>• स्थानीय चाडपर्वहरुको सूचि देखाउने र हाम्रो गाउँमा कुन कुन चाडपर्व मनाईन्छन प्रश्न गर्ने । | • सिकारु स्वयमको जातजाती र भाषा के हो भनेर प्रश्न गर्ने ।<br>• हाम्रा स्थानीय ठाउँमा मनाईने चाडपर्वहरु कुन कुन हुन ?<br>• तिम्रा साथिले कुन भाषा वोल्नुहुन्छ ? | १६ घण्टा |
| २.हाम्रो भौगोलिक परिवेश र वातावरण | • नौगाड गा.पा. को भौगोलिक परिवेश ।<br>• नौगाड गा.पा. को वातावरण । | • नौगाड गा.पा. को भौगोलिक अवस्था ।<br>• नौगाड गा.पा. को वातावरण । | • नौगाड गा.पा. को भौगोलिक अवस्था झल्किने चित्र, तस्वीर र चार्टको प्रयोग गरी सिकाउने ।<br>• यहाँको वनजंगल, खोलानालाको बारेमा जानकारी गराई उक्त अवस्थाको पहिचान गर्न चित्र, तस्वीर, चार्टको प्रयोग गरी शिक्षण गर्न सकिन्छ । | • आफ्ना वरपरका भौगोलिक क्षेत्रहरुको नाम भन्न लगाउने ।<br>• नौगाड गा.पा. भित्र पाईने मुख्य वनजंगल, खोलानाला, नदी आदिको नाम सोध्ने । | १८ घण्टा |
| ३.स्वस्थ्य खानपान, सरसफाई र खेलकुद | • हाम्रो स्वास्थ्य ।<br>• सरसफाई<br>• खेलकुद | • हाम्रो स्वास्थ्य अवस्था ।<br>• सरसफाईको महत्व ।<br>• स्वास्थ्यका लागि खेलकुद । | • स्वस्थ्य र कुपोषण भएको चित्र अवलोकन गराउने ।<br>• सन्तुलित भोजन (खाना) खाएको पोष्टर प्रदर्शन गरी प्रश्नोत्तर गर्ने ।<br>• सफा सुघ्घर र फोहर वातावरणको चित्र | • विद्यार्थिहरुलाई समूहगत र व्यक्तिगत रुपमा स्वस्थ हुन कस्ता खानेकुरा खानुपर्छ ?<br>• फोहर पानि पिउनाले के हुन्छ भनेर सोध्ने । | २० घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अवलोकन गराउने र तत् सम्बन्धी छलफल गर्ने ।<br>• विभिन्न स्थानीय खेलहरुको सूची देखाउने ।<br>• खेल खेल्दा हुने फाईदा वोर्डमा टिपोट गरी देखाउने । | • सरसफाई गर्न किन आवश्यक छ ? के नगरेमा वातावरण विग्रन्छ जस्ता प्रश्नहरु सोध्ने ।<br>• स्थानीय स्तरमा खेलिने खेलहरुको नाम भन्न लगाउने ।<br>• तपाईले मन पराएको खेल कुन हो आदि प्रश्न गर्ने । | |
| ४. स्थानीय सीप र प्रविधि | • नौगाड गा.पा. का स्थानीय सीप ।<br>• परम्परागत प्रविधि | • स्थानीय सीप र तिनिहरुको प्रयोग ।<br>• स्थानीय स्तरमा प्रयोग गरीएका प्रविधिहरु । | • विभिन्न आयआर्जन संग सम्बन्धीत पोष्टर अवलोकन गर्न लगाउने ।<br>• बाँस, नियालो, रम्वास, अल्लो बाट बनाऊन सकिने वस्तुहरुबारे छलफल र प्रश्नोत्तर गर्ने । | • तपाईको गाउँका स्थानीय सीपहरु के के हुन ?<br>• बाँस, नियालो भाङ्गोबाट के के बनाऊन सकिन्छ ?<br>• स्थानीय प्रविधि अन्तरगत के-के कुरा पर्दछन जस्ता प्रश्न गर्ने । | १५ घण्टा |
| ५. कृषि, वन तथा जिविकोपार्जन | • अन्नवाली ।<br>• हाम्रो वन सम्पदा ।<br>• हाम्रो आम्दानी । | • हाम्रा विभिन्न खाद्यान बालिहरु ।<br>• हाम्रो वनसम्पदा र तिनको उपयोग ।<br>• जिविकोपार्जनका लागि उत्पादनाका स्रोतहरु । | • पानी घट्ट, मुसा मार्ने पासो आदिको अवलोकन भ्रमण गराउने ।<br>• विभिन्न किसिमका खाद्यान्न वालिनालिहरुको नाम भन्न र सूची तयार पार्न लगाउने ।<br>• वनसम्पदा सम्बन्धी पोष्टर तथा चित्रहरु प्रदर्शन गर्ने ।<br>• हाम्रो आयआर्जन गर्न सकिने विभिन्न बस्तुहरुको नाम भन्न लगाउने र ति वस्तुहरुको सूचि तयार गर्ने । | • हाम्रा खाद्यान्न वालिहरुको नाम के के भनि सोध्ने ।<br>• स्थानीय स्तरमा रहेका वनस्पतिहरु के-के हुन भनि प्रश्न गर्ने ।<br>• हाम्रा आयआर्जनका स्रोतहरु के-के हुन भनि सोध्ने । | २० घण्टा |
| ६. हाम्रो सम्पदा र पर्यटन | • नौगाड गा.पा. का सम्पदाहरु ।<br>• हाम्रो पर्यटन क्षेत्र । | • हाम्रा विभिन्न सम्पदाहरु ।<br>• हाम्रो पर्यटन क्षेत्र र यसको विकास । | • सम्पदा भनेको के हो भनि पालै पालो प्रश्न गर्ने र विभिन्न सम्पदाहरुको तस्विर देखाई अवलोकन गर्न लगाउने ।<br>• पर्यटन क्षेत्रका बारेमा छलफल गरी सम्भावित पर्यटन क्षेत्रको नाम भन्न लगाउने ।<br>• छिपुलथान तथा सिद्दटोपी हाम्रा पर्यटकीय क्षेत्रहुन भनि यीठाउँको प्रतक्ष भ्रमण गर्ने । | • नौगाड गा.पा. भित्रका सम्पदा के-के छन नाम भन्न लगाउने ।<br>• नौगाडको सम्भावित पर्यटकीय क्षेत्र कुन -कुन हुन र ती कहाँ अवस्थित छन भनि पालै पालो प्रश्न गर्ने । | १६ घण्टा |
| ७. हाम्रा जडीवुटी | • हाम्रो वरपरका | • नौगाडमा पाईने | • नौगाडमा उपलब्ध स्थानीय जडीबुटी तिते | • हाम्रो वरपर पाईने जडीबुटीहरु के- | २० घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| तथा परम्परागत उपचार विधि | जडीवुटीहरु ।<br>• घरेलु उपचार र रोकथाम । | जडीबुटीहरु ।<br>• घरेलु उपचार तथा रोकथामका उपायहरु । | पाती, चिराईतो, हलेदा, दालचिनी, भङ्खोपरे, सतुवा, डुल, टिमुर जस्ता जडीबुटीहरुको श्रब्य चित्र प्रदर्शन गर्ने ।<br>• सामान्य रुघाखोकी, हाड कम्मरको दुखाई, सामान्य चोटपटकमा प्रयोग गरीने ओखती र उपचार विधि नुन पानी, रुखको बोक्रा आदि फरक-फरक कुराहरु बताउने ।<br>• समस्या अनुसार पट्टी बाँध्ने तन्काउने पानिमा डुवाउने खुम्च्याउने क्रियाकलाप गर्ने भनि प्रष्ट पार्ने । | के हुन ?<br>• तिते पातिको प्रयोग कुन समस्या भएमा गर्न सकिन्छ भनि सोध्ने ।<br>• आगोले पोलेमा, रुघा खोकि लागेमा घरैमा बसेर के गर्दा निको हुन्छ जस्ता प्रश्न गर्ने । | |
| ८. स्थानीय संरचना र संघ संस्थाहरु | • नौगाड गा.पा. भित्रका सरकारी कार्यालयहरु ।<br>• हाम्रा स्थानीय संघ संस्था । | • नौगाड गाउँपालिकाको कार्यालय ।<br>• गैर सरकारी संस्थाहरु | • गाउँ टोलमा रहेका सरकारी कार्यालयहरु कुन-कुन टोलमा के छन भनि सोध्ने ।<br>• वडा कार्यालय भवनको अवलोकन भ्रमण गर्न लगाउने ।<br>• गाउँपालिकाको कार्यालय भवनको चित्र, पोष्टर, सम्भवभए डकुमेन्ट्री समेत प्रदर्शन गर्ने ।<br>• पालिका भित्र रहेका गैर सरकारी संघ संस्थाहरुको सूची देखाई प्रश्नोत्तर गर्ने ।<br>• बाटोघाटो, पुल, पाटी पौवा तथा चौताराजस्ता मानव निर्मित संरचनाहरुको चिनारी गराउने । | • हाम्रो गाउँमा के कस्ता सार्वजनिक संरचना बनेका छन ? वडा कार्यालय भवन कुन टोलमा छन् । घोरेटोबाटो कुन कुन टोलमा बनेको छ भनि प्रश्न गर्ने र समाधान गर्ने ।<br>• सहकारी, हुलाक तथा स्वास्थ्य चौकिमा के कस्ता सुविधा लिन जाने भनि सोध्ने र समाधान गर्ने । | १५ घण्टा |
| ९.विपद व्यवस्थापन र आत्मरक्षा | • विपदको परिचय ।<br>• आत्म सुरक्षा । | • विपदको परिचय र व्यवस्थापन ।<br>• आत्म सुरक्षा र यसको फाईदा । | • विपदको बारेमा उल्लेखित विभिन्न चित्र, पोष्टर, पम्पलेट तथा नजिकको विपदबाट जोखिम भएका क्षेत्र भन्न लगाउने र चित्र प्रदर्शन गर्ने ।<br>• आत्मरक्षा भनेको के हो ? कसरी आत्म सुरक्षा गर्न सकिन्छ भनेर पालैपालो प्रश्न गर्ने र यसबाट बच्ने उपायहरुको बारेमा स्पष्ट पार्ने । | • विपद भनेको के होला यसले के असर गर्छ भनि प्रश्न गर्ने ।<br>• विपद व्यवस्थापन गर्न सकिने कुनै २ वटा उपायहरु भन्ने ।<br>• आत्म सुरक्षा बाट के-के फाईदा हुन्छ तथा कसरी आत्मसुरक्षा गर्न सकिन्छ भनि प्रश्न गर्ने । | २० घण्टा |

## कक्षा २

| विषय क्षेत्र | बिषय वस्तु | बिषय वस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १.नौगाडको भाषा जातजाती र मुल्य मान्यता | • नौगाडका जातजाती भाषा र परम्परा । | • नौगाडका बिभिन्न क्षेत्रमा बस्ने जातजातीहरु । | • धामी, ठगुन्ना, बोहरा, डडाल, महरा, टमटा लगायत स्थानीय स्तरमा अस्तित्वमा रहेका जातजातीहरु र उनिहरुले बोल्ने भाषाका बारेमा कक्षाकोठामा छलफल गर्न । प्रश्नोत्तर मेटाकार्डमा जातताती तथा भाषा भाषीको नाम लेखि स्पष्ट पारिदिने । | • आफ्नो वरपर रहेका जातजातीको नाम र तिनले बोल्ने भाषाको बारेमा सोध्ने र पालिकामा बोलिने भाषा सम्बन्धमा प्रश्नोत्तर गर्ने । | १८ घण्टा |
| २. हाम्रो भौगोलिक परिवेश र वातावरण | • नौगाडको भौगोलिक परिवेश ।<br>• नौगाडको वातावरण । | • नौगाडको विभिन्न क्षेत्रको भौगोलिक परिवेशको बारेमा बुझ्न ।<br>• नौगाडको वातावरण बारेमा सामान्य जानकारी पाउन । | • वरपर रहेको भौगोलिक क्षेत्रको बारेमा देखाएर यहाँको विविध ठाउँको बारेमा सुसुचित गराउन सकिन्छ ।<br>• हाम्रो वातावरणमा पाईने नदी, खोला, पोखरी, मैदान, वनजंगल आदिको भ्रमण अवलोकन गराएर पनि सिकाई सहजीकरण गर्न सम्भव हुन्छ । | • सिकारुको वरीपरी रहेको भौगोलिक क्षेत्रको बारेमा प्रतक्ष देखाएर त्यो कुन ठाउँहो कस्तो ठाउँमा छ कहाँ पर्छ जस्ता प्रस्नोत्तर गर्ने ।<br>• वरपर पाईने जीवजन्तु र वातावरणको सन्दर्भमा प्रश्नोत्तर विधि सोधपुछ विधि प्रयोग गर्ने । | १८ घण्टा |
| ३. स्वास्थ्य, खानपान, सरसफाई र खेलकुद | • हाम्रो स्वास्थ्य र खानपान ।<br>• हाम्रा स्थानीय खेलहरु । | • पोषणयुक्त खाना स्वस्थ जिवन ।<br>• स्थानीय खेलबाट हुने शारिरीक व्यायाम । | • हाम्रो स्वास्थ्यलाई स्वस्थ राख्न उपयुक्त खानेकुराको आवश्यकता हुन्छ र यसले शरीरलाई फाईदा दिन्छ भन्ने बारेमा सिकारुबिच छलफल गर्ने ।<br>• स्थानीय खेलहरुको सूची तयार पारी खेल कसरी खेल्न सकिन्छ भनि प्रश्न गर्दै ति खेल खेल्ने बारे केही तरिकाहरु विद्यार्थिहरुका माझ तिनलाई सहभागि गराएर खेल्न लगाउने । | • शरीरलाई सधै स्वस्थ्य राख्न के-के खानेकुराहरुको आवश्यकता हुन्छ भनी प्रश्नोत्तर गर्ने ।<br>• स्थानीय खेल बाट के-के फाईदा हुन्छ ति फाईदाहरुको बारेमा भन्न लगाउने । | १८ घण्टा |
| ४. स्थानीय सीप र प्रविधि | • स्थानीय सीपहरु ।<br>• हाम्रा प्रविधि । | • स्थानीय सीपहरुको पहिचान गराउन । | • स्थानीय स्तरमा विभिन्न कामका लागि प्रयोग गरीने हाम्रा स्थानीय सीप हरुको सूची तयार | • हाम्रा घरमा प्रयोग गरेका स्थानीय प्रविधिबाट बनेका सामग्री के-के | २० घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • हाम्रा परम्परागत प्रविधि प्रयोगमा जोर । | गर्न लगाउने , हाम्रा सीपहरुको बारेमा छलफल तथा प्रश्नोत्तर गरी प्रष्ट्याउन सकिन्छ ।<br>• हाम्रा प्रविधि के-के रहेका छन भनेर टिपोट गर्न लगाउने, सिकारु विच आफ्ना घरमा प्रयोगमा आएका सामग्री भन्न लगाउने, सामग्री देखाउने र ती सामग्री हाम्रै प्रविधिबाट निर्माण गरीएका छन भनि प्रश्नोत्तर तथा छलफल गराउने । | छन? कुन प्रविधिबाट फाईदा लिन सकिन्छ भनेर प्रश्न गर्ने तथा भन्न लगाउने । | |
| ५. कृषि वन तथा जिविकोपार्जन | • खाद्यान्न वाली ।<br>• वनसम्पदा ।<br>• आम्दानीका मुलभुत स्रोतहरु । | • स्थानीय स्तरमा उत्पादन हुने विभिन्न खाद्यान वालिहरु ।<br>• वनसम्पदा र तिनको संरक्षण ।<br>• जिविकोपार्जनका विभिन्न तरिकाहरु । | • स्थानीय स्तरमा हुने विभिन्न खाद्यान्न वालिहरुको नाम भन्न लगाउने, तिनिहरुको सूची तयार गरी छलफल तथा प्रश्नोत्तर गरी प्रष्ट्याउन सकिन्छ ।<br>• वनसम्पदाहरुको सूची तयार गर्न लगाउने, वनसम्पदा सम्बन्धि चित्र र पोष्टर देखाएर पढ्न लगाउने ।<br>• विभिन्न आयआर्जका स्रोतहरुको नामाकरण भन्न लगाउने र तिनवाट हुने फाईदाहरुको बारेमा छलफल गरी प्रष्ट गर्न सकिन्छ । | • स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न वालिहरु के-के हुन भनि एकल रुपमा र सामुहिक रुपमा प्रश्न गर्ने ।<br>• वनसम्पदा भित्र के-के पर्छन भनि सोध्ने ।<br>• जिविकोपार्जनका स्रोतहरु के-के हुन भनि प्रश्न सोध्ने । | १९ घण्टा |
| ६. हाम्रा सम्पदा र पर्यटन | • हाम्रो प्राकृतिक सम्पदा ।<br>• पर्यटन । | • हाम्रा प्राकृतिक सम्पदाहरुको परिचय ।<br>• पर्यटन क्षेत्रको चिनारी । | • हाम्रा वरिपरी रहेका खोला नाला, नदी, जंगल, हिमाल, भीरपाखा सम्मको भुभागको सूची बनाई प्रदर्शन गर्ने ।<br>• देश तथा विदेशका मानिसहरु अवलोकन गर्न आउने स्थलहरु नदी, खोला, झरना, जंगल, भिरपाखा आदिको चित्र देखाई छलफल गर्ने ।<br>• प्राकृतिक सम्पदाहरु पर्यटकहरु आकर्षित गर्ने स्थल भएकाले संरक्षण सम्बर्धनमा स्थानीयहरुको भुमिका बारेमा वोर्डमा उल्लेख गर्ने । | • तिम्रो वरपर रहेका कुनै ४-५ ओटा प्राकृतिक सम्पदाहरुको नाम लेख, पर्यटकहरु आकर्षित हुने ठाउँहरु कुन-कुन हुन, के गर्दा प्राकृतिक सम्पदाहरुको संरक्षण हुन्छ, पर्यटन क्षेत्रबाट स्थानीय बासिन्दाहरुलाई के फाईदा हुन्छ जस्ता प्रश्न गर्ने । | १७ घण्टा |
| ७. हाम्रा जडीवुटी तथा परम्परागत उपचार विधि | • स्थानीय जडीबुटीहरु ।<br>• घरेलु उपचार । | • हाम्रा स्थानीय जडीवुटीहरु ।<br>• परम्परागत उपचारविधि । | • स्थानीय स्तरमा उपलब्ध हुने टिमुर, तितेपाती, चिराईतो, कट्की, बज्र्न, भङखोपरे, डुल, हलेदो, दुवो आदि तपाईहरुमध्ये क-कसको गाउँमा छन्, त्यसबाट कुन समस्या | • तिम्रो वरपर भएका जडीबुटीहरुको सूची बनाऊ, ज्वरो आएमा, पेट दुखेमा, टाउको दुखेमा कुन जडीबुटीको प्रयोग हुन्छ, | २० घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निको हुन्छ भनेर विद्यार्थीलाई प्रश्न गर्ने ।<br>• टिमुर, तितेपाती, चिराँइतो, कट्की, बचन, भङ्खोपर, डुल, हलिदो पाईने स्थानहरुको सूची प्रदर्शन गर्ने ।<br>• सामान्य शारिरिक समस्या टाउको दुखाई, ढाडकम्मरको दुखाई, आगोले पोलेको अवस्थामा तिम्रो घरमा के गर्ने सल्लाह दिन्छन भनि सोध्ने ।<br>• शारिरीक समस्या र समाधानका विधिहरुको तालिका बनाई प्रस्तुत गर्ने । | जडीबुटीबाट कसरी घरायसी आमदानी हुन्छ जस्ता प्रश्न गर्ने ।<br>• टाउको दुखेमा, ज्वरो आएमा घरमै बसी कसरी उपचार गर्छन, आगोले पोलेमा पोलेको ठाउँ चिसो पानिमा डुबाउदा के हुन्छ, ढाड र कम्मरको दुखाई कम गर्न शारिर तन्काउने, आराम गर्ने गर्छन किन भनि प्रश्न गर्ने । | |
| ८. स्थानीय संरचना र संघ संस्थाहरु | • नौगाड गाउँपालिकाका संरचनाहरु ।<br>• हाम्रा स्थानीय संघ संस्थाहरु । | • नौगाड गाउँपालिकाका संरचनाहरुको परिचय ।<br>• हाम्रा स्थानीय संघ संस्थाहरुको नामावली । | • नौगाड गाउँपालिका भित्रका भौतिक संरचनाहरुको संख्या भन्न लगाई ति कुन-कुन ठाउँभित्र पर्दछन प्रत्येकलाई भन्न लगाउने तथा सहजीकरण गर्न लगाउने ।<br>• स्थानीय स्तरमा रहेका विभिन्न संस्थाहरुको सूची तयार गर्न लगाउने तथा ति संस्थाहरुको सूची तयार गरी प्रस्तुत गर्दै सिकारुलाई प्रष्ट्याउन सकिन्छ । | • स्थानीय तहको विवरण प्रस्तुत गर्दै प्रश्नोत्तर र छलफल विधिवाट स्थानीय संरचना सम्बन्धमा छोटा-छोटा प्रश्नहरु बनाएर छलफल गर्ने ।<br>• आवश्यकता अनुसार अन्य मूल्यांकनका साधनहरुको प्रयोग गरी विद्यार्थि मूल्यांकन गर्ने । | १५ घण्टा |
| ९. विपद व्यवस्थापन र आत्मरक्षा | • विपदको परिचय ।<br>• आत्मरक्षामा तयारीहरु । | • विपदको कारणले गर्दा हुन सक्ने असर ।<br>• आत्मरक्षाका लागि उपयुक्त प्रयोग गरीने सामग्रीहरु । | • नौगाड गाउँपालिका भित्र बाढी पहिरोको कारणले गर्दा हुने क्षतिका ठाउँहरु भन्न लगाउने तथा ति प्रभावित ठाउँहरुको सूची तयार गर्न लगाई स्पष्ट पारिदिने ।<br>• आत्मरक्षा गर्न तथा भुकम्प, बाढी, पहिरो, आगलागिबाट बच्न के गर्न सकिन्छ , यस्ता घटना जुनसुकै वेला पनि हुनसक्छ भन्ने सन्दर्भमा दृष्टान्त सहित प्रष्ट पारिदिने । | • आफु बसेको ठाउमा विपदबाट के कस्तो असर परेको छ भनि प्रतक्ष अनुभूत गराएर चित्रात्मक रुपमा प्रस्तुत गरी प्रश्नहरु गर्ने ।<br>• कस्तो समयमा विपद हुनजान्छ र त्यसवाट वच्न हामिले के गर्नुपर्छ भनि प्रश्न गर्ने तथा सोधपुछ गर्ने । | १५ घण्टा |

कक्षा ३

| विषय क्षेत्र | बिषय वस्तु | बिषय वस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो भाषा, जातजाती र मुल्य मान्यता | • हाम्रो भाषा।<br>• जातजाती र मुल्य मान्यता। | • हाम्रो स्थानीय भेषभुषा।<br>• स्थानीय क्षेत्रका जातजातीहरु।<br>• परम्परागत मुल्य मान्यता। | • स्थानीय क्षेत्रका जातजातीहरु ठगुन्ना, धामी, भट्ट, जोशी, ऐरी, खत्री, विष्ट, रावल, खड्का, बम, लुहार, चुनारा, टमटा, कामी आदिको सूची बनाई प्रदर्शन गर्ने।<br>• विभिन्न जातजातीहरुका बोलिने भाषा र पहिरन खुल्ने चित्र देखाउने।<br>• गादो, घागरो, आङ्डो, घडो, कुल आदि हाम्रा पहिरनमा लगाईने पोशाक हुन भनि प्रष्ट पार्ने।<br>• स्थानीय स्तरमा मनाईने विशुजात, गवेजात, एकादशी, नरहरी र तिहारजस्ता स्थानीय चाडपर्वहुन भनि प्रष्ट्याउने।<br>• जद्वय(जदौ) जिरेई हाम्रो ढोग आशिर्वाद भनि प्रष्ट्याउने। | • स्थानीय स्तरमा बस्ने बासिन्दाहरुका जातीहरुको सूची बनाऊन निर्देशन दिने।<br>• स्थानीय पहिरनका नाम लेखि महिला र पुरुषले प्रयोग गर्ने लुगाहरुको समूह बनाऊन लगाउने।<br>• स्थानीय स्तरमा मनाईने जात र मेलाहरुका नाम लेख्न लगाउने।<br>• चलन अनुसार एक आपसमा ढोग आशिर्वाद गर्न लगाउने। | १८ घण्टा |
| २. हाम्रो भौगोलिक परिवेश र वातावरण | • हाम्रो भौगोलिक परिवेश।<br>• हाम्रो वातावरण। | • हाम्रो वरपर रहेको भौगोलिक परिवेशको अध्ययन।<br>• स्थानीय जिवजन्तु, वनस्पति र मानव निर्मित तथा प्राकृतिक वातावरणको पहिचान। | • स्थानीय स्तरमा रहेको भुगोलको अध्ययन, अवलोकन, छलफल गराई सिकारुलाई स्पष्ट पारिदिने।<br>• स्थानीय जिवजन्तु, वनस्पति, मानव निर्मित तथा प्राकृतिक वातावरणको पहिचान गर्न परियोजनामा आधारित सिकाई क्रियाकलाप, प्रतक्ष अवलोकन, भ्रमण जस्ता पद्दतिहरुलाई उपयोगमा ल्याउन सकिन्छ। | • परियोजना मार्फत सिकारुको सिकाई उपलब्धि पहिचान गरी मूल्यांकन गर्ने।<br>• हाम्रो वातावरणमा कुन ठाउँमा वढी चिसो हुन्छ र कुन ठाउँमा कम चिसो हुन्छ भनि प्रश्नोत्तर गर्ने तथा ठाउँ परिवेशको विशेषता छुट्याउन लगाउने। | १८ घण्टा |
| ३. स्वस्थ खानपान सरसफाई र खेलकुद | • सन्तुलित खाना।<br>• सरसफाई।<br>• स्थानीय खेल। | • हाम्रो सन्तुलित भोजन।<br>• सरसफाईको महत्व।<br>• स्थानीय स्तरमा खेलिने खेल। | • दाल, भात, रोटी, साग, फाँडो, हेलुवा, सातु आदि हाम्रा सन्तुलित आहार हुन भनि प्रदर्शन गर्ने।<br>• घर, आँगन, लुगा, भान्साकोठा, बरण्डा र व्यक्तिगत सामानको सरसफाईले हाम्रो स्वास्थ्यमा राम्रो प्रभाव पर्छ भनि बताउने।<br>• सरसफाई र फोहर वातावरण झल्कने चित्र | • स्थानीय स्तरमा खाईने खानेकुराको नाम लेख्न लगाउने।<br>• सात्तु कस्तो किसिमको खानेकुरो हो भनि प्रश्न गर्ने।<br>• सर सफाई गर्दा के-के फाईदा र नगर्दा के-के बेफाईदा हुन्छन भनि सोध्ने। | १८ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रदर्शन गर्ने ।<br>• स्थानीय स्तरमा खेलिने सुर्रा, ढक, ठिणी, लुक्के-पाउने जस्ता खेलका नाम लेखी तपाईको गाउँमा खेलिने खेल कुन कुन हुन सूची बनाऊन लगाउने । | • तपाईको गाउँमा खेलिने खेलहरुको सूची लेख्न निर्देशन दिने ।<br>• दुई वा चार जनाको समूहमा खेलिने खेलहरुको नाम लेख्न लगाउने । | |
| ४. स्थानीय सीप र प्रविधि | • स्थानीय स्तरमा प्रयोग गरीने सीपहरु ।<br>• हाम्रा प्रविधिहरु । | • स्थानीय सीपहरुको परिचय दिई प्रयोगको बारे बताउने ।<br>• हाम्रा प्रविधिको परिचय गरी उपयोग बताउने । | • स्थानीय स्तरमा प्रयोग गरीएका सीपबाट बनाएका सामग्रीहरुको सम्भव भए प्रदर्शन गर्ने तथा प्रश्नोत्तर अनुभव साटासाट गर्न लगाएर सिकारुलाई प्रष्ट पारिदिने ।<br>• स्थानीय प्रविधिबाट स्थानीय स्तरमा निर्माण गरीने सामग्रीहरुको फाईदा र महत्ववारे पनि छलफल गरी प्रष्ट गर्न सकिन्छ । | • बहु बैकल्पिक प्रश्न तथा छोटा प्रश्न गर्ने ।<br>• स्थानीय स्तरमा अवलम्बन गरीएका वा विभिन्न पेसाहरुको सूची देखाएर पेसा पहिचान गर्न लगाउन सो सम्बन्धि प्रश्नोत्तर गर्ने । | २० घण्टा |
| ५. कृषि, बन तथा जिविकोपार्जन | • खाद्यान्न वाली ।<br>• वन पैदावर ।<br>• आम्दानिक स्रोतहरु । | • स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न बालीहरु ।<br>• हाम्रो वनमा पाईने विभिन्न बस्तुहरु ।<br>• जिविकोपार्जनका लागि अपनाउनुपर्ने उपायहरु । | • स्थानीय स्तरमा उत्पादन हुने विभिन्न खाद्यान्न वालिहरुको नाम भन्न लगाउने, सूची तयार गर्न लगाउने र चार्टवाट सहजीकरण गराउने ।<br>• वनजंगलमा पाईने विभिन्न वनस्पति र जनावरहरुको नाम भन्न लगाउने र तिनीहरुको चार्ट प्रदर्शन गरी स्पष्ट पार्ने ।<br>• विभिन्न तरकारी वालिहरु उत्पादन गराई तिनिहरुलाई बजार व्यवस्थापन गरी आय आर्जन गर्न सकिने कुराको सहजीकरण गरी सिकाई गर्नुपर्छ । | • वनबाट प्राप्त गर्न सकिने विभिन्न वस्तुहरुको बारेमा चित्र, पोष्टर बाट देखाउने र भन्न लगाउने ।<br>• जिविकोपार्जन गर्न सकिने विभिन्न तरिकाहरुको बारेमा भन्न लगाउने र तरकारी तथा फलफुलहरु विक्रि गरी सामान्य आयआर्जन गर्न सकिने कुराको बारेमा भनेर प्रश्न सोध्ने । | १९ घण्टा |
| ६. हाम्रो सम्पदा र पर्यटन | • हाम्रो सम्पदा ।<br>• हामो पर्यटन । | • हाम्रो सम्पदाको पहिचान ।<br>• हाम्रो पर्यटन क्षेत्र । | • हाम्रा वरपर रहेका विभिन्न सम्पदाहरुको नाम भन्न लगाउने तथा ति सम्पदाहरुको अवलोकन तथा क्षेत्र भ्रमण गरी सिकाई सहजीकरण गर्न सकिन्छ ।<br>• स्थानीय तहका पर्यटन क्षेत्रलाई पहिचान गर्न लगाउने र पर्यटन क्षेत्रको भ्रमण गरी सिकाई स्पष्ट पार्ने । | • हाम्रा वरपर रहेका सम्पदाहरुको नाम भन्नुहोस भनि सोध्न लगाउने र सामुहिक रुपमा भन्न लगाउने ।<br>• हाम्रा पर्यटन क्षेत्र कुन-कुन ठाउँमा पर्दछन, त्यसको फाईदा के-के हुन भनि प्रश्न सोध्ने र मूल्यांकन गर्ने । | १७ घण्टा |
| ७. हाम्रा जडीबुटी | • नौगाड | • नौगाड गा.पा. भित्र | • नौगाडमा उपलब्ध विविध जडीबुटी जस्तै | • तपाईको वरपर पाईने | २० घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| तथा परम्परागत उपचार विधि | गाउँपालिकामा पाईने जडीबुटिहरु ।<br>• घरेलु उपचार । | पाईने जडीबुटिहरु ।<br>• घरेलु उपचार तथा रोकथाम विधि । | हलेदो, तम्पते, तिते, डुल, भङखोपरे, कट्टी, बल्चन, टिमुर जस्ता जडीबुटीहरुको सूची बनाई देखाउने र प्रश्नोत्तर गर्ने ।<br>• स्थान अनुसार जडीबुटीहरुलाई हिमाली, पहाडी र बेशी गरी तीन समूहमा बिभाजन गरी देखाउने ।<br>• घरेलु उपचार गर्न सकिने शारिरिक समस्या जस्तै आगोले पोलेको घाँटीमा अड्केक, सामान्य ज्वरो, पेट दुखाई तथा कम्मरको दुखाईमा के गर्न सकिन्छ भनि प्रश्न गर्ने ।<br>• आगोले पोलेको चिसोपानिमा डुवाउने, घाँटीमा हाड अड्केको गर्धनमा थिच्ने, ज्वरो आएमा चिसो पानिमा कपडा भिजाई सेक्ने, पेट दुखेमा नुन पानीले सेक्ने जस्ता घरेलु उपचार विधिको चार्ट बनाई प्रस्तुत गर्ने । | जडीबुटिहरुको सूची बनाऊनुस र तम्पते कुन समस्यामा प्रयोग हुन्छ, कट्टी कस्तो ठाउँमा पाईन्छ भनेर प्रश्न गर्ने ।<br>• आगोले पोलेको ठाउँमा चिसो पानीमा डुबाउदा के हुन्छ, सामान्य ज्वरो आएमा कुन जडीबुटीको प्रयोग हुन्छ जस्ता प्रश्न गर्ने ।<br>• शरीर तन्काउने तथा विहान छोटो दुरिको हिडाई गर्दा के फाईदा हुन्छन भनेर सोध्ने । | |
| ८. स्थानीय संरचना र संघ संस्था | • नौगाडका सार्वजनिक संरचनाहरु ।<br>• स्थानीय संघ संस्थाहरु । | • सार्वजनिक संरचनाहरुको परिचय ।<br>• स्थानीय स्तरमा क्रियाशिल संघ संस्थाहरु । | • गाउँपालिका भित्रका सरकारी संरचनाहरुको कार्यालय, मन्दिर बाटो घाटो, चौतारा आदिको विवरण तयार गरी प्रदर्शन गर्ने ।<br>• आ-आफ्नो गाउँमा भएका संरचनाहरु भन्न लगाउने र पृष्ठपोषण दिने ।<br>• स्थानीय स्तरमा सेवा दिने सरकारी हुलाक, बैंक, स्वास्थ्य चौकी, बाल क्लब, महिला उत्थान समाज आदिका नाम लेखि प्रदर्शन गर्ने ।<br>• वन उपभोक्ता समूह र खेलकुद विकास समितिले गर्ने कार्यहरुको सूची लेखि प्रदर्शन गर्ने । | • कक्षामा विद्यार्थिहरुलाई सार्वजनिक संरचनाहरु के-के हुन, तपाईको गाउँमा के-के छन्, पुल बाटो घाटो कस्ता संरचना हुन भनि प्रश्न गर्ने ।<br>• वडा कार्यालय र पालिका कार्यालयका कुनै तिनवटा कार्यहरु उल्लेख गर्न निर्देशन दिने ।<br>• स्थानीय स्तरमा क्रियाशिल संघ संस्थाहरुको विवरण तयार पार्न लगाउने । वाल क्लव र महिला उत्थान समाज कुन-कुन टोलमा छन जस्ता प्रश्न गर्ने । | १६ घण्टा |
| ९. विपद व्यवस्थापन र आत्मरक्षा | • दैविक प्रकोपका प्रकार ।<br>• आत्म रक्षाका उपाय । | • विपद र यसका किसिमहरु ।<br>• आत्मरक्षा गर्न अवलम्वन | • विपदवाट भएको हानि नोक्सानी झल्किने जस्तैः बाढी पहिरो, आगलागी, हुरी बतास, चट्याङ, भुईचालो आदिबाट भएको क्षतिको | • लिखित र मौखिक प्रश्नोत्तर गर्ने ।<br>• विद्यार्थिहरुको व्यवहार अवलोकन प्रदर्शन गर्ने । | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गरीने उपायहरु । | चित्र प्रदर्शन गरी प्रश्नोत्तर गर्ने ।<br>• विपद भएको प्रकृतिमा भैरहने जलवायु ताप, चाप जस्ता कारणले हुने वातावरणको क्षतिहो भनेर परिचय लेखि पढेर सुनाउने ।<br>• विद्यार्थिहरुले देखेका, सुनेका विपदका समस्याहरु टिपोट गर्न लगाउने ।<br>• विपदका जोखिमबाट बच्न सकिने उपायहरु घटना घटेको ठाउँमा होशियार भएर हिडडुल गर्ने, घरवाट ननिस्कने र सुरक्षित स्थानको खोजीगर्ने जस्ता उपायहरुको सूची बनाई देखाउने ।<br>• बिपदका जिखिमबाट तपाईको गाउँघरमा के-के कुरा भएका छन, यसबाट बच्न के गर्न सुझाव दिन्छन भनि प्रश्नोत्तर गर्ने ।<br>• दैविक प्रकोप कतिवेला के हुन्छ थाहा दिदैन त्यसैले होशियारी अपनाउन विर्सनु  हुदैन भनि बताउने ।<br>• दैविक प्रकोप भएको ठाउँको अवलोकन भ्रमण गर्न लगाउने । | • विपदवाट हुने हानी नोक्सानी र यसवाट आत्मरक्षा गर्न अवलम्वन गर्न प्रयोग हुने उपायहरुको सूची बनाऊन परियोजना कार्य गर्न लगाउने । | |

## कक्षा ४

| विषय क्षेत्र | बिषय वस्तु | बिषय वस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो भाषा जातजाती र मुल्य मान्यताहरु | • हाम्रो भाषा ।<br>• हाम्रा जातजाती र मुल्य मान्यता । | • आफ्नो विद्यालयमा बोलिने भाषाहरुको बारेमा सामान्य जानकारी ।<br>• आफु र आफ्ना वरपरका जातजातीहरु । | • स्थानीय स्तरमा अस्तित्वमा रहेका विभिन्न जातजातीहरु तथा उनिहरुले बोल्ने भाषा सम्बन्धमा कक्षाकोठामा छलफल तथा गफगाफ गर्न सकिन्छ । साथै जातजाती तथा भाषाभाषीको नाम लेखि प्रष्ट गरीदिने ।<br>• परियोजना मार्फत आफ्नो वरपर र विद्यालयमा वोलिने भाषा र मुल्य मान्यताबारे थप स्पष्ट हुन सिकारुहरुलाई सहज हुन सक्छ । | • विभिन्न जातजातीहरुको तालिका प्रस्तुत गर्दै आ-आफ्नो जाती भन्न लगाउने, पालिकामा बोलिने भाषाको नाम वा भाषाका सम्बन्धमा प्रश्नोत्तर र सोधपुछ गर्ने ।<br>• पालिका भित्र पाईने मुख्य-मुख्य ठाउँहरु भन्न लगाउने । | १२ घण्टा |
| २. हाम्रो भौगोलिक परिवेश र वातावरण | • हाम्रो भौगोलिक क्षेत्र ।<br>• हाम्रो वातावरण । | • जमिनको अवस्थिति, प्रमुख फाँटहरुको परिचय र विशेषता ।<br>• वातावरण संरक्षणका उपायहरु । | • नौगाड गाउँपालिका जमिनको अवस्थितिका बारेमा चित्र कोर्न लगाई कुन ठाउँ कहाँ पर्दछ भनि कक्षाकोठामा छलफल गर्न सकिन्छ ।<br>• हाम्रो वातावरण संरक्षण गर्न हामी के-के गर्छौं भनि एकल रुपमा र सामुहिक रुपमा भन्न लगाउने र थप संरक्षण गर्न सकिने उपायहरु वुदागत रुपमा प्रस्तुतिकरण छलफल जस्ता सिकाई सहजीकरण गरी अपनाउने । | • स्थानीय वातावरण र यस संग सम्बन्धित सिकाई र उपलब्धिको मूल्यांकन गर्दा छोटा-छोटा प्रश्न सोध्ने, कक्षा कार्य, परियोजना कार्य वा यस्तै सान्दर्भिक मूल्यांकन प्रकृया अवलम्बन गर्न सकिन्छ ।<br>• आफ्ना वरपरको जातिको स्थिति कस्तो छ, कुन ठाउँ बस्न लायक तथा सुरक्षित ठाउँ छ भनि एकल रुपमा वा सामुहिक रुपमा भन्न लगाउने । | १८ घण्टा |
| ३. स्वस्थ्य खानपान सरसफाई र खेलकुद | • हाम्रो स्वास्थ्य तथा उचित खानपान ।<br>• सरसफाई र खेलकुदहरु । | • असल स्वास्थ्यका लागि स्वच्छ खानपान ।<br>• स्वस्थ एवम् फुर्तिलोपनका लागि सरसफाई र खेलकुद । | • स्वस्थ शरीर र कुपोषणयुक्त शरीरको चित्र प्रदर्शन गर्ने ।<br>• स्वास्थ्यका लागि सन्तुलित भोजनका प्रकारहरुको चित्र प्रदर्शन र प्रश्नोत्तर गर्ने ।<br>• शारीरिक वृद्धि विकास, रक्षा एवम् तागतिला खानेकुराहरु गेडागुडी, माछा, मासु, अण्डा, दुध, दही, दाल, भात, तरकारी, पहेंला जातका फलफुल, हरिया सागपात आदिको सम्भव भए चित्र प्रदर्शन र छलफल गर्ने । | • विभिन्न खालका लिखित र मौखीक प्रश्न सोध्ने ।<br>• सम्भव भएमा प्रयोगात्मक र परियोजना कार्य गर्न लगाउने ।<br>• शारीरिक वृद्धि विकास रक्षा र शक्ति दिने खानेकुराहरुको सूची बनाऊन लगाउने ।<br>• शारीरिक व्यायाम गर्नाले हुने फाईदाहरु टिपोट गर्न लगाउने । | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • असल एवम् फुर्तिलो स्वास्थ्यका लागि विभिन्न शारीरिक व्यायामहरु गर्नु पर्छ भन्ने कुरा चित्रद्वारा प्रष्ट पार्ने ।<br>• खेलकुदबाट हुने फाईदाहरु जस्तै तन्दुरस्त शरीर, फुर्तिलोपन र खेलकुद बिना अनावश्यक मोटोपन तथा अल्छिपना भएको चित्र प्रदर्शन गरी खेलकुद प्रति जागरुक हुन अभिप्रेरित गर्ने । | • सम्भव भएमा विद्यालय हाताभित्र प्रयोगात्मक अभ्यास गर्न लगाउने ।<br>• अल्छिपना, मोटोपन र निन्द्रा वढीलाग्ने कारण उल्लेख गर्न लगाउने । | |
| ४. स्थानीय सीप र प्रविधि | • हाम्रा स्थानीय सीपहरु ।<br>• परम्परागत प्रविधिहरु । | • हाम्रा परम्परागत सीपहरुको परिचय ।<br>• स्थानीय प्रविधि र यसका फाईदाहरु । | • स्थानीय स्तरमा प्रचलनमा आईरहेका बाँस, निङ्ला, पराल छ्याउली, मकैको खोस्टा, प्लास्टिकबाट बनेका विभिन्न सामग्रीहरु अवलोकन गर्न लगाउने ।<br>• हाम्रो गाउँघरमा कुन-कुन घरमा के-के काम गर्ने मानिस छन भनि प्रश्नोत्तर गर्ने ।<br>• बावीयोको रसीबाट बनाऊन सकिने सामग्रीहरुको चित्र प्रदर्शन गर्ने जस्तैः घरेलु खाट, दामलो, पिङ बनउने रसी आदि ।<br>• स्थानीय प्रविधि ढिकी, जातो, घट्ट, दही मथ्ने विधि आदि हाम्रा स्थानीय प्रविधि हुन भनि सुनाउने ।<br>• हाम्रो गाउँमा यस्ता परम्परागत प्रविधिहरु के-के छन भनि छलफल र प्रश्नोत्तर गर्ने ।<br>• तिम्रो गाउँघरमा जंगली जनावरलाई पासोमा पार्ने, मुसा मार्ने जेवालो क-कसका गाउँमा छन भनेर सोध्ने र पृष्ठपोषण गर्ने । | • स्थानीय कुन-कुन सामग्री बाट के-के वस्तु निर्माण गर्न सकिन्छ सूची बनाऊन लगाउने ।<br>• सम्बन्धित स्थानीय सीप सम्बन्धि छोटो उत्तर आउने लिखित मौखिक प्रश्न गर्ने ।<br>• स्थानीय स्तरमा प्रचलनमा आएका सीपहरु र प्रविधिहरुको सूची उल्लेख गर्न लगाउने ।<br>• सम्भव भएमा प्रयोगात्मक कार्य गर्न लगाई व्यवहार अवलोकन गर्ने । | १४ घण्टा |
| ५. कृषि बन तथा जिविकोपार्जन | • खाद्यानवाली ।<br>• वन पैदावर ।<br>• आम्दानीका स्रोतहरु । | • नौगाड गाउँपालिकामा उत्पादन हुने खाद्यान वालिहरु ।<br>• बनवाट उत्पन्न विभिन्न वस्तुहरु ।<br>• जिविकोपार्जनका लागि आम्दानिका स्रोतहरु । | • हाम्रो पालिका भित्रमा विभिन्न ठाउँमा उब्जने अन्नवालीहरु के-के हुन सूची तयार गर र ति कस्तो हावापानि भएको ठाउँमा उब्जन्छन तथा कुन मौसममा उत्पन्न हुन्छन भन्ने बारेमा सिकाई सहजीकरणका उपायहरु अपनाउने ।<br>• वनमा उत्पन्न हुने विभिन्न वस्तुहरुको बारेमा छलफल, अन्तरकृया र सान्दर्भिक उदाहरणहरु | • हाम्रो गाउँपालिका भित्र पाईने खाद्यान वालीहरु के-के हुन भनि प्रश्नोत्तर गर्ने ।<br>• वनबाट उत्पन्न हुने वस्तुहरुको सूची तयार गर्न लगाउने र भन्न लगाउने ।<br>• हाम्रो जिविकोपार्जनका लागि | १५ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दिएर सिकाई सहजीकरण गर्ने ।<br>• जिबिकोपार्जन गर्न सकिने उपायहरु के-के हुन अर्थात जिविकोपार्जनका लागि आम्दानिका स्रोतहरुको बारेमा छलफल गरी सिकाई सहजीकरणका उपाय अपनाउने । | हाम्रा आम्दानिका स्रोतहरुको बारेमा भन्न लगाउने तथा सूचीकरण गर्न लगाउने । | |
| ६. हाम्रो सम्पदा र पर्यटन | • हाम्रो सम्पदा ।<br>• हाम्रो पर्यटन । | • हाम्रा सम्पदाको पहिचान ।<br>• हाम्रो पर्यटन क्षेत्र । | • हाम्रो पालिकामा अवस्थित प्रमुख सम्पदाहरुको चित्रात्मक प्रस्तुति तथा नाम चार्ट तयार गरी सहजीकरण गर्ने ।<br>• हामो पालिकामा रहेका पर्यटकीय क्षेत्रहरु कुन हुन भन्ने कुरा भ्रमण अवलोकन, भिडियो, वृतचित्र द्वारा पनि प्रष्ट गर्न सकिने कुराको सिकाई सहजीकरण गर्ने । | • हाम्रा सम्पदाहरु के-के छन्, ति कहाँ कहाँ रहेका छन भनि मौखिक रुपमा प्रश्न सोध्ने ।<br>• पालिका भित्र रहेका विभिन्न पर्यटकीय क्षेत्रको चित्र देखाई चिन्न लगाउने वा यि र यस्तै अन्य मूल्यांकन विधि प्रयोग गर्ने । | १४ घण्टा |
| ७. हाम्रा जडीबुटी र परम्परागत उपचार विधि | • नौगाडमा पाईने जडीबुटीहरु ।<br>• घरेलु उपचार विधि । | • नौगाडमा पाईने जडीबुटीहरु ।<br>• घरेलु उपचार तथा रोकथाम विधि । | • नौगाडमा पाईने विभिन्न जडीवुटीहरुको नामावली तथा सूची तयार गर्न लगाई प्रश्नोत्तर गर्ने । कुन औषधि केन्द्रमा प्रयोग गरीन्छ ति जडीबुटी कहाँ कहाँ पाईन्छन तथा विभिन्न ठाउँमा पाईने जडीबुटीहरुको नाम तयार गरी चार्टमा देखाउने ।<br>• हाम्रो पालिका भित्रमा विभिन्न रोगका लागि गरीने उपचार विधि जस्तै झारफुक विधि चित्रको रुपमा प्रष्ट गर्ने । | • हाम्रो गाउँपालिका भित्र विभिन्न ठाउँमा पाईने जडीवुटीको नाम भन वा सूची तयार पार भन्ने जस्ता प्रश्नहरु गर्ने ।<br>• आगोले पोल्दा, टाउको दुख्दा वा कटकी वल्चन कस्तो रोगका लागि प्रयोग गरीन्छ र कसरी प्रयोग गरीन्छ भन्ने प्रश्नोत्तरहरु एकल रुपमा वा सामुहिक रुपमा प्रश्न सोधपुछ गर्ने । | १३ घण्टा |
| ८. स्थानीय संरचना र संघ संस्था | • नौगाड गाउँपालिका भित्रका संरचना ।<br>• स्थानीय संघ संस्थाहरु । | • नौगाड गाउँपालिका अन्तरगत रहेका संरचनाहरु ।<br>• पालिका भित्रका संघ संस्थाहरु । | • हाम्रो वरपरका कृतिम संरचनाहरु, वाटोघाटो, पुल, पुलेसा, नहर, कुलो , पाटी, धर्मशाला, चौतारा, विजुली, टेलीफोन र हुलाक कुन गाउँमा के छन भनि प्रश्न गर्ने ।<br>• स्थानीय संरचना अन्तरगत बनेका सार्वजनिक विकास निर्माणका संरचनाहरुको सूची बनाई अवलोकन गर्न लगाउने ।<br>• वडा कार्यालय, स्वास्थ्य संस्था, पालिका | • लिखित र मौखिक रुपमा स्थानीय संरचना हरुको विषयमा प्रश्न गर्ने ।<br>• विकास निर्माणका स्थानीय संरचनाहरुको सूची लेख्न लगाउने ।<br>• स्थानीय स्तरमा क्रियाशिल संस्था, क्लव तथा समितिहरुको सूची लेख्न लगाउने ।<br>• कुन संस्थाले के कार्य गर्छ तालिका | १३ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्यालय आदि सरकारी भवन तथा अन्य विकास सम्बन्धि संरचनाहरुको अवलोकन भ्रमण गराउने ।<br>• पालिका भित्र रहेका वित्तिय सहकारी संस्था, वाल क्लव, युवा क्लव, खेलकुद समिति, महिला विकास जस्ता संस्थाहरुको विवरण लेखि पढ्न लगाउने ।<br>• विभिन्न संघ संस्था र तिनिहरुको कामहरुको तालिका प्रस्तुत गरी प्रश्नोत्तर गर्ने । | बनाऊन लगाउने । | |
| ९. विपद व्यवस्थापन र आत्मरक्षा | • दैविक प्रकोप ।<br>• आत्मरक्षाका उपाय । | • विपद र यसका असरहरु ।<br>• आत्मरक्षाका उपायहरु । | • हाम्रो वातावरणमा आईपर्ने दैविक प्रकोप वाढी-पहिरो, भुकम्प, आगलागि, भुक्षय, हुरीबतास आदिको परिचय दिने ।<br>• वाढी-पहिरो, आगलागि, भुकम्प, हुरी बतास आदि दैविक प्रकोपबाट भएका असरहरुको सान्दर्भिक चित्र प्रदर्शन गर्न लगाउने ।<br>• प्राकृतिक प्रकोप आफसेआफ हुने घटना हुन, यिनिहरुको एकिन समय हुदैन भन्ने कुरा बताईदिने ।<br>• दैविक प्रकोपबाट बच्न गर्नुपर्ने उपायहरुको सूची बनाई अध्ययन गर्न लगाउने ।<br>• विभिन्न दैविक प्रकोपबाट बच्न अपनाउनु पर्ने उपायहरु जस्तो सुरक्षित ठाउँ खोज्ने, होशियार रहने, ठुला मानिसको सहयोग माग्ने, घटना स्थलबाट टाढा बस्ने जस्ता कुराहरुको सूची लेखन गरी टिपोट गर्न लगाउने । | • प्राकृतिक प्रकोपका कुराहरुको सूची बनाऊन लगाउने ।<br>• आवश्यकता अनुसार लिखित र मौखिक प्रश्न सोध्ने ।<br>• विद्यार्थिहरुको समूह बनाई अवलोकन भ्रमण र व्यवहार प्रदर्शन गर्ने ।<br>• विपदबाट वच्न सकिने उपायहरुको सूची लेख्न लगाउने ।<br>• विपदवाट हुने हानी नोक्सानी र यसबाट वच्न गरीने उपायहरुको सामान्य वाक्यहरु भन्न लगाउने । | १५ घण्टा |

कक्षा ५

| विषय क्षेत्र | बिषय वस्तु | बिषय वस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १.हाम्रा भाषा जातजाती र मुल्य मान्यताहरु | • हाम्रा भाषा<br>• हाम्रा जातजाती र मुल्य मान्यता | • हाम्रा समुदायमा वोलिने भाषाभाषीको बारेमा जानकारी बताउन ।<br>• आफु र आफ्ना वरपरका जातजाती तथा मुल्य मान्यताहरुको बारेमा बर्णन गर्न । | • हाम्रा वरपरका विभिन्न भेगमा वोलिने भाषाहरुको चार्टबाट विवरण देखाई भन्न लगाउने, होपरीका महता थरले बोल्ने भाषा, दल्लेख तिरको बोल्ने भाषा, लक्सेरी जात्रा र ईयरकोटको माथिल्लो भागमा बोल्ने भाषा अन्य ठाउँको भन्दा फरक रहेकाले हाम्रो समुदायमा पनि विविध खाले भाषा रहेको कुराको सिकाई सहजीकरणबाट प्रष्ट पारिदिने ।<br>• हाम्रो वरपरका वस्तीहरुमा ठाउँअनुसार बिभिन्न ठाउँमा बिभिन्न जातजाती र सोहि अनुसारको मुल्य मान्यता भएको कुरा समेत छलफल , भ्रमण अवलोकन विधिको प्रयोग गर्ने र सान्दर्भिक क्रियाकलापहरु सञ्चालन गर्ने । | • कक्षा सहभागिता, कक्षा कार्य, परियोजना कार्य लिखित वा मौखिक प्रस्तुति आदि मूल्यांकन साधनहरुलाई स्थानीय जातजाती र भाषा सम्बन्धमा सिकारुमा अपेक्षित सिकाई उपलब्धी प्राप्त भयो वा भएन भनेर यकिन गर्ने ।<br>• व्यवहार अवलोकन स्वमूल्यांकन, सहपाटी मूल्यांकन, परियोजना कार्य अभिभावक संग अन्तरक्रिया आदिवाट मूल्य मान्यता र सकारात्मक व्यवहार सम्बन्धमा मूल्यांकन गर्ने । | १२ घण्टा |
| २. हाम्रो भौगोलिक परिवेश र वातावरण | • हाम्रो भौगोलिक क्षेत्र ।<br>• हाम्रो वातावरण । | • नौगाड गाउँपालिकाको प्रमुख ठाउँहरु, सिप्टी, खार, ईयरकोट र धुलिगडा को क्षेत्रको अवस्थितिका बारेमा बताउन ।<br>• हाम्रो वरपरको वातावरणमा रहेका बिभिन्न नदिनाला, वनजंगल, पहाड, वेसी, फाँट, चिसोहुने तथा गर्मि हुने ठाउँको बारेमा बर्णन गर्ने । | • हाम्रो गाउँपालिकामा केही भागहरु होचो, केही उपत्यकाको रुपमा रहेका र केही भाग भने एकदम भिरालो पाखाहरु रहेको बारेमा चित्रको रुपबाट तथा भौगोलिक क्षेत्रको नक्सा वनाई सान्दर्भिक क्रियाकलापहरु सञ्चालन गर्ने ।<br>• नौगाड गा.पा. को प्राकृतिक स्वरुप, पानिका मुहान र यस्को संरक्षणका उपायहरु, वातावरण प्रदुषण, वातावरण स्वच्छता कायम गर्ने उपायहरु सम्बन्धमा चार्टतालिका, विषय वस्तुको प्रस्तुति, छलफल, भ्रमण अवलोकन विधिको प्रयोग गर्ने । | • कक्षा सहभागिता, कक्षा कार्य व्यवहार अवलोकन गर्ने साधनहरुद्वारा भौगोलिक क्षेत्रको बारेमा मूल्यांकन गर्ने ।<br>• हाम्रो वातावरण कस्तो रहेको छ, यसलाई स्वच्छता अपनाउन के कस्ता उपायहरु गर्न सकिन्छ भन्ने जस्ता विषयवस्तुहरु प्रश्नोत्तर विधिबाट मूल्यांकन गर्ने । | १८ घण्टा |
| ३. स्वस्थ खानपान, | • हाम्रो स्वास्थ्य तथा उचित खानपान । | • असल स्वास्थ्यका लागि स्वच्छ खानपानको | • अस्वस्थ्यकर खानपानले स्वास्थ्यमा पार्ने असर, पोषणयुक्त खानाको फाईदा तथा महत्वको | • स्वास्थ्य र उचित खानपानका बारेमा प्रश्नोत्तर गर्ने, कक्षा कार्य वा | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| सरसफाई र खेलकुद | • सरसफाई र खेलकुद। | बारेमा बर्णन गर्न।<br>• सरसफाई र खेलकुदहरुको बारेमा बताउन। | बारेमा सान्दर्भिक विषयबस्तुको प्रस्तुति, परियोजना कार्य जस्ता गतिविधिहरु सञ्चालन गरी सिकाई सहजीकरण गर्ने।<br>• फोहरमैला व्यवस्थापन, सरसफाई सम्बन्धि विविध उपायहरुको बारेमा भिडियो प्रदर्शन, छलफल विधिलाई उपयोगमा ल्याउन सकिन्छ साथै स्थानीय स्तरमा खेलिने विभिन्न खेलका नाम उल्लेख गर्ने तथा ती खेलहरुको खेल्ने तैर तरिकाको बारेमा प्रदर्शन गर्ने, छलफल गर्ने अनुभव आदान प्रदान गरी सहजीकरण गर्ने। | अन्य उपयुक्त विधि अपनाएर सिकारुको सिकाई उपलब्धिको अवस्था मूल्यांकन गर्ने।<br>• सरसफाईबाट हामिलाई के-के फाईदा हुन्छ, कुन कुन तौर तरिका अपनाउन सकिन्छ जस्ता प्रश्नोत्तर गरी मूल्यांकन गर्ने।<br>• हाम्रो स्थानीय स्तरमा खेलिने खेलहरु के-के हुन भनि एकल रुपमा वा सामुहिक रुपमा प्रश्नोत्तर गर्ने। | |
| ४. स्थानीय सीप र प्रविधि | • नौगाडका स्थानीय सीप।<br>• स्थानीय प्रविधिहरु। | • आत्मनिर्भर हुने केही सीपहरु।<br>• परम्परा देखिका स्थानीय प्रविधिहरु। | • नौगाडका बासिन्दाहरुले आत्मनिर्भर हुन तथा आर्थिक खाँचो टार्न प्रयोग गर्ने विभिन्न सीपहरु बाँस तथा निगालोबाट तयार हुने डोको, सुप्पा, मट्टा र तिथा पराल छवालीवाट फिनी र चटाई बाबियोबाट कुच्चो (झाडो) काठबाट कुर्सि, बाकस र भकारी बनाऊने आदि सीपयुक्त कुराको सूची देखाउने।<br>• हाम्रो घरमा कुन कुन बस्तुबाट के-के सामग्री तयार भएका छन पालै संग भन्न लगाउने र पृष्ठपोषण दिने।<br>• परिवारको सामान्य खर्च टार्न स्थानीय सीपले धेरै सहयोग गरेको छ भनि बताउने र त्यस्ता सीप सित परिचित हुनु पर्छ भन्ने धारणा दिने।<br>• स्थानीय प्रविधिको प्रयोगबाट पैसाको बचत हुन्छ, समयको बचत हुन्छ, परम्परा कायम रहिरहन्छ र प्रविधिको अरु क्षेत्रमा पनि विकास गर्न सकिन्छ भनि पृष्ठपोषण गर्ने। | • स्थानीय स्तरमा विद्यमान सीपहरुको सूची तयार पार्न लगाउने।<br>• लिखित र मौखिक रुपमा सीपहरु कोसित सम्बन्धित छन भनेर सोध्ने।<br>• हाम्रो गाउँमा के कस्ता परम्परागत प्रविधिहरु छन भनेर सोध्ने।<br>• स्थानीय प्रविधिको प्रयोगबाट हुने फाईदाहरुको सूची बनाऊन लगाउने।<br>• नौगाडमा प्रचलित स्थानीय प्रविधिहरु धान कुट्ने, तेल पेल्ने (ओखल, कोलु) , भाडा कार्ने (आरन), दही मथ्ने तरिका, माछा मार्ने जाल, जातो, पानि घट्ट आदिको अवलोकन गर्न लगाउने।<br>• विभिन्न दृश्यहरु देखाएर तिम्रो गाउँमा कुन कुन प्रविधि छन्, कुन छैनन् भनि प्रश्न गर्ने।<br>• स्थानीय प्रविधिबाट तयार भएका | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वस्तुहरु टिपोट गरी क-कसले यि सामग्रि बनाऊछन छलफल गराउने र पृष्ठपोषण दिने । | |
| ५. कृषि वन तथा जिविकोपार्जन | • नौगाडमा प्रचलित कृषि कार्य ।<br>• वन सम्पदा ।<br>• जनजिविका । | • नौगाड अन्तरगतका कृषि बालीहरु ।<br>• हाम्रो वन जंगल र उपयोगिता ।<br>• जिविकोपार्जनका कार्यहरु । | • नौगाड भित्रका कृषि वालिहरु धान, मकै, गहुँ, जौं, कोदो, आलु, पिडालु, मार्सी तथा काकन जस्ता कृषि वालीको सूची लेखेर देखाउने र प्रश्नोत्तर गर्ने ।<br>• विद्यार्थिहरुलाई स्थान अनुसार कुन स्थानमा कुन वालिको खेती बढी हुन्छ समूह निर्माण गर्न लगाउने ।<br>• बनजंगलको परिचय दिई हाम्रो वरपर रहेका वनजंगलको नामाकरण गरी वनमा के कस्ता रुख विरुवा पाईन्छन प्रश्नोत्तर गर्ने ।<br>• जंगलबाट हुने फाईदाहरुको सूची काठ, दाउरा, जडीबुटी, जंगलि जनावर, स्वच्क्ष वातावरण भु-क्षयको कमि हुने जस्ता कुरा देखाई छलफल गर्ने ।<br>• जिविकोपार्जनका लागि गरीने विभिन्न पेसाहरु वन जंगल संग सम्बन्धित हुन्छन जस्तो: वाँस निगालो, काठ, जडीबुटी र जंगलि जनावरको सिकार गर्ने जस्ता कुराहरुको सूची देखाएर एक आपसमा छलफल गर्ने । | • कृषि वालि अन्तरगत कुन कुन वालि पर्दछ्न लिखित र मौखिक प्रश्न गर्ने ।<br>• लिखित र मौखिक रुपमा तिम्रो गाउँमा कुन कुन कृषि वालिको खेति गरीन्छ भनि सोध्ने ।<br>• खाद्यान्न, तरकारी, दाल र तेल वालिको समूह बनाऊन लगाउने ।<br>• हाम्रो वरपरको वनजंगलहरुका नाम भन्न लगाउने ।<br>• वनबाट हुने कुनै चारओटा फाईदाहरुको सूची बनाऊन लगाउने ।<br>• जोविकोपार्जन गर्न मानिसहरु कृषि र वनजंगलमा आधारित भएका छन वा छैनन् भनि सोध्ने । | १५ घण्टा |
| ६. हाम्रो सम्पदा र पर्यटन | • हाम्रा प्राकृतिक सम्पदाहरु ।<br>• पर्यटन पूर्वाधार । | • हाम्रा प्राकृतिक सम्पदाहरु ।<br>• पर्यटन पूर्वाधार र पर्यटन आकर्षण । | • नौगाड गाउँपालिकाका बिभिन्न प्राकृतिक सम्पदाहरु खोला, नदी, पहाड, हिमाल, जंगल, ओडार, गुफा, नदिवेशी आदिको सूची देखाई तिनिहरुको स्थान बताई दिने ।<br>• प्रकृतिमा आफै उत्पत्ति भै देखिएका सम्पत्ति हाम्रा सम्पदा हुन भनि बुझाउने ।<br>• तिम्रो गाउँघरमा कुन कुन प्राकृतिक सम्पदाहरु छन एक आपसमा टिपोट गर्न लगाउने ।<br>• हाम्रा प्रयटन पूर्वाधार भनेको स्वदेशी तथा | • लिखित र मौखिक रुपमा प्राकृतिक सम्पदाहरुको सूची तयार गर्न निर्देशन दिने ।<br>• पानी,माटो, जंगल, पहाड, हिमाल जस्ता अन्य सहायक सम्पदाहरु के-के हुन सोध्ने ।<br>• पर्यटन क्षेत्रको विकास गर्न किन जरुरी छ, यसवाट के फाईदा हुन्छ जस्ता लिखित मौखिक प्रश्न गर्ने । | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विदेशी यात्रीहरुका आकर्षण स्थल हुन भनि परिचय दिने । यस्ता पर्यटनहरुमा नौगाड भित्रका पर्यटन पूर्वाधार दुर्गा भवानी मन्दिर, नौगाड नदी, अहि जलविद्युत, ताराकोट उच्च समस्थली ।<br>• पर्यटन क्षेत्रको संरक्षण गर्नुपर्छ, यसबाट हामी स्वदेशी-विदेशी पाहुनाहरु भित्र्याई आर्थिक आर्जन गर्न सकिन्छ, हाम्रो सम्पदाहरुको स्वदेश-विदेशमा चर्चा हुन्छ भनेर बताउने । | • नौगाड गाउँपालिका भित्रका पर्यटक आकर्षणका स्थलहरु कुन-कुन हुन भन्न लगाउने ।<br>• विभिन्न पर्यटन क्षेत्रहरुका अवलोकन भ्रमण गराई व्यवहार परिवर्तन भएको नभएको हेर्ने । | |
| ७. हाम्रा जडीवुटी र परम्परागत उपचार विधि | • हाम्रा जडीवुटीहरु ।<br>• घरेलु उपचार विधि । | • नौगाडमा पाईने जडीबुटीहरुको बर्णन गर्ने ।<br>• घरेलु उपचारका विधिहरु । | • नौगाडमा पाईने विभिन्न किसिमका जडीवुटीहरुको नामावली उल्लेख गरी चित्र चार्टबाट, तालीकाबाट देखाएर सिकाई सहजीकरण गर्ने ।<br>• अन्य सान्दर्भिक कृयाकलाप तथा विधि प्रविधिलाई पनि आवश्यकता अनुसार उपयोगमा ल्याउन सकिनेछ ।<br>• घरेलु उपचारका विधिहरु के-के हुन भनि छलफल गर्ने र तिविधिहरुको नाम लेखि ति उपायहरुयुक्त चित्रण देखाई सिकाई सहजीकरण गर्ने । | • हाम्रा जडीबुटीहरु के-के हुन नाम भन, ति के काममा प्रयोग हुन्छन भन्ने जस्ता प्रश्नोत्तर गरी मूल्यांकन गर्ने ।<br>• कक्षाकार्य, परियोजना कार्य, प्रश्नोत्तर वा लिखित वा मौखिक जस्ता मूल्यांकनका साधनहरुद्वारा मूल्यांकन गर्ने । | १३ घण्टा |
| ८. स्थानीय संरचना र संघ संस्था | • नौगाडका कृतिम संरचनाहरु ।<br>• स्थानीय संघ संस्थाहरु । | • नौगाडमा निर्मित संरचनाहरु ।<br>• स्थानीय स्तरमा क्रियासिल संघ संस्थाहरु । | • नौगाड क्षेत्रका विभिन्न संरचना सरकारी कार्यालय भवन, मठ मन्दिर, बाटो घाटो, पुल पुलेसा, पाटी पौवा, चौतारा, विजुली, टेलीफोन टावर आदिको दृश्य देखाई प्रश्नोत्तर गर्ने ।<br>• विद्यार्थिहरुलाई आफ्नो गाउँमा भएका स्थानीय संरचनाहरुको सूची बनाऊन लगाउने ।<br>• स्थानीय संरचनाहरु सार्वजनिक सम्पदा हुन, यिनिहरुको संरक्षण र उपभोग गर्ने अधिकार सवैको हो भनि प्रष्ट पार्ने ।<br>• नौगाडमा क्रियाशिल स्थानीय सङ्घ संस्थाहरु जस्तै: वित्तिय सहकारी संस्था, महिला विकास | • लिखित र मौखिक रुपमा स्थानीय संस्थाहरुको सूची भन्न, लेख्न लगाउने र आफुले अवलोकन गर्ने ।<br>• सार्वजनिक संरचनाहरुको अवलोकन भ्रमण गराई उनिहरुको व्यवहार अवलोकन गर्ने ।<br>• स्थानीय स्तरमा क्रियाशिल संघ संस्थाहरुको नाम भन्न लगाउने ।<br>• लिखित र मौखिक रुपमा कुन संघ संस्थाले समाजको विकासमा के-के योगदान दिएका छन भनेर सोध्ने । | १३ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समितिहरु, युवा क्लव, वाल क्लव, खेलकुद विकास समितिका नाम लेखि कक्षामा प्रस्तुत गरी प्रश्नोत्तर गर्ने ।<br>• संघ संथाहरुले गर्ने कार्यहरुको सूची लेखेर देखाई प्रश्नोत्तर गर्ने ।<br>• संघ संस्थाहरुका कार्यहरु गाउँ समाजका लागि हुन हामिले पनि यसको सदस्य बन्नु पर्छ भनेर प्रष्ट पार्ने । | • संघ संस्थाहरुको सदस्य भएमा के फाईदा हुन्छ जस्ता विभिन्न प्रश्न सोध्ने । | |
| ९. विपद व्यव्स्थापन र आत्मरक्षा | • दैविक प्रकोप ।<br>• विपदका कुराहरु ।<br>• सुरक्षित जिवन । | • दैविक प्रकोप र यसबारे पर्ने असर हरुको परिचय ।<br>• प्राकृतिक प्रकोपहरु र जनधनको क्षति ।<br>• सुरक्षित जिवन र वातावरण । | • दैविक प्रकोप र यसबाट भएको हानि नोक्सानीको दृष्य अवलोकन गराई आवश्यक छलफल र प्रश्नोत्तर गर्ने ।<br>• प्रकृतिमा एकाएक भैरहने बाढी-पहिरो , हुरी बतास, आगलागि , महामारी, चट्याङ, भू-क्षय, भुकम्प आदिको सूची देखाई यिनिहरुको आगमनले वातावरणमा के कस्ता असर आईपर्छन् अनुमान गर्न भन्ने ।<br>• जन धनको क्षति, घर, खेती योग्य जमिनको नोक्सान, वातावरण परिवर्तन, आवतजावतमा समस्या आदि कुराहरुको सूची देखाउने र छलफल गर्ने ।<br>• मानव वस्ती वरपरको वातावरण, मानव निर्मित संरचनाहरु, व्यक्ति विशेषको जिवन सुरक्षा गर्न के-के सावधानी अपनाउन सकिन्छ । एक आपसमा छपफल गर्न लगाउने ।<br>• घर,खेत, नदिको किनार, खाली जग्गाको वरिपरि वृक्षारोपण, आगलागिबाट होसियार, चट्याङ तथा हुरीवतासका कारण घरभित्र बस्ने जस्ता कुराहरुको सूची प्रदर्शन गर्ने ।<br>• एकाएक यस्ता दैविक घटना सुरक्षित स्थानको खोजी गर्ने जस्ता कुराहरु प्रति चनाखो हुनुपर्छ भनि बताउने । | • विपद र यसका असरहरुको सामान्य परिचय भन्न लगाउने ।<br>• विपदका घटना सम्वन्धि चित्र वा भिडियो प्रस्तुत गरी प्राकृतिक प्रकोपको सूची बनाऊन लगाउने ।<br>• विपद संग सम्बन्धित लिखित र मौखिक प्रश्नहरु सोध्ने ।<br>• आत्म रक्षा तथा जीवन सुरक्षाको सामान्य परिचय भन्न लगाउने ।<br>• लिखित र मौखिक रुपमा सुरक्षित जीवन र वातावरण बनाऊन अपनाउनु पर्ने उपाय र होशीयारीको सूची बनाऊन लगाउने । | १५ घण्टा |

## कक्षा ६

| विषय क्षेत्र | बिषय वस्तु | बिषय वस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो भाषा जातजाती र मूल्य मान्यता | • स्थानीय जातजाती र भाषा । | • स्थानीय जातजाती र संस्कार एवं संस्कृति<br>  • नौगाड गा.पा. मा बसोबास गर्ने बिभिन्न जातजातीहरु (ठगुन्ना, धामी, टमटा, महता र डडाल) को संस्कार, संस्कृति, चालचलन, मूल्य मान्यता ।<br>• स्थानीय चाडपर्वहरु<br>  • बिषुपर्व, गवे जात्रा, एकादशी (कृष्ण जन्माष्ठमी)औसी, दशै, तिहार, नरहरी (माघे संरान्ति), होली, अनन्ते, चतुर्दशी आदि । | • स्थानीय जातजाती र संस्कार एवं संस्कृतिका सम्बन्धमा जातिगत संस्कार समेटिएको आवश्यक विषय वस्तुको प्रकृति तथा छलफल र प्रश्नोत्तरका माध्यमबाट संस्कार संस्कृती संरक्षणका उपायहरु अवलम्वन गर्न प्रेरित गर्ने ।<br>• स्थानीय भाषा प्रयोगमा विद्यार्थिहरुलाई अभ्यास गर्न प्रेरित गर्ने । | • कक्षा कार्य ।<br>• परियोजना कार्य ।<br>• लिखित तथा मौखिक प्रस्तुती ।<br>• मूल्यांकनका सधानहरुलाई स्थानीय जातजाती र मूल्य मान्यता सम्बन्धमा सिकारुमा अपेक्षित शैक्षिक उपलब्धि प्रदान भए नभएको एकिन गर्ने ।<br>• स्वतन्त्र अभिव्यक्ति, सामुहिक प्रस्तुति, परियोजना कार्य वा प्रश्नोत्तर विधिलाई स्थानीय चाडपर्वहरु संग सम्बन्धित विषय वस्तुको मूल्यांकन गर्ने । | १४ घण्टा |
| | • स्थानीय चाडपर्वहरु । | • स्थानीय मेल तथा जात्रा<br>  • विषु जात्रा, राम नवमी मेला, गवे जात्रा, मालिकार्जुन जात्रा । | • विसु पर्व, गवे जात्रा, एकादशी (कष्ण जन्माष्ठमी), औंसी तिहार, दशै, तिहार, नरहरी, होली, अनन्ते चतुर्दशी जस्ता अन्य चाडपर्वबारे थप पाठ्य सामग्री सिकारुलाई सूचीत गर्ने ।<br>• स्थानीय मेला, पर्व तथा जात्रा सम्बन्धमा क्षेत्र भ्रमण, | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | परियोजनामा आधारित सिकाई शिक्षण क्रियाकलापलाई उपयोगमा ल्याउन सकिन्छ । आवश्यक विषय वस्तुको प्रस्तुति तथा छलफल अनुभव आदानप्रदान तथा प्रश्नोत्तर जस्ता विधिलाई सिकाई सहजीकरण उपयोग गर्ने । | | |
| २. भौगोलिक परिवेश र वातावरण | • स्थानीय भूगोल र वातावरण । | • नौगाड गाउँपालिकाको भौगोलिक स्वरुप र विशेषता<br>  • नौगाड गाउँपालिकाको भूगोल, माटो, भौगोलिक अवस्थीति, स्वरुप र विशेषता ।<br>• स्वच्क्ष वातावरण निर्माणका स्थानीय अभ्यासहरु<br>  • फोहरमैला व्यवस्थापनमा कुहिने फोहरलाई खाल्डोमा संकलन गरी कम्पोष्टमल बनाऊने, घर तथा भान्साबाट निस्कने फोहर तरल बस्तु संकलन गरी करेसाबारी सिंचाई गर्न, धारा पधेरामा पुदिना अलैचि आदिका बोट रोपी संरक्षण गर्ने अभ्यास गर्ने ।<br>• स्वच्क्ष वातावरणको सकारात्मक प्रभावहरु<br>  • वातावरणका लागि बहुगुणी फूल, रुख विरुवा रोप्ने, फोहरमैला व्यवस्थापनको लागि छुट्टै स्थान निर्माण गर्ने, खानेपानी धाराभन्दा टाढा शौचालय निर्माण गर्ने । | • नौगाड गा.पा. को भौगोलिक अवस्था, उचाई, माटोको प्रकृति विशेषता तथा सम्भावना सम्बन्धमा सम्भव भए सम्म क्षेत्र भ्रमण, छलफल तथा अन्तरक्रिया सम्बन्धि सन्दर्भ सामग्रीको प्रयोग, विषय वस्त, प्रस्तुती, सान्दर्भिक दृष्टान्त, प्रश्नोत्तर, परियोजना कार्य तथा सान्दर्भिक सूचना प्रविधिको प्रयोग ।<br>• विद्यालयको भान्साबाट निस्कने उपलब्ध कुहिने बस्तुबाट प्राङ्गारीक मल निर्माणको अभ्यास कार्य, धाराबाट निस्किएको पानी प्राङ्गारीक मल बनाऊने खाल्डोमा जाने प्रयोग ।<br>• नकुहिने बस्तुको व्यवस्थापनको अभ्यास ।<br>• घर र विद्यालय वरपरी  वृक्षारोपण र संरक्षण परियोजनामा आधारित कार्य ।<br>• रोगहरुबाट बच्न व्यक्तिगत तथा सामुदायिक सरसफाई, विद्यालयको सरसफाईमा ध्यान दिने, शौचालयको सरसफाई जस्ता | • कक्षा सहभागिता<br>• कक्षा कार्य ।<br>• व्यवहार अवलोकन ।<br>• अभिभावक संग अन्तरक्रिया वा यस्तै साधनहरुद्वारा स्थानीय वातावरण सम्बन्भमा मूल्यांकन गर्ने ।<br>• परियोजना कार्यबाट प्राप्त विवरण मूल्यांकन ।<br>• सामुदायिक कार्यबाट प्राप्त विवरणको लेखाजोखा ।<br>• लिखित, मौखिक, प्रश्नोत्तर आदि ।<br>• निरन्तर मूल्यांकन ।<br>• अभिलेखिकरण र मूल्यांकन ।<br>• यस्तै अन्य प्रकृया अपनाएर मूल्यांकन । | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कुराको बारेमा सिकारुलाई सूचीत गराउने । | | |
| ३. स्वस्थ्य खानपान, सरसफाई र खेलकुद | • पोषण र खानपान । | • जंक फुड तथा तयारी खानाको नकारात्मक प्रभाव: पुड्कोपन, अधिक मोटोपन, दाँत र ओठमा पुग्ने असर<br>• स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाना:<br>मकै, भटमास, सातु, स्थानीय खाना, मोही, दही, सलाद, जुस, जाउलो, ढिडो, सातु, खोले, लिटो आदी । | • जंक फुड तथा तयारी खानाको असर र यसबाट बच्ने उपायहरु सम्बन्धमा बिषय बस्तुको प्रस्तुती ।<br>• स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खानाको निर्माण पद्दती, घरमा निर्माण पोषणयुक्त खाना, यसको महत्व फाईदा र यसको निर्माण प्रयोग गर्ने तरिका जस्ता विषयवस्तुको सान्दर्भिकता, परियोजना कार्य, प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप जस्ता गतिविधिहरु सञ्चालन गरी सहजीकरण गर्ने । | • परियोजना कार्य, अभिभावकसंग अन्तरक्रिया,व्यवहार अवलोकन वा अन्य उपयुक्त विधिमार्फत पोषण र खानपिन सम्बन्धी अपेक्षित सिकाई उपलब्धि सिकाईमा प्राप्त भए नभएमा यकिन गर्ने ।<br>• व्यवहार अवलोकन अभिभावक संग अन्तरक्रिया माध्यमबाट परम्परागत उपचार पद्दतीबारे पारित भए नभएको यकिन गर्ने ।<br>• लिखित वा मौखिक रुपमा पनि सो सम्बन्धि मूल्यांकन गर्न सकिन्छ । | १८ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | • स्वास्थ्य र सरसफाई । | • परम्परागत उपचार पद्दती: विभिन्न रोगहरु लाग्दा गरीने स्थानीय उपचार जस्तै: पेट दुख्दा वा अपच हुदा कालोनून, गानानको प्रयोग, ज्वरो आउदा कटकी तिते, तमपते, माछाको काँडा अड्किदा गुँरास (गुरास) को फुलको प्रयोग, घाउ भएको ठाउँमा बनमारा, सतुवा, भाङ्को रस आदि प्रयोग गर्ने । | • अभ्यासात्मक क्रियाकलाप तथा अनुभव आदानप्रदान ।<br>• स्थानीय अनुभवी व्यक्तीहरु संग छलफल र अन्तरक्रिया ।<br>• परम्परागत उपचार पद्दतीमा प्रयोग हुने वस्तुको बारेमा सो सम्बन्धमा जानकार व्यक्तीहरुसंग छलफल गरी सिकाई संचालन गर्ने ।<br>• परियोजनामा आधारीत तथा प्रयोगात्मक क्रियाहरु ।<br>• स्वस्थ्य जिवनका लागि भान्सा, ओछ्यान, घर, आगन बाट निस्कने फोहरमैला व्यवस्थापनमा सहयोग गर्ने । | • | |
| | • खेलकुद । | • स्थानीय स्तरमा खेलिने खेल, ठिणी, पिली, घुच्ची, बाघचाली, सम्बोलिया, सुर्रा, घुर्ती जस्ता खेलहरुको प्रयोग । | • स्थानीय स्तरमा खेलिने ठीणी, पिलो, घुच्ची, बाघचाल, सम्बोलिया, सूर्रा, घर्ती आदी जस्ता खेल समूहमा वा जोडीमा खेलाउने । | • | |
| ४.स्थानीय सीप र प्रविधि | • स्थानीय सीप र प्रविधि | • परम्परागत उद्यम: डोको, नाम्लो, दाम्लो, नाङ्लो (सुप्पा), डालो, हलो, जुँवा आदि घरेलु सामग्री निर्माण तथा विक्रिवितरण गरी यस्तै उत्पादनसिल कार्यहरु गरी उद्यमशिलको विकास गर्ने ।<br>• परम्परागत प्रविधिहरुको परिचय र | • स्थानीय प्रविधि तथा सीपको प्रयोग गरी जिविकोपार्जन गर्न उत्साहित गर्ने तथा स्थानीय विज्ञलाई बोलाएर डोको, नाम्लो, हलो, जुँवा, डालो आदि तथा काठबाट बन्ने अन्य घरेलु सामग्रीको निर्माण , विक्रिवितरण गरी या यस्तै | • अवलोकन, प्रयोगात्मक तथा परियोजना कार्य ।<br>• लिखित, मौखिक कार्य, सीप प्रदर्शन आदिको माध्यमले मूल्यांकन गर्ने ।<br>• सीप प्रदर्शन प्रतिष्पर्धा ।<br>• निर्मित सामग्री अवलोकन मूल्यांकन । | १३ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संरक्षण : उखु पेल्ने कोल, तेल पेल्ने कोल, ढिकी, जातो, घट्ट, कामलो, वनयान आदि प्रविधिको पहिचान गरी संरक्षण गर्ने उपायहरु । | उत्पादनशिल कार्यहरु गरी उद्यमशिलताको विकास सम्बन्धमा स्पष्ट पार्ने ।<br>• अभ्यासात्मक क्रियाकलापहरु सञ्चालन गर्ने ।<br>• सिकारुलाई परम्परागत प्रविधिहरुको पहिचान र संरक्षण सम्बन्धमा आवश्यक सान्दर्भिक क्रियाकलाप सञ्चालनको लागि सम्भव भए सूचना तथा अन्य प्रविधिहरु लाई पनि उपयोगमा ल्याउन सकिन्छ ।<br>• परम्परागत प्रविधिको महत्व, आवश्यकता र पहिचान सम्बन्धमा परियोजनामा आधारित क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।<br>• विद्यार्थिले निर्माण गरेको परम्परागत सीपमा आधारित सामग्रीहरु नमुना निर्माण गरी प्रदर्शन गराउने । | | |
| ५. कृषि, वन तथा जीविकोपार्जन | • स्थानीय पेसा, व्यवसाय र जिविकोपार्जन । | • कृषि व्यवसायको प्रवर्द्धन र उद्यमशिलता: कृषि उत्पादन, पशुपंछि पालन, तरकारी खेती आदि यस्तै व्यवसायहरु उद्यमशिल बन्ने उपायहरु । | • कृषि व्यवसाय प्रवर्द्धन र उद्यमशिलता सम्बन्धमा एकिकृत शिक्षण सिकाई कृयाकलाप, परियोजनामा आधारित सिकाई क्रियाकलाप जस्ता प्रकृया अवलम्बन गर्न सकिन्छ ।<br>• अनुभव साँटासाट, अवलोकन, छलफल, विषयवस्तुको प्रस्तुती, परियोजना कार्य जस्ता विद्यार्थिलाई उपयोग गर्दै औपचारीक तथा अनौपचारीक आर्थिक क्रियाकलाप | • कक्षा कार्य ।<br>• प्रश्नोत्तर ।<br>• परियोजना कार्य ।<br>• लिखित वा मौखिक ।<br>• परियोजना कार्य ।<br>• अवलोकन ।<br>• लिखित मौखिक ।<br>• प्रयोगात्मक । | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | • जिविकोपार्जन गर्न । | • नौगाड गा.पा. भित्र रहेका बन पैदावर, कृषि, जडीबुटी तथा अन्य सामग्रीहरुलाई सीप मुलक कार्यमा लगाई जिविकोपार्जन कार्य गर्ने । | बारे सिकारुलाई समुचित जानकारी दिन सकिन्छ ।<br>• क्षेत्र भ्रमण, प्रतक्ष अवलोकन, अनुभव आदान प्रदान सिकाईलाई उत्प्रेरित गर्ने सान्दर्भिक गतिविधिहरु सञ्चालन गर्ने ।<br>• | | |
| | • स्थानीय वन जंगल । | • स्थानीय स्तरमा भएका सार्वजनिक तथा सामुदायिक वनजंगलहरुको पहिचान, परिचय तथा संरक्षणका उपायहरु । | • स्थानीय स्तरमा भएका वन जंगलहरुको परिचय, संरक्षणका उपायहरु बारेमा विद्यार्थिलाई छलफल गराउने, वनजंगल संरक्षण तथा वृक्षारोपण कार्यमा सरिक गराउने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. हाम्रो सम्पदा र पर्यटन | • स्थानीय सम्पदा । | • हाम्रो गौरव र नागेश्वर धामः- नौगाड गा.पा. को धार्मिक ऐतिहासिक नागेश्वर धाम तथा तारोकोट भवानीको गौरव इतिहास, परिचय र महत्व तथा संरचनागत विकास ।<br>• नौगाडका सम्पदा:-नौगाड गा.पा. भित्र रहेका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक र पर्यटकीय सम्पदाको परिचय (मन्दिर, माणौं, डाईभर्सिटी पार्क छिपुलथान) आदिको परिचय, प्रचारप्रसार तथा संरक्षण । | • कथाकथन, सोधखोज, परियोजना कार्य, सान्दर्भिक साक्षीको प्रयोग जस्ता विधिको प्रयोग गर्दा नागेश्वर धामको गौरव गाथा तथा त्यसको विकास तथा प्रचार प्रसारमा नौगाड गा.पा., सुदूरपश्चिम प्रदेश र संघिय सरकारले गरेका प्रमुख कार्य बारे सिकारुलाई सूचित गर्ने ।<br>• नौगाड गा.पा. मा अवस्थित सम्पदा मध्ये धार्मिक, प्राकृतिक, सांस्कृतिक प्रमुख १-१ वटा सम्पदाको परिचय, महत्व र संरक्षणका उपायबारे समुचित जानकारी दिन सान्दर्भिक क्रियाकलाप सञ्चालन गर्ने । | • अवलोकन, प्रयोगात्मक तथा परियोजना कार्य ।<br>• लिखित तथा मौखिक कार्य प्रदर्शन आदिकोबाट सिकाई गर्ने ।<br>• परिक्षा बाहेकका मूल्यांकनका साधनहरु जस्तै- अवलोकन सूची आदी मूल्यांकनमा उपयोग गर्ने । | १३ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. हाम्रो जडीबुटी तथा परम्परागत उपचार विधि | • हाम्रो जडीबुटी । | • परम्परागत जडीबुटी पहिचान र स्थानीय तहमा पाईने जडीबुटीहरु (तम्पते, गानन, चिराईतो ) आदिको परिचय । | • स्थानीय स्तरमा पाईने जडीबुटी र तिनको पहिचान बारे आवश्यक छलफल, अनुभव आदानप्रदान, प्रश्नोत्तर जस्ता विधिलाई सहजीकरणमा उपयोग गर्ने ।<br>• अन्य सान्दर्भिक विधिहरुलाई पनि आवश्यकता अनुसार प्रयोग गर्ने । | • परियोजना कार्य ।<br>• प्रश्नोत्तर ।<br>• लिखित वा मौखिक । | १४ घण्टा |
| | • परम्परागत उपचार विधि । | • परम्परागत उपचार विधिको परिचय:- स्थानीय स्तरमा प्रयोग भईरहेका उपचार विधिहरु । | • स्थानीय स्तरमा जडीबुटीहरुको प्रयोग गरी उपचार गर्ने तरिका बारे आवश्यक छलफल, अनुभव आदान प्रदान, प्रश्नोत्तर जस्ता विधि प्रयोग गरी सहजीकरण गर्ने । | • परियोजना कार्य ।<br>• प्रश्नोत्तर ।<br>• प्रयोगात्मक । | |
| ८. स्थानीय संरचना र संघ संस्था | • स्थानीय संरचना । | • नौगाड गा.पा.को संरचना :- वडागत संचरना ६ वटा वडाको परिचय तथा जनसंख्याको अवस्था । | • नौगाड गा.पा.को संरचना:- कार्यपालिकाको बनावट तथा ६ वटा वडाहरुको वडागत विवरण र जनसंख्याको अवस्था सम्बन्धमा विभिन्न स्रोत सामग्री द्वारा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । | • प्रश्नोत्तर, कक्षा कार्य वा अन्य उपयुक्त विधि अपनाएर सिकाई उपलब्धिको अवस्था मूल्यांकन गर्ने । | १४ घण्टा |
| | • संघ संस्थाहरु । | • नौगाड गा.पा. भित्र रहेका सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको परिचय:-<br>समूह:- महिला समूह, कृषि समूह, बन समूह आदि)। | • नौगाड गा.पा. तहमा गरीएका स्रोत साधन संरक्षणका प्रयासहरुको बारेमा स्थानीय स्तरमा सञ्चालित परियोजनाको क्षेत्रभ्रमणको व्यवस्था गर्ने । | • परियोजना कार्य प्रस्तुती मूल्यांकन ।<br>• लिखित मौखिक ।<br>• सोधपुछ तथा छलफलबाट प्राप्त नतिजा अभिलेखि गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संस्था:- सहकारी, नौगाड युवा क्लव, महादेव युवा क्लब, समाजकल्याण, स्मृति प्रतिष्ठान, विद्यालय, स्वास्थ्य तथा प्रहरीचौकीको परिचय महत्व र काम कर्तव्य र अधिकार । | • नौगाड भित्र रहेका सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको बारेमा परियोजनामा आधारित शिक्षण सिकाई क्रियाकलाप गर्ने ।<br>• लघु भ्रमण गरी संघ संस्थाहरुको परिचय गर्ने गराउने । | | |
| ९. विपद व्यवस्थापन र आत्मरक्षा | • विपद व्यवस्थापन । | • स्थानीय विपदहरु:- डढेलो, हुरी बतास, आगलागि, बाढी पहिरो, महामारी आदि विषयका कारण बच्ने उपायहरु ।<br>• विपद व्यवस्थापनका उपायहरु:- विपद हुनु अघि विपदका समय र विपद पछिको अवस्थामा गर्नुपर्ने व्यवस्थापिका पक्षहरु । | • घट्न सक्ने तथा घटिरहेका विपदहरु र यसवाट बच्ने उपायहरुको बारेमा प्रयोगात्मक कार्यहरु प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्न सकिन्छ ।<br>• परियोजना कार्यमा आधारित क्रियाकलाप ।<br>• सामुदायिक कार्यहरु । | • प्रश्नोत्तर, लिखित वा मौखिक कक्षाकार्य , सिकारुको व्यवहार प्रदर्शन आदिको माध्यमले विपद व्यवस्थापन सम्बन्धि मूल्यांकन गर्ने । | १४ घण्टा |
| | • आत्मरक्षा । | • सम्भावित विपदहरु आउनु पुर्व संकेत हरुको आधारमा आत्मरक्षा गर्ने । | • सम्भावित विपद घट्न सक्ने पूर्व संकेत जस्तै: बर्खामा आकास गर्जिए बाढि पहिरोको खतरा, डढेलो लागे अग्नि रेखा निर्माण, महामारीमा दुरी कायम तथा मास्क प्रयोग जस्ता क्रियाकलाप बाट प्रेरित गरी सिकारुलाई सिकाउने । | • लिखित, मौखिक छलफल, प्रदर्शन, अनुभव लेखन, परियोजना कार्य आदिबाट मूल्यांकन गर्ने । | |

**कक्षा ७**

| विषय क्षेत्र | बिषय वस्तु | बिषय वस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १.हाम्रो भाषा जातजाती र मूल्य मान्यता | • स्थानीय जातजाती र भाषा । | • जातिका मुख्य संस्कार र संस्कृतिको परिचय :- भिन्न जातजातीको मुख्य जातिगत संस्कार एवं चाल चलन र मूल्य मान्यता । | • नौगाड गा.पा. भित्रका जातिगत (वोहरा, ठेकरे, रावल, खड्का, चुनारा, भट्ट, जोशी, पार्की, भूल, बडाल, ओईरे, बिष्ट, ओड) परिचय, संस्कार, सभ्यता, चाडपर्व तथा धर्म संस्कृतिको चिनारी समेटीएका अनावश्यक बिषय बस्तुको प्रस्तुती तथा छलफल र प्रश्नोत्तर उत्प्रेरित गर्ने । | • कक्षा कार्य, परियोजना कार्य, लिखित वा मौखिक प्रस्तुती आदि ।<br>• मूल्यांकनका साधनहरुलाई स्थानीय जातजाती सम्बन्धमा सिकारुका अपेक्षित सिकाई उपलब्धि प्राप्त भयो वा भएन बारे भनेर यकिन गर्ने । | १४ घण्टा |
| | • स्थानीय चाडपर्वहरु । | • स्थानीय पहिचान:- जातिगत चाडपर्व (बाजा, गीत, मेला, जात्रा) र तिनका विशेषताहरु आदि । | • जातिगत चाडपर्व ( बाजा, गीत, मेला, जात्रा) र तिनका विशेषताहरु आदिको बारेमा आवश्यक विषय बस्तुको प्रस्तुती तथा छलफल, अनुभव आदान प्रदान, प्रश्नोत्तर जस्ता विधिलाई सिकाई सहजीकरणमा उपयोग गर्ने ।<br>• अन्य सान्दर्भिक क्रियाकलाप तथा प्रविधिलाई पनि आवश्यकता अनुसार उपयोगमा ल्याउने । | • स्वतन्त्र, अभिव्यक्ति, सामुहिक प्रस्तुती, परियोजना कार्य वा प्रश्नोत्तर विधिलाई स्थानीय चाडपर्वहरु संग सम्बन्धित विषय बस्तुको मूल्यांकन गर्ने । | |
| २. भौगोलिक परिवेश र वातावरण | • स्थानीय भूगोल र वातावरण । | • नौगाड गाउँपालिकाको भौगोलिक र प्राकृतिक वस्तुस्थिति:- नौगाड गा.पा. का बिभिन्न क्षेत्रका भौगोलिक पक्ष (उचाई, खोच, पाखा, फाँट, जल, जमिन, जिवजन्तु) ।<br>• वातावरण संरक्षणका प्राकृतिक र आधुनिक अभ्यासहरु:- वाढी पहिरो नियन्त्रणमा वृक्षारोपण, शौचालय र पानीको मुहान विचको दुरी, बहुगुणी वनस्पतिको प्रयोग र संरक्षण बिचका | • नौगाड गा.पा. का विभिन्न क्षेत्रको भौगोलिक पक्ष (उचाई, खोच, पाखा, फाँट, आदि जल, जमिन, जिबजन्तु) आदि सम्बन्धमा विषयवस्तु प्रस्तुती ।<br>• सान्दर्भिक दृष्टान्त, प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदिको प्रयोग ।<br>• वातावरण संरक्षणका रैथाने र आधुनिक अभ्यास सम्बन्धमा चार्ट तालिका, विषय वस्तुको प्रस्तुती, छलफल, भ्रमण अवलोकन विधिको प्रयोग । | • कक्षा सहभागी ।<br>• कक्षा कार्य ।<br>• अभिभावकसंग अन्तरक्रिया वा यस्तै साधनहरु द्वारा स्थानीय वातावरण सम्बन्धमा मूल्यांकन गर्ने ।<br>• लिखित तथा मौखिक परिक्षाबाट प्राप्त नतिजा बिष्लेषण ।<br>• परियोजना प्रस्तुती मूल्यांकन | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अभ्यासहरु तथा तलबन्द फोहर वस्तुको विवेकशिल व्यवस्थापन ।<br>• वातावरण संरक्षणमा क्रियाशिल स्थानीय संघ संस्था तथा टोलसुधारहरु:- स्थानीय संघ संस्थाहरु तथा विभिन्न समूह तथा समितिको कार्यहरु ।<br>• वातावरण संरक्षणमा नौगाड गा.पा.ले गरेका कार्यहरु र वृक्षारोपण आदि । | • वातावरण संरक्षणमा क्रियाशिल, स्थानीय संघ संस्था तथा टोलसुधार समूहहरु:- स्थानीय संघ संस्था तथा विभिन्न समूह तथा समितिहरुको कामहरु, अध्ययन अवलोकन तथा क्षेत्रभ्रमण माध्यमले प्रष्ट्याउने ।<br>• प्रतक्ष अवलोकन, क्षेत्र भ्रमण, परियोजनामा आधारित क्रियाकलाप आदि माध्यमले वातावरण संरक्षणमा नौगाड गा.पा.ले गरेका कार्यहरुका बारेमा सिकाई सहजीकरण गर्ने । | तथा अभिलेखिकरण ।<br>• सामुदायिक कार्य तथा परियोजना कार्यबाट प्राप्त विवरण विश्लेशण । | |
| ३. स्वस्थ्य खानपान, सरसफाई र खेलकुद | • पोषण र खानपान । | • जंक फुड र पोषणयुक्त खानाको पहिचान गरी स्वास्थ्यलाई हानी गर्ने प्याकेटका खानेकुरा, चकलेट, विस्कुट, चाउचाउ आदि र घरमा निर्माण गरीएका खाना, जाउलो, खीचडी, सातु, सर्वत आदिको पहिचान र पोषणयुक्त खानाको प्रयोग ।<br>• घरेलु परिकार:- बिभिन्न खानेकुरा तथा पेय पदार्थ को परिचय र निर्माण विधि: घरमानै बानाउन सकिने विभिन्न खाने कुरा तथा पेय पदार्थ निर्माण र उपयोग गर्ने तरिका । | • स्वास्थ्यलाई हानि गर्ने प्याकेटका खानेकुरा, चकलेट, विस्कुट, चाउचाउ आदि र घरमा निर्माण गरीएका खाना, जाउलो, सातु,खिचडी, सर्वत आदिको पहिचान र पोषणयुक्त खानाको प्रयोग विषयवस्तु बारे सान्दर्भिक विषयवस्तुको प्रस्तुती, परियोजना कार्य, प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप जस्ता प्रविधिहरु सञ्चालन गरी सिकाई सहजीकरण गर्ने ।<br>• घरेलु रुपमा बनाईने परम्परागत परिकार सेलरोटी, सर्वोत्तम पिठो, सातु, खिचडी, सर्वत, कोदोको ढींडो, मकैका परिकार आदि निर्माणमा प्रयोगात्मक क्रियाकलाप गर्न सकिन्छ । | • परियोजना कार्यबाट प्राप्त विवरण मूल्यांकन ।<br>• अवलोकन ।<br>• व्यवहार परिवर्तन ।<br>• पोषण र खानपिन सम्बन्धि अपेक्षित व्यवहार प्राप्त भए नभएको यकिन गर्ने ।<br>• सामुहिक कार्य । | १८ घण्टा |
| | • स्थानीय खेलकुदहरु | • स्थानीय स्तरमा खेलिने खेलहरु (कबड्डी, डण्डवियो) पहिचान गरी ति खेलहरुको महत्व तथा फाईदाहरुको बारेमा जानकारी तथा खेलहरुका आधारभूत सीपहरु । | • स्थानीय स्तरमा खेलिने खेलहरु (कबड्डी, डण्डबियो आदि) को महत्वबारे छलफल, प्रश्नोत्तर गर्ने तथा खेलका नियमहरु समूहमा अभ्यास गराउने क्रियाकलाप गर्न सकिन्छ । | • प्रयोगात्मक ।<br>• सामूहिक कार्य ।<br>• लिखित तथा मौखिक । | |
| | • स्वास्थ्य र | • महिनावारी हुदा व्यक्तिगत सरसफाई गर्ने | • महिनावारीलाई मर्यादित बनाऊनको लागि | • परियोजना कार्य । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सरसफाई | तथा उपयुक्त सेनेटरी प्याडको प्रयोग गर्ने । | सरसफाई तथा सेनेटरी प्याडको उचित प्रयोग सम्बन्धी छलफल, अन्तरक्रिया तथा प्रयोगात्मक क्रायाकलाप समेत गर्न सकिन्छ । | • प्रयोगात्मक ।<br>• लिखित तथा मौखिक । | |
| ४. स्थानीय सीप र प्रविधि | • स्थानीय सीप र प्रविधि | • एक ब्यक्ति एक उद्यम:- यसका लागि स्थानीय सामग्रीबाट उत्पादन गर्न सकिने एक व्यवसाय वा उद्योग निर्माणका लागि उद्यम छनौट (दुना, टपरी, निगालो, वाँसका सामग्री, काठमा सामग्री, अर्थात स्थानीय कम मूल्य पर्ने वस्तुहरुबाट सजावट वा घरेलु उपयोगका सामग्रीको उत्पादन उपयुक्त पेसा व्यवसायको छनौट र कार्यान्वयन ।<br>• परम्परागत पेसा व्यवसायको प्रवर्दन र विकास:- आरन, कोल, जातो, मोहिपार्ने प्रविधि, बाध्यबादन, ढीकी, ओखल, खल, यी र यस्तै परम्परागत प्रविधिको परिचय, विकास र प्रचार प्रसार ।<br>• स्थानीय उत्पादन संरक्षण र विकास :- अन्नवाली, फलफुल तरकारी (केरा, सुन्तला, अदुवा, अलैची) उत्पादन तथा बजारीकरण गरी आर्थिक लाभ लिने कार्यमा सहभागि भई उत्पादन गरी जिविकोपार्जन गर्ने । | • अनुभव साटासाट, अवलोकन छलफल, विषयवस्तुको प्रस्तुती, परियोजना कार्य जस्ता विधिहरुलाई उपयोग गर्दै स्थानीय पेसाको परिचय र महत्व साथै विभिन्न खेतिपातिमा लाग्ने रोगको पहिचान र घरेलु विधिबाट उपचार गर्ने तरिकाहरु अवलोकन गरी विषयबस्तु बारे सहजीकरण गर्न सकिन्छ ।<br>• विभिन्न पेसा व्यवसाय गरेर उत्पादन संग जोडीने आर्थिक लाभ लिन सिकारुलाई उत्प्रेरित गर्ने सान्दर्भिक गतिविधिहरु सञ्चालन गर्ने ।<br>• परमपरागत पेसा व्यवसायको सम्बर्दन र विकास सम्बन्धमा सिकारुलाई प्रष्ट पार्न आरन, कोल, ढीकी, जातो, मोहिपार्ने प्रविधि, वाद्यवादन जस्ता प्रविधिको परिचय, विकास र प्रचार प्रसार सम्बन्धमा प्रस्तुती र छलफल ।<br>• अन्नबाली, फलफुल, तरकारीको उत्पादन तथा वजारीकरण गरी आर्थिक लाभ लिने क्रियामा सहभागि हुने । | • कक्षा कार्य, प्रश्नोत्तर ।<br>• परियोजना तथा प्रयोगात्मक कार्य, लिखित वा मौखिक प्रस्तुतिको आधारमा स्थानीय पेसा तथा व्यवसायको सम्बन्धमा मूल्यांकन गर्ने ।<br>• प्रतिवेदन प्रस्तुती मूल्यांकन ।<br>• सामुदायिक कार्य प्रस्तुती अवलोकन ।<br>• रुजुसूची फारम मूल्यांकन आदि ।<br>• सुधारात्मक सिकाई क्रियाकलाप सञ्चालन गरी पुन मूल्यांकन गर्ने । | १३ घण्टा |
| ५. कृषि वन तथा जिविकोपार्जन | • स्थानीय पेसा तथा व्यवसाय | • एक व्यक्ती एक उद्यम:- यसका लागि स्थानीय सामग्रीबाट उत्पादन गर्न सकिने एक व्यवसाय वा उद्योग निर्माणका लागि उद्यम छनौट र कार्यान्वयन ।<br>• परम्परागत पेसा व्यवसायको प्रवर्द्रन र | • अनुभव साटासाट, अवलोकन, छलफल, विषयवस्तुको प्रस्तुती, परियोजना कार्य जस्ता विधिहरुलाई उपयोग गर्दै स्थानीय पेसाको परिचय तथा महत्व ।<br>• विभिन्न पेसा व्यवसाय गरेर उत्पादन संग | • कक्षाकार्य, प्रश्नोत्तर ।<br>• परियोजना कार्य ।<br>• प्रयोगात्मक कार्य ।<br>• मिखित, मौखिक।<br>• अवलोकन । | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विकास:- आरन, ढीकी, जातो आदि जस्ता परम्परागत प्रविधिको परिचय, विकास र प्रचार प्रसार ।<br>• स्थानीय उत्पादन संरक्षण र विकास:- अन्नवाली, फलफुल, तरकारी उत्पादन तथा बजारीकरण गरी आर्थिक लाभ लिने क्रियामा सहभागी, बिरुवामा लाग्ने रोगहरुको पहिचान, घरेलु र उत्पादन गरी जिविकोपार्जन । | जोडिने र आर्थिक लाभ लिन सिकारुलाई उत्प्रेरित गर्ने ।<br>• परम्परगत पेसा व्यवसायको प्रवर्द्धन र विकास सम्बन्धमा सिकारुलाई स्पष्ट पार्न आरन, कोल, ढीकी, जातो आदि प्रविधिको परिचय, विकास र प्रचार प्रसार सम्बन्धमा विषयवस्तु प्रस्तुती, छलफल ।<br>• अन्नवाली, फलफुल तरकारी उत्पादन तथा बजारीकरण गरी आर्थिक लाभ लिने क्रियामा सहभागी, पशुपन्छिपालन, त्यसमा लाग्ने रोगहरुको पहिचान, घरेलु उपचार आदि । | • सामुदायिक कार्य, पस्तुती अवलोकन । | |
| | • बनजंगल । | • स्थानीय स्तरमा रहेका बन जंगलहरुको संरक्षण, बनबिनासका कारण तथा वृक्षारोपण । | • कक्षाकोठामा छलफल तथा अन्तरक्रियाको माध्यमबाट बनबिनासका कारण, वन संरक्षणका उपायहरु वारे छलफल गर्ने ।<br>• विद्यालय तथा समुदायको पहलमा हुने वृक्षारोपण कार्यमा सहभागी गराउने । | • परियोजना कार्य ।<br>• अवलोकन ।<br>• प्रयोगात्मक कार्य ।<br>• लिखित वा मौखिक । | |
| | • जिविकोपर्जनका आधारहरु । | • स्थानीय स्तरमा उपलब्ध हुने कृषि तथा बन पैदावरबाट आयआर्जन हुने किसिमका कार्यक्रमहरुको सूचिकरण गरी जिविकोपार्जनमा सहयोग । | • नौगाड लगायत दार्चुला जिल्लाका विभिन्न क्षेत्रका कृषि, वन, जडीबुटी लाई उपयोग गरी स्थानीय सीप, पेसा व्यवसाय आदि सम्बन्धमा छलफल, अन्तर्क्रिया गर्ने । | • क्षेत्र भ्रमण, अवलोकन, प्रयोगात्मक परिक्षा द्वारा मूल्यांकन गर्ने । | |
| ६. हाम्रो सम्पदा र पर्यटन | • स्थानीय सम्पदा | • नागेश्वर धाम:- नौगाडको सांस्कृतिक तथा धार्मिक सम्पदा नागेश्वर धामको ईतिहास, धार्मिक महिमा, संरक्षण र विकास तथा नौगाड गा.पा. लगायत अन्य संघ संस्थाहरुबाट नागेश्वर धामको विकास निर्माणका कार्यहरुको परिचय ।<br>• नौगाड लगायत दार्चुला जिल्लाको प्रमुख सम्पदाको परिचय:- जिल्लामा अवस्थित धार्मिक, ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक र पुरातत्व सम्पदाहरु | • नागेश्वर धाम क्षेत्र भ्रमण कथा कथन सोध खोज, परियोजना कार्य सान्दर्भिक सामग्री प्रयोग जस्ता विधिको प्रयोग र महत्वबारे सिकारुलाई प्रष्ट्याउने ।<br>• नागेश्वर धाम, छिपुलथान डाईभर्सिटी पार्क, जामिर ताराकोट पदमार्गमा नौगाड गा.पा. बाट भए गरेका प्रमुख कार्य सूचित गर्ने ।<br>• दार्चुला जिल्लामा अवस्थित धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक प्रमुख | • प्रश्नोत्तर र परियोजना कार्य ।<br>• लिखित, मौखिक र यस्तै अन्य मूल्यांकनका साधनहरु द्वारा मूल्यांकन गर्ने ।<br>• प्रतिवेदन प्रस्तुत मूल्यांकन ।<br>• अभिलेखिकरण । | १३ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (दुर्गाभवानी मन्दिर, मालिकार्जुन मन्दिर आदि) | ३-३ ओटा सम्पदाहरुको परिचय र महत्व तथा संरक्षणका उपायहरुबारे जानकारी दिन सान्दर्भिक क्रियाकलाप संचालन गर्ने । | | |
| | • पर्यटन । | • पर्यटनका लागि सम्भावित गन्तव्यको पहिचान, प्रचार प्रसार रसंरक्षणका उपायहरु:- नौगाड जामीर देखि ताराकोट सम्मको पर्यटकीय मार्ग, छिपुलथानको डाईभर्सिटी पार्क, कुने बगड देखि मालिकार्जुन सम्मको पदमार्ग आदिको महत्व । | • नौगाडको जामीर देखि ताराकोट पदमार्ग, छिपुलथान डाईभर्सिटी पार्क आदि पर्यटकीय महत्व सन्दर्भमा सोधखोज, सामुदायिक कार्य आदिको माध्यमबाट प्रष्ट पारिदिन । | • प्रश्नोत्तर र परियोजना कार्य । लिखित, मौखिक र यस्तै अन्य मूल्यांकनका साधनहरु द्वारा मूल्यांकन गर्ने । | |
| ७. हाम्रा जडीबुटी तथा परम्परागत उपचार विधि | • हाम्रा जडीबुटीहरु । | • नौगाड गा.पा. भित्र रहेका जडीबुटी तथा दार्चुला जिल्ला भित्र पाईने जडीबुटीहरु (यार्सा गुम्बा, कटकी, जटामसी, भिडेती को पहिचान तथा महत्व) ।<br>• परम्परागत तथा स्वउपचारका विधि तथा पद्दतिहरु :- परम्परागत उपचार पद्दतीमा प्रयोग गरीने बनस्पती तथा जडीबुटीहरु हर्रो, बर्रो, गुर्जो, अदुवा अलैची, पाँच औले, बनमारा, तिते आदि र यसको प्रयोग गर्ने अवस्था र तरिका । | • नौगाड लगायत जिल्ला भित्रमै रहेका यार्सा गुम्बा, कट्की, पाँचऔले, जटामसी आदिको परिचय र महत्व बारे सान्दर्भिक विषय वस्तुको प्रस्तुती परियोजना कार्य, प्रश्नोत्तर, अभ्यासात्मक जस्ता विधिबाट सिकाई सहजीकरण गर्ने ।<br>• परम्परागत उपचार पद्दती प्रयोग गरीने बनस्पति तथा जडीबुटी हर्रो, बर्रो, गुर्जे, अदुवा, पाँच औले, यार्सा गुम्बा, बनमारा आदि जडीबुटी र यसको प्रयोग गर्ने अवस्था र तरिका सम्बन्धमा छलफल एवं परियोजना कार्य आदि क्रियाकलाप उपयोग गर्ने । | • परियोजना कार्य ।<br>• अभिभावक संग अन्तरक्रिया व्यवहार अवलोकन ।<br>• लिखित तथा मौखिक परिक्षा ।<br>• प्रतिवेदन मूल्यांकन ।<br>• व्यवहार परिवर्तन ।<br>• सामुदायिक कार्य अवलोकन । | १४ घण्टा |
| ८. स्थानीय संरचना र संघ संस्था | • स्थानीय संरचना । | • स्थानीय तथा प्रादेशिक संरचनाको दार्चुला जिल्लागत परिचय:- दार्चुला जिल्लाका नौ वटा स्थानीय तह, एक वटा संघिय निर्वाचन क्षेत्र र दुई वटा प्रादेशिक निर्वाचन क्षेत्रको परिचय र जननिर्वाचित जनप्रतिनिधिहरुको परिचय ।<br>• स्थानीय स्रोत साधनको संरक्षण र सम्बर्द्धन:- स्थानीय तहले स्रोत साधन | • दार्चुला जिल्लाका नौ वटा स्थानीय तह, एक वटा संघिय निर्वाचन क्षेत्र र दुई वटा प्रादेशिक निर्वाचन क्षेत्रको परिचय र जन निर्वाचित प्रतिनिधिहरुको परिचय गराउन छलफल तथा विषय वस्तुको प्रस्तुती गर्ने ।<br>• परियोजना कार्य, क्षेत्र भ्रमण, भिलेज प्रोफाईल अध्ययन आदिको माध्यमले स्थानीय तहले स्रोत साधन संरक्षणमा | • प्रश्नोत्तर ।<br>• प्रतिवेदन प्रस्तुती ।<br>• लिखित परिक्षा । | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संरक्षणमा गरेका प्रयासहरु । | गरेका प्रयासहरु बारे बताउने । | | |
| | • स्थानीय संघ संस्था | • दार्चुला जिल्ला स्थित रहेका सरकारी तथा गैर सरकारी संघ संस्थाहरु । | • जिल्ला स्थित रहेका प्रमुख कार्यालयहरु (जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला हुलाक कार्यालय, जिल्ला प्रहरी कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई आदि) को सामान्य परिचय तथा ति कार्यालयहरुले प्रदान गर्ने सेवाहरुबारे छलफल, अन्तरक्रिय एवम् सामुहिक कार्यको माध्यमबाट निचोड निकाल्ने । | • प्रश्नोत्तर ।<br>• कक्षाकार्य ।<br>• परियोजना कार्य । | |
| ९. विपद व्यवस्थापन र आत्मरक्षा | • विपद व्यवस्थापन र आत्मरक्षा | • विपद व्यवस्थापनका उपायहरु:- सजगता, सुरक्षा ।<br>• जिवन सुरक्षाको लागि अपनाउनुपर्ने सुरक्षात्मक सावधानी:- गम्भिरता<br>• घर, विद्यालय तथा सुरक्षित बसाई व्यवस्थापन:- सहज र सुरक्षित बसाई । | • विपद व्यवस्थापन पुर्व अपनाउनुपर्ने सावधानी र सुरक्षाका विभिन्न सान्दर्भिक उपायहरुको बारेमा छलफल तथा अन्तरक्रिया प्रस्तुत गरी आवश्यक उपायहरुबारे सिकारुहरुलाई बताउने ।<br>• घर तथा विद्यालय सुरक्षा तथा बसाई व्यवस्थापन:- सहज र सुरक्षित बसाई सम्बन्धमा प्रयोगात्मक कार्यहरु, प्रश्नोत्तर छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्ने ।<br>• जिवन सुरक्षाका लागि गम्भिरता तथा सतर्कता ( घर, विद्यालय, कक्षा कोठा, खेल्ने चौर, बाटो घाटो आदि ठाउँमा हुन सक्ने बिपदमा) अपनाउने बारे छलफल, प्रश्नोत्तर तथा प्रदर्शनका काध्यमबाट सिकाईलाई प्रेरित गर्ने । | • प्रश्नोत्तर, सिकारुको व्यवहार प्रदर्शन, कक्षा कार्य, लिखित तथा मौखिक जानकारी आदिको माध्यमले विपद व्यवस्थापन सम्बन्धि मूल्यांकन गर्ने ।<br>• प्रदर्शन तथा छलफल विधिबाट मूल्यांकन गर्ने । | १४ घण्टा |

## कक्षा ८

| विषय क्षेत्र | बिषय वस्तु | बिषय वस्तुको विस्तृतिकरण | सिकाई सहजीकरण क्रियाकलाप | मूल्यांकन प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो भाषा जातजाती र मूल्य मान्याता | • स्थानीय जातजाती र भाषा । | • दार्चुला जिल्लाको जातीगत पहिचान:- क्षेत्री, ब्रामण, दलित, र जनजातीको सामान्य परिचय र जातीगत विषेशताहरु ।<br>• माथि उल्लेखित जातजातीको भाषा, संस्कार, संस्कृति तथा मूल्य मान्यता । | • दार्चुला जिल्ला भित्रका जातीगत (क्षेत्री, ब्रामण, दलित र जनजातीको सामान्य परिचय र जातीगत विषेशता सम्बन्धि विषय वस्तुको प्रस्तुती ।<br>• संस्कार, सभ्यता, चाडपर्व एवम् संस्कारको चिनारी समेटीएको आवश्यक विषय वस्तुको प्रस्तुती तथा छलफल र प्रश्नोत्तरको माध्यमबाट जातिय भाषा र आफ्नो मातृ भाषा संरक्षणका उपायहरु आत्मसात गर्न उत्प्रेरित गर्ने । | • कक्षा कार्य ।<br>• परियोजना कार्य ।<br>• लिखित वा मौखिक प्रस्तुती आदि मूल्यांकनका साधनहरुलाई स्थानीय जातजाती, भाषा सम्बन्धमा विद्यार्थिहरुमा अपेक्षित सिकाई उपलब्धि प्राप्त भयो वा भएन एकिन गर्ने । | १४ घण्टा |
| २. भौगोलिक परिवेश र वातावरण | • भौगोलिक परिवेश र स्थानीय वातावरण । | • दार्चुला जिल्लाको भौगोलिक प्राकृतिक अवस्था (वनजंगल,पानी, जमिन),प्रकृती, विशेषता र संरक्षणका उपायहरु ।<br>• दार्चुला जिल्लामा रहेका प्रमुख नदि (महाकाली, चौलानी, नौगाड, थालीगाड,सिनागाड) ।<br>• प्रयावरणिय सन्तुलनमा हाम्रो भुमिका ।<br>• वातावरण संरक्षणमा समुदाय, स्थानीय सरकार, संघ संस्था तथा व्यक्तिको भूमिका ।<br>• वातावरण संरक्षण र सकारात्मक विकास:- दिर्घकालिन विकासका लागि प्रयावरणीय संतुलन कायम गर्ने उपायहरु । | • दार्चुला जिल्लाका भौगोलिक तथा प्राकृतिक अवस्था, यसका विशेषता र संरक्षणका उपायहरु सन्दर्भमा विषयवस्तु प्रस्तुती, सान्दर्भिक दृष्टान्त, प्रश्नोत्तर र परियोजना कार्य सान्दर्भिक सूचना प्रविधिको प्रयोग ।<br>• पर्यावरणिय सन्तुलनमा हाम्रो भुमिका सम्बन्धमा वादविवाद विश्लेषण, सन्दर्भ सामग्रीको प्रयोग तथा वातावरण संरक्षण सम्वन्धमा चार्ट तालिका विषय वस्तुको प्रस्तुती, छलफल, भ्रमण तथा अवलोकन विधिको प्रयोग ।<br>• वातावरण संरक्षणमा व्यक्ति, समुदाय, स्थानीय सरकार र संघ संस्थाको भूमिका ।<br>• संघ संस्थाको भूमिकाबारे छलफल र विषय | • कक्षा सहभागिताहरु ।<br>• कक्षा कार्य, व्यवहार अवलोकन, अभिभावक संग अन्तरक्रिया वा यस्तै साधनहरुद्वारा स्थानीय वातावरण सम्बन्धमा मूल्यांकन गर्ने ।<br>• लिखित तथा मौखिक प्रश्नोत्तर र प्रतिवेदन लेखन र प्रस्तुती मूल्यांकन ।<br>• परियोजना कार्य मूल्यांकन अभिमुखिकरण ।<br>• यि यस्तै अन्य प्रकृया अपनाएर विद्यार्थि मूल्यांकन गर्ने । | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वस्तुको प्रस्तुती ।<br>• दृघकालिन विकासका लागि पर्यावरणीय संतुलनका उपायहरु सम्बन्धि विषय वस्तुको प्रस्तुती भिडीयो तथा फिल्म फुटेजको प्रयोग । | | |
| ३. स्वस्थ्य खानपान, सरसफाई र खेलकुद | • स्वस्थ्य खानपान । | • जंक फुड नियन्त्रणका उपायहरु :- घर तथा विद्यालयमा जंकफुड निशेध गर्ने तथा घरमा निर्माण गरीएका पोषण युक्त खानेकुराहरुको प्रयोग गर्ने अभियानमा शिक्षक अभिभावक र स्थानीय सरकारको भुमीका । | • जंक फुड खाना यसको असर र यसबाट बच्ने उपायहरु घरमा निर्मित पोषणयुक्त खाना यसको महत्व फाईदा र यसको निर्माण प्रयोग गर्ने तरिका जस्ता विषयवस्तु बारे सान्दर्भिक विषयवस्तुको प्रस्तुती, परियोजना कार्य, प्रश्नोत्तर जस्ता गतिविधिहरु संचालन गरी सिकाई सहजीकरण गर्ने । | • परियोजना कार्य ।<br>• अभिभावक संग अन्तरक्रिया ।<br>• व्यवहार अवलोकन या अन्य विधि मार्फत स्वस्थ्य खानपिन सम्बन्धि अपेक्षित सिकाई उपलब्धिमा सिकारुमा प्राप्त भए नभएको एकिन गर्ने ।<br>• लिखित मौखिक प्रकृया प्रयोग गर्ने । | १८ घण्टा |
| | • सरसफाई | • सरसफाई:- सरसफाई र फोहरमैला व्यबस्थापनका दिर्घकालिन योजना ।<br>• सरसफाई र फोरमैला व्यवस्थापन:- पानीको स्रोतहरुमा फोहरमैला तथा ढल निकास वुरुद्वको अभियान हरित विद्यालय तथा हरित वातावरणको अवधारणा बारे स्पष्ट पार्ने ।<br>• सेनेटरी प्याड:- मर्यादित महिनावारी व्यवस्थापनका लागि योना । | • सार्थक अन्तर्क्रियाको माद्यमले सरसफाई र फोहर मैला व्यवस्थापनका दिर्घकालिन योजना वारे बताईदिने ।<br>• परियोजना कार्यमार्फत पानीका स्रोतहरुमा फोहरमैला तथा ढल निकास विरुद्वको अभियान हरित विद्यालय, हरित घर र हरित वातावरणको अवधारणा वारे स्पष्ट गर्ने।<br>• सार्थक अन्तरक्रियाको माद्यमले सेनेटरी प्याड प्रयोग र निर्माण बारे बताउनुको साथै स्थानीय स्रोत साधनबाट निर्माण गर्न गाउने । | • व्यवहार अवलोकन ।<br>• अभिभावक संग अन्तर्क्रिया प्रयोगात्मक र परियोजना कार्यको माध्यमले सरसफाई सम्ब्धी मूल्यांकन गर्ने ।<br>• व्यवहार अवलोकन गर्ने<br>• प्रयोगात्मक कार्यको माध्यमले मूल्यांकन गर्ने । | |
| | • स्थानीय खेलकुद | • दार्चुला जिल्ला भित्र स्थानीय स्तरमा खेलिने खेलहरुमा सहभागी हुने (ठिणी, घर्ती, सम्बिया, खोप्पी, पिला, सुर्रा, घुच्ची, बागचाल) । | • सामुहिक रुपमा स्थानीय खेलकुदहरुमा प्रयोगात्मक सहभागी गराई सिकाई सहजीकरण क्रियाकलापको प्रयोग । | • अवलोकन । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. स्थानीय सीप र प्रविधि | • स्थानीय सीप र प्रविधि। | • रैथाने प्रविधिको प्रयोग :- डोको, नाम्लो, मट्टो, सुप्पो, गल्यौ, हलो, जुं, दुना, दन, पाताला, फिनी आदि निर्माण तथा आधुनिक सीप प्रवर्दन सम्बन्धि सीप विकास।<br>• रोजगार र स्वरोजगार नौगाड गा.पा. लगायत दार्चुला जिल्लाको युवा स्वरोजगार कार्यक्रम र अवसरहरु। | • स्थानीय रैथाने प्रविधि तथा सीपको प्रयोग गरी आय आर्जन गर्न उत्प्रेरित गर्ने तथा स्थानीय बिज्ञलाई बोलाएर (डोको, नाम्लो, मट्टो, सुप्पो, गल्यौ, हलो, जुं, दुना, पाताला, दन, फिनी ) को सजावट वा अन्य घरेलु सामग्रीहरुको निर्माणको अभ्यासात्मक क्रियाकलापहरु संचालन गर्ने।<br>• सिकारुलाई बढीमा चारवटा ऐच्छिक घरेलु सामग्री निर्माणको सीप विकास गराउने तर्फ योजना बनाई आवश्यक क्रियाकलापहरु संचालन गर्ने। | • अवलोकन।<br>• प्रयोगात्मक तथा परियोजना कार्य।<br>• लिखित वा मौखिक कार्य, सीप प्रदर्शन आदिको माध्यमले स्थानीय सीप र प्रविधि सम्बन्धी विद्यार्थिको सिकाई उपलब्धी मूल्यांकन गर्ने। | १३ घण्टा |
| ५. कृषि वन तथा जिविकोपार्जन | • कृषि। | • कृषि तथा गैर कृषिजन्य घरेलु तथा साना उद्योग विकास गर्ने उपायहरुको खोजी र कार्यान्वयन। | • अनुभव साटासाट, अवलोकन, छलफल, विषय वस्तुको प्रस्तुती, परियोजना कार्य जस्ता विधिहरुको उपयोग गर्दै स्थानीय पेसाको परिचय र महत्व, विभिन्न खेतीबारिमा लाग्ने रोगहरुको पहिचान र घरेलु विधिबाट उपचार गर्ने तरिकाहरु सम्न्धी विषयबस्तु वारे सहजीकरण गर्न सकिन्छ। | • कक्षा कार्य।<br>• प्रश्नोत्तर।<br>• परियोजना तथा प्रयोगात्मक कार्य।<br>• लिखित तथा मौखिक प्रस्तुती आदिको आधारमा पेसा तथा व्यवसायको सम्बन्धमा मूल्यांकन गर्ने। | १४ घण्टा |
| | • वन जंगल। | • स्थानीय स्तरमा रहेका वनजंगलको संरक्षण, वन विनासका कारण तथा वृक्षारोपण। | • कक्षाकोठामा छलफल तथा अन्तरक्रियाको माद्यमबाट वनजंगलको संरक्षण वन विनासका कारणवारे सिकाई सहजीकरण गर्ने।<br>• सामुदाय तथा विद्यालयमा वहुउपयोगी वनस्पति रोप्ने, स्वच्छ वातावरण निर्माणको प्रयोगात्मक क्रियाकलाप संचालन गर्ने तथा परियोजनामा आधारित क्रियाकलाप गर्ने। | • कक्षा कार्य।<br>• प्रश्नोत्तर।<br>• परियोजना तथा प्रयोगात्मक कार्य।<br>• लिखित तथा मौखिक प्रस्तुती आदिको आधारमा पेसा तथा व्यवसायको सम्बन्धमा मूल्यांकन गर्ने।<br>• कक्षाकार्य, कक्षा सहभागिता, व्यवहार अवलोकन।<br>• सामुदायीक कार्यवाट प्राप्त | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विवरको लेखाजोखा ।<br>• प्रयोगात्मक कार्य । | |
| | • जिविकोपार्जन । | • जिविकोपार्जनका आधारहरु । | • दार्चुला जिल्लाका विभिन्न क्षेत्रको जिविकोपार्जनका आधारहरुमा कृषि, ज्याला मजदुरी, स्थानीय सीप, पेसा, व्यवसाय आदि सम्बन्धमा विषय वस्तुमा अन्तरक्रिया गर्ने ।<br>• स्थानीय पेसा व्यवसाय, कृषि क्षेत्रमा विद्यार्थिहरुलाई क्षेत्र भ्रमण गराउने । | • मौखिक तथा लिखित प्रस्नोत्तर गरी विद्यार्थिको मूल्यांकन गर्ने ।<br>• लिखित तथा मौखिक प्रश्नोत्तर गराउने ।<br>• क्षेत्र भ्रमणमा विद्यार्थिले देखाएको व्यहारको आधारमा मूल्यांकन गर्ने । | |
| ६. हाम्रो सम्पदा र पर्यटन | • स्थानीय सम्पदा । | • नागेश्वर धामको संरचना र स्वरुप:- नागेश्वर धामको राष्ट्रिय महत्व र वदलिदो संरचनाको जानकारी, नागेश्वर धामको विकास मार्ग चित्र, र पुरातात्विक संरचना र संरक्षण ।<br>• दार्चुला जिल्लाका प्रमुख सम्पदाहरु र पर्यटकीय सम्पदाहरु:- दार्चुला जिल्लामा अवस्थित कुनै ४ वटा प्रमुख पर्यटकीय स्थल ( नौगाडको आनरी गुफा, दुहुँ र नौगाडको विचको सिद्दको टोपी, अपिहिमालको मकरीगाड, खण्डेश्वरी पदमार्ग, शैल्यशिखरको मालिकार्जुन धाम) आदि स्थानको परिचय र महत्व । | • कथाकथन, सोधखोज, परियोजना कार्य, सान्दर्भिक स्रोत साधनको प्रयोग जस्ता विधिको प्रयोग गर्दै नागेश्वरको विकासमा नौगाड लगायत अन्य स्थानीय तह तथा सरकारी गैर सरकारी संस्थाहरु, प्रदेश र संघिय सरकारले गरेका प्रमुख कार्यहरु सूचित गर्ने ।<br>• दार्चुला जिल्लामा अवस्थित सम्पदाहरुमध्ये धार्मिक, ऐतिहासिक, प्राकृतिक तथा सास्कृतिक प्रमुख ४ सम्पदाको परिचय, महत्व र संरक्षणका उपाय वारे समुचित जानकारी दिन सान्दर्भिक क्रियाकलापहरु सञ्चालन गर्ने । | • प्रश्नोत्तर, परियोजना, प्रयोगात्मक कार्य लिखित वा मौखिक प्रस्तुती आदिको आधारमा मूल्यांकन साधनद्वारा मूल्यांकन गर्ने । | १३ घण्टा |
| | • पर्यटन | • सम्पदा विकास र संरचनामा गरीएका कार्यहरु नौगाड गा.पा. लगायत दार्चुला जिल्लाका सम्पदाको विकास, संरक्षण र प्रचार प्रसारमा नौगाड लगायत अन्य स्थानीय तह र संघ संस्थाहरुबाट भए गरेका कार्यहरु र गर्नुपर्ने कार्यहरु । | • दार्चुला जिल्लामा अवस्थित सम्पदाहरु मध्ये धार्मिक, ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक प्रमुख ४ वटा सम्पदाको परिचय, महत्व र संरक्षणका उपाय बारे समुचित जानकारी दिन सान्दर्भिक क्रियाकलापहरु सञ्चालन गर्ने । | | |
| ७. हाम्रो | • हाम्रो जडीबुटी । | • नौगाड गाउँपालिका भित्रका विभिन्न | • हाम्रो पालिका भित्र विभिन्न ठाउँमा पाईने | • अवलोकन कार्य । | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| जडीबुटी तथा परम्परागत उपचार विधि | • परम्परागत उपचार विधि । | ठाउँमा पाईने जडीबुटीहरुको बारेमा थाहा पाउन ।<br>• हाम्रा परम्परागत उपचार विधिको बारेमा बताउन । | जडीबुटीहरु हर्रो,बर्रो, अमला,तम्पते, दाल्चीनि, भङ्खपरे, यार्सागुम्बा, हाताजडी, फडकी, वल्चन, भिणेती, तिते, सतुवा, गानन्नु, डुल, टिमुर, अलैची, बोजो, लेमनग्रास, तुलसी आदि जस्ता अकित चित्र वा चार्टबाट तथा तालिममा देखाएर सिकाई सहजीहरण गर्ने ।<br>• यि जडीबुटीहरुको प्रयोग तथा यसबाट हुने फाईदाको बारेमा सान्दर्भिक परियोनामा आधारित शिक्षण सिकाई क्रियाकलाप गर्ने ।<br>• हामो स्थानीय स्तरमा रहेका विभिन्न परम्परागत उपचार विधि: झाडफुक विधि, भङ्खपरे, कटकी, वल्चन, डुलबाट हातखुट्टा सेक्ने, लेमन ग्रास, वोजो, तुलसीबाट विभिन्न काममा प्रयोग गर्ने तौरतरिका बारेमा वैद्य तथा यस्ता शिप भएका व्यक्तीलाई सोधपुछ गरी सिकाई सहजीकरण गर्ने । | • प्रयोगात्मक तथा परियोजना कार्य ।<br>• प्रश्नोत्तर कार्य, कक्षा कार्य वा अन्य उपयुक्त विधि अपनाएर सिकारुको सिकाई उपलब्धिको अवस्था मूल्यांकन गर्ने ।<br>• क्षेत्र भ्रमण, अवलोकन कार्य ।<br>• प्रयोगात्मक कार्य ।<br>• प्रश्नोत्तर कार्य ।<br>• लखित वा मौखिक अभिव्यक्ती, विद्यार्थिको अनुभव प्रदर्शन, परियोजना कार्य आदिबाट मूल्यांकन गर्ने । | |
| ८. स्थानीय संरचना र संघ संस्था | • संरचना । | • दार्चुला जिल्लाको परिचय:- दार्चुला जिल्लाको नामाकरण, क्षेत्रफल, दार्चुला नामाकरणको सन्दर्भ, सिमाना, भौगोलिक एवम् प्राकृतिक अवस्था ।<br>• सुदूरपश्चिम प्रदेशको संक्षिप्त परिचय यहाँ अवस्थित जिल्ला संख्या, स्थानीय तहको संख्या, मुख्य हिमाल तथा नदीहरु ।<br>• प्राकृतिक स्रोत साधनको प्रयोग र संरक्षण:- प्राकृतिक स्रोत साधनको विवेकशिल प्रयोग गर्ने उपायहरुको खोजी र प्राकृतिक स्रोत साधन संरक्षणका उपायहरु । | • दार्चुला जिल्लाको परिचय, दार्चुला जिल्लाको नामाकरण क्षेत्रफल दार्चुला जिल्लाको नामाकरणको सन्दर्भ, सिमाना, भौगोलिक एवम् प्राकृतिक अवस्थावारे सन्दर्भ सामग्रीद्वारा विषय वस्तुको प्रस्तुती ।<br>• परियोजना तथा थप पाठ्यसामग्रीको सहायताले सुदूरपश्चिम प्रदेशको संक्षिप्त परिचय, यहाँ अवस्थित जिल्ला संख्या, स्थानीय तह संख्या, मुख्य हिमाल तथा नदिहरुबारे स्पष्ट पारिदिने ।<br>• प्राकृतिक स्रोत साधनको विवेकसिल प्रयोग गर्ने उपाहरुको खोजी र प्राकृतिक साधन संरक्षणका उपायहरु बारेमा विषय वस्तुको | • प्रश्नोत्तर ।<br>• कक्षा कार्य या अन्य उपयुक्त विधि अपनाएर सिकारुको सिकाई उपलब्धिको अवस्था मूल्यांकन गर्ने । | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रस्तुती तथा छलफल र अन्तरक्रिया । | | |
| | • स्थानीय संघ संस्थाहरु | • स्थानीय संघ सस्थाको परिचय:- नौगाड गाउँपालिका भित्र रहेका संघ संस्थाको बारेमा परिचित हुन । | • नौगाड गाउँपालिका भित्र रहेका स्थानीय संघ संस्थाहरु:- सहकारी संस्थाहरु, स्थानीय तह, वाडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, विद्यालयहरु, वन संरक्षण कार्यालयहरु, आत्मज्ञान प्रचार प्रसार संस्था, वित्तिय संस्थाहरु आदि संस्थाहरुको तालिका तथा चार्टवाट कक्षामा अवलोकन तथा छलफल गराउने ।<br>• क्षेत्र भ्रमण गराई आवश्यक ज्ञान सीपको धारणा दिने ।<br>• हाम्रो पालिका भित्र रहेका विभिन्न संघ संस्थाहरुको सोध खोज विधि, अद्यापन अवलोकन विधि, सामुदायिक कार्य विधि आदिको माध्यमबाट सिकाई सहजीकरण गर्ने । | • प्रश्नोत्तर तथा कक्षाकार्य ।<br>• अवलोकन ।<br>• परियोजनाकार्य ।<br>• प्रतिवेदन प्रस्तती मूल्यांकन । | |
| ९. विपद व्यवस्थापन र आत्मरक्षा | • विपद व्यवस्थापन | • स्थानीय विपदहरु:- डढेलो, आँधिहुरी, आगलागी, वाढीपहिरो आदि विपदका कारणहरु तथा बच्ने उपाय ।<br>• विपद व्यवस्थापनका उपायहरु :- विपद, हुनु अघि, विपदका समय र विपदपछिको अवस्थामा गर्नुपर्ने व्यवस्थापकीय पक्षहरु । | • घट्न सक्ने तथा घटिरहने विपदहरु र यसबाट वच्ने उपायहरुको सिमुलेसन, प्रयोगात्मक कार्यहरु, प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदिको माध्यमबाट सहजीकरण गर्न सकिन्छ ।<br>• परियोजनामा आधारित क्रियाकलापहरु<br>• सामुदायिक कार्यहरु । | • प्रश्नोत्तर ।<br>• सिकारुको व्यवहार प्रदर्शन ।<br>• कक्षा कार्य ।<br>• लिखित वा मौखिक परिक्षा । | १४ घण्टा |
| | • आत्मरक्षा | • सुरक्षात्मक सावधान:- घर, विद्यालय तथा अन्य सार्वजनिक स्थल तथा सार्वजनिक कार्यक्रम स्थलमा बसाई व्यवस्थापनमा सुरक्षित व्यवस्थापन । | • जिवन सुरक्षा तथा आत्मरक्षाका लागि घर, विद्यालय, खेल्ने चौर, सार्वजनिक स्थलहरु, सार्वजनिक कार्यक्रममा  वसाई व्यवस्थापन तथा बर्षा मौसममा हिडडुल गर्दा सावधानी आदि सम्बन्धमा प्रश्नोत्तर, छलफल, प्रदर्शन माध्यमबाट सिकारुलाई सहजीकरण गर्ने । | • प्रदर्शन र छलफल विधिलाई बढी जोड दिने । | |

## १०. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

स्थानीय पाठ्यक्रम स्थानीय वस्तुस्थितिको सापेक्षतामा तयार गरीने पाठ्यक्रम हो । एउटै पालिकामा पनि स्थानीय विषयवस्तुको सन्दर्भ र परिवेशमा एकरुपता नहुन सक्छ । स्थानीय बिषयको लागि पाठ्यपुस्तकको परिकल्पना गरीदैन तथापी विषयबस्तुसँग सम्बन्धित विभिन्न सन्दर्भपुस्तकहरुलाई उपयोगमा भने ल्याउन सकिन्छ । सिकारुको रुचि, उमेर, क्षमता र स्थानीय परिवेशको जगमा यसको सिकाइ सहजीकरण गर्नुपर्ने भएकाले एउटै विधि वा सिकाइ क्रियाकलाप स्थानीय विषयमा सान्दर्भिक हुदैन । यस अर्थमा पनि परिवेश सापेक्ष शिक्षण सिकाइ क्रियाकलाप वाञ्छनीय हुन्छ, स्थानीय पाठ्यक्रमको सिकाइ सहजीकरणको सम्बन्धमा । स्थानीय विषय बढ्ने र पढाउने विषय भन्दापनि गर्ने र गराईने विषय हो । यो स्थानीय विशिष्ट परिस्थिति सापेक्ष हुन्छ जसले गर्दा यसले पाठ्यपुस्तकको परिकल्पना गर्दैन । एउटै पालिकाको विभिन्न क्षेत्रको वस्तुस्थिति पनि फरक फरक हुन सक्ने भएकाले ठाउँ विशेष यसका क्रियाकलापहरु पनि फरक फरक हुन सक्ने सम्भावना रहन्छ । कुनै पनि विषय वस्तुको प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप, आवश्यक शैक्षणिक योजना निर्माण, त्यसको कार्यान्वयनको आवश्यकता हुन्छ । स्थानीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका विषय क्षेत्रसँग सम्बन्धित भई विभिन्न विद्यार्थी केन्द्रित क्रियाकलाप, परियोजना कार्य, सामुदायिक कार्यलाई उपयोगमा ल्याउन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोग गर्दै विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सकिन्छ । स्थानीय पाठ्यक्रम शिक्षणको विधि तथा क्रियाकलाप यही नै हुन्छ र हुनुपर्छ भन्ने हुदैन तथापी शिक्षण सिकाइ गर्दा निम्नानुसार शिक्षण विधि र क्रियाकलापहरु सञ्चालन गर्न सकिन्छ ।

- **छलफल/प्रश्नोत्तर :** विभिन्न विषयहरुमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो र छलफल पश्चात के कस्ता प्रश्नहरु सोध्ने हो त्यसको पूर्व तयारी गरेर छलफल गर्नु पर्छ । उदाहरणका लागि स्थानीय तहमा उत्पादन गरीने तरकारीका बारेमा छलफल गरी प्रश्नोत्तर गर्ने हो भने तलका जस्ता बुँदाहरुमा छलफल गर्न सकिन्छ :
    - तिम्रो घरमा के-के तरकारी फल्छ ?
    - हरिया सागपात खानाले शरीरलाई के-के फाईदा पुग्छ ?
    - तिमीलाई कुन फल मन पर्छ ? किन मन पर्छ ?
    - जङ्कफुड (पत्रु खाना) ले हाम्रो स्वास्थ्यमा कस्तो असर पर्छ ?
    - किन स्थानीय स्तरमा पाइने तथा घरमा बनाएको पोषणयुक्त खाजा खानु पर्छ

छलफल विधिका प्रकारहरु

- समूह छलफल
- गुञ्जसत्र
- मस्ति झन्झा
- प्यानेल छलफल
- विज्ञ छलफल

- **प्रदर्शन :** शिक्षक, विद्यार्थी र सरोकारबालाहरुबाट बिभिन्न सामग्रीहरु संकलन गरेर, विभिन्न कृषि मेला, उद्योग मेला, सांस्कृतिक पर्व आदिमा सहभागी गराएर प्रदर्शन अवलोकन गर्ने, त्यस बारेमा छलफल गर्ने जस्ता क्रियाकलापहरु गर्न सकिन्छ । आवश्यकता अनुसार वास्तविक घटना या गतिविधिहरु अवलोकन गर्न लगाउने, सान्दर्भिक भिडियो क्लिप फिलिम फुटेज, चित्र, तश्वीर तथा श्रब्य दृष्य, श्रब्य-दृष्य सामग्री, मोबाइलमा रेकर्ड या भिडियो खिचेर पनि सिकारुलाई देखाउन सकिन्छ । यसो गर्दा विषयवस्तुको बारेमा थप स्पष्ट पार्न सकिन्छ ।
    - तिम्रो घरमा भएका कुनै तिन ओटा अन्नबाली देखाऊ/को नाम भन । वा चित्रमा भिडियोमा भएका मध्ये कुन कुन अन्नबालीहरु तिम्रो घरमा छन् ? कुनै ३ वटा अन्नबालिको नाम भन ।
    - तिम्रो वरपर भएको कुनै दुई मठमन्दिरको नाम लेखेर प्रदर्शन गर ।
    - कुनै एक लोक गित गाएर सुनाऊ ।
    - स्थानीय बस्तुको प्रयोग गरी कुनै एक सामग्री निर्माण गर ।
- **सहभागीता :** गरेर सिक (Learning by doing) विधि नै सहभागिता विधि हो । सहभागिता विभिन्न कार्यमा गराउन सकिन्छ । सहभागितामा जिम्मेवारी बढ्छ । तसर्थ विभिन्न कार्यक्रहरुमा विद्यार्थीहरुलाई सहभागी गराउनुपर्छ । यसो गर्दा विद्यार्थीहरुले हेरेर र गरेर धेरै कुराहरु सिक्दछन् ।
    - अशक्त व्यक्तिले बाटो काट्न नसक्दा तिमी के गर्छौ ?
    - अपाङ्गता भएका व्यक्तिहरुसँग हामीले कस्तो व्यवहार गर्नुपर्छ ?
- **अवलोकन भ्रमण र अभ्यास :** विद्यार्थीहरुलाई विभिन्न कुराहरुको अवलोकन भ्रमण र अभ्यासमा सहभागी गराउनु पर्छ । नदी, नाला, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदा आदिको भ्रमण र अवलोकन गरेर सिकाउन सकिन्छ । अवलोकन भ्रमण पश्चात सिकारुले सिकेका कुराहरुलाई प्रस्तुत गराउन लगाउने गर्न सकिन्छ ।
- **परियोजना कार्य :** अभ्यासकै महत्वपूर्ण अङ्गका रुपमा हिजोआज परियोजना कार्य गर्ने गराउने गरीन्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नु पर्दछ । त्यस्तो खाका भनेको के गर्ने, किन गर्ने, कसरी गर्ने, कसले गर्ने, खर्च कति लाग्ने जस्ता कुराहरु पहिलेनै सोच्नु पर्छ । परियोजना कार्य मार्फत करेसाबारी निर्माण, स्थानीय प्रविधिको प्रयोग, फलफुल एवम् तरकारी खेती, स्थानीय सामग्री निर्माण र प्रदर्शन जस्ता कार्यहरु गर्न/गराउन सकिन्छ ।
- **अभिभावकीय संलग्नता :** शिक्षकले स्थानीय विषयवस्तुसँग सम्बन्धित कतिपय सिकारुको व्यवहारसँग गाँसिएका आचरण, मूल्यमान्यता, सोचाइ र व्यवहार परिवर्तन लिखित वा मौखिक तवरले सहजीकरण गरेरमात्र पुग्दैन । सिकारुले घरको वातावरण, अभिभावकको सहयोग र निर्देशनबाट सिक्ने गर्दछ । यस्तो परिवेशमा सिकाइ सहजीकरणमा अभिभावकीय संलग्नतालाई पनि समुचित स्थान दिनुपर्ने हुन्छ

। अभिभावकको सल्लाह, निर्देशन तथा प्रतिक्रियालाई आधार बनाएर आवश्यकता अनुसार उपचारात्मक शिक्षण पद्धतिलाई पनि उपयोग गर्न सक्नु पर्दछ ।

- **कथाकथन वा गीत/संगीत विधि :** पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ उपलब्धि तथा पाठ्यक्रममा समाविष्ट विषयवस्तुको जगमा रहेर सान्दर्भिक कथा, कविता, गीत तथा संगीतको माध्यमले पनि सिकाइ सहजीकरन गर्न सकिन्छ । यसो गर्दा अपेक्षित सिकाइ उपलब्धि प्राप्तिमा सहजता हुन्छ नै साथसाथै विषयवस्तुको धारणालाई समेत थप स्पष्ट पार्न सकिन्छ ।
- **भूमिका निर्वाह तथा नाटकीकरण विधि :** स्थानीय पाठ्यक्रममा उल्लेखित विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सिकारु स्वयमलाई सिकाइ सहजीकरणको माध्यम बनाऊन सकिन्छ । यसको लागि सिकारुलाई विभिन्न भूमिका निर्वाह गर्ने वातावरण दिईनु पर्दछ । जस्तै अपाङ्गतामैत्री व्यवहार प्रदर्शन गर्न यदी कक्षाकोठामा अपाङ्ग बालबालिकाहरु छैनन् भने सिकारुमध्ये कुनै एकलाई अपाङ्ग व्यक्तिको रुपमा भूमिका निर्बाह गर्न लगाउने र अरुलाई अपाङ्ग व्यक्तिलाई सहयोग गरेको भूमिका दिएर यो विधि प्रयोग गर्न सकिन्छ । यसै गरी सकारात्मक व्यवहार प्रदर्शन, बृद्ध-बृद्धा तथा अग्रजहरुलाई सम्मान गर्ने खालको नाटक तयार गरेर पनि सिकारुलाई विषयवस्तुबारे स्पष्ट पार्न सकिन्छ ।
- **अन्वेषण, अनुसन्धान तथा खोज विधि** : विषयवस्तुको सान्दर्भिता र अपेक्षित सिकाइ उपलब्धिको अपेक्षालाई समुचित ध्यान दिँदै समस्या या प्रश्नको प्रस्तुति, गरीने क्रियाकलाप, निकालिने निश्कर्ष र सञ्चालन गरीने अन्वेषण, अनुसन्धान तथा खोज कार्यको बारेमा सिकारुलाई आवश्यक निर्देशन दिई सो सम्बन्धि क्रियाकलापमा सहभागी गराउन सकिन्छ ।
- **प्रविधियुक्त कक्षा :** विषयवस्तुलाई थप स्पष्ट पार्दै अपेक्षित सिकाइ उपलब्धि प्राप्त गराउनकालागि आवश्यकतानुसार, मोबाइल, कम्प्युटर, प्रोजेक्टर, विभिन्न प्रकृतिका सामाजिक सञ्जालहरुको समुचित प्रयोग गरी धारणाहरुको दृष्याङ्कन गर्न सकिन्छ ।
- **अन्य सान्दर्भिक सिकाइ सहजीकरण विधिहरु :** आगमन तथा निगमन विधि, निर्माणात्मक तथा सहयोगात्मक कक्षा शिक्षण विधि, खेल विधि, परियोजना कार्य, क्षेत्र भ्रमण विधि, अन्तरक्रिया विधि, उदाहरण र प्रयोग विधि आदि सान्दर्भिक विधिहरुलाई विषयवस्तुको प्रकृति, अपेक्षित सिकाइ उपलब्धि, समय सन्दर्भ र परिवेशका आधारमा सिकाइ सहजीकरण गर्न सकिन्छ । सिकाइ सहजीकरण छनौट र प्रयोग गर्नको मुख्य ध्यये भनेकै सिकारुले निर्दिष्ट सिकाइ उपलब्धि प्राप्त गर्न सकून भन्ने नै हो ।

## सिकाई सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्ष

स्थानीय पाठ्यक्रम स्थानीय विषय स्थानीय परिवेशमा तयार गरीएको आवश्यकता केन्द्रित विषयबस्तुहरुको सँगालो भएकोले अन्य विषयहरु जस्तो तोकिएको पाठ्यपुस्तक उल्लेख भए बमोजिम सिकाइ सहजीकरण गर्न सम्भव हुदैन । विषयवस्तुको माग र सिकारुको अवस्थालाई मध्यनजर गर्दा स्थानीय विषय पठनपाठन गराउनु पर्ने भएकाले पनि यसको सिकाइ सहजीकरण अन्य विषय भन्दा अलि फरक हुन सक्ने सम्भावना रहन्छ । सम्भाबित विषय क्षेत्रमा मेलखाने शिक्षण विधि तथा प्रविधि छनौट गर्दा ध्यान दिनुपर्ने केही महत्वपूर्ण पक्षहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- **विषयवस्तु तथा सिकाइ उपलब्धि :** स्थानीय पाठ्यक्रममा उल्लेख गरीएको तथा कक्षागत,एकाइगत तथा पाठगत विषयवस्तु तथा अपेक्षित सिकाइ उपलब्धिसँग मेलखाने सिकाइ सहजीकरण विधि छनौट र प्रयोगमा समुचित ध्यान दिनु पर्दछ । उदाहरणका लागि स्थानीय सीप र प्रविधि सम्बन्धमा शिक्षण सिकाइ गर्दा सिकारुलाई ब्याख्यान वा विश्लेषणात्मक विधिवाट सहजीकरण गर्दा अपेक्षित सीप विकास गर्न सकिन्छ । यसको लागि प्रयोगात्मक, अभ्यासात्मक तथा प्रदर्शन जस्ता विधिहरु आवश्यक हुन्छन ।
- **बालमनोबिज्ञान :** पाठ्यपुस्तक तथा कार्यपुस्तकद्वारा चित्रात्मक प्रस्तुतिबाट सिकिरहेका विद्यार्थीहरुलाई स्थानीय पाठ्यक्रम विना कुनै पाठ्यपुस्तक या कार्यपुस्तकबाट पढ्नु पर्दा असहजताको अनुभूति हुन सक्दछ । यस्तो अवस्थामा सर्वप्रथम सिकारुको दैनिक जीवन तथा स्थानीय परिवेश अनुकूलको स्थानीय विषय शिक्षण गर्दा सिकारुको उमेर, रुचि, व्यक्तिगत क्षमता, पूर्वज्ञान, प्रवृत्ति आदिलाई ध्यान दिई सोही बमोजिका सिकाइ सहजीकरण विधि उपयोगमा ल्याउनुपर्ने हुन्छ ।
- **स्रोत साधनको उपलब्धता :** स्थानीय विषयको सिकाइ सहजीकरण गर्दा शिक्षण विधि तथा रणनीति छनौटको सन्दर्भमा आर्थिक, मानवीय, भौतिक एवम् स्थानीयताको  दृष्टिकोणले उपयुक्त हुने र स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सहजतापूर्वक प्रयोग गर्न सकिने हिसावले छनौट गर्नु पर्दछ ।
- **विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति :** विद्यालयको वातावरण, विद्यार्थी आउने समुदायको पृष्ठभूमिमा परिस्थिति सापेक्ष शिक्षण विधि तथा प्रविधिहरुको छनौट र उपयोगलाई ध्यान दिई शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्ने हुन्छ । विद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरु उपलब्ध छन् । स्थानीय स्तरबाट थप सामग्रीहरु के कसरी उपलब्ध गराउन सकिन्छ ? शिक्षणसिकाइको लागि हाम्रो लागि कस्तो परिस्थिति विद्यामान छ ? जस्ता कुराहरुको सही र सार्थक विश्लेषण गरी शिक्षण विधिको छनौट र प्रयोग गर्न सके स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रिया सहजरुपमा सञ्चालन गर्न सकिन्छ ।
- **शिक्षकको योग्यता, क्षमता र रुचि :** स्थानीय विषय केवल पाठ्यक्रम र विभिन्न सन्दर्भ सामग्रीद्वारा पठनपाठन गर्नुपर्ने भएकाले शिक्षक योग्य भएर मात्रै पुग्दैन । शिक्षकले आत्मविश्वासका साथ आवश्यक विधि तथा प्रविधि र शिक्षण सामग्रीको

व्यवस्थापन गर्न पनि सक्रिय हुनु पर्छ । लगनशील र पेसासँग बफादार शिक्षकले मात्र इमानदारीपूर्वक आवश्यक स्रोत सामग्रीको व्यवस्थापन गरेर स्थानीय विकाष पठनपाठन गर्न सक्ने भएकाले शिक्षकको क्षमता र आत्मविश्वास विकास गर्न स्थानीय विषयको पाठ्यक्रम तथा शिक्षण विधिको बारेमा यथोचित तालिमको व्यवस्था गर्नुपर्ने हुन्छ ।

- **स्थानीय परिवेश, सन्दर्भ र प्रसंग :** स्थानीय विषयवस्तु स्वभावले नै स्थानीय परिवेश, स्थानीय सन्दर्भ र प्रसंग सापेक्ष हुन्छ । विषयवस्तुको स्वरुप र अपेक्षित सिकाइ उपलब्धिलाई स्थानीय परिवेशसँग संयोजनगर्दै स्थानीय वातावरण अनुकुल शिक्षण विधि र प्रविधिको छनौट गरी सिकाइ सहजीकरण गर्न सकिने भएकाले स्थानीय परिवेश र सन्दर्भमा पनि विशेष ध्यान दिन आवश्यक हुन्छ ।

## ११. मूल्याङ्कन प्रणाली

मूलत: स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरुको मूल्याङ्कन गर्न सिकारुले प्राप्त गरेका उपलब्धिहरु परियोजना कार्यमार्फत गर्न सान्दर्भिक हुन्छ । पेपर-पेन्सिल टेस्टबाट मात्र स्थानीय विषयको उपलब्धि मूल्याङ्कन गर्दा पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ उपलब्धि प्राप्त भए/नभएको यकिन गर्न कठिन हुन्छ । तर पनि विद्यार्थी मूल्याङ्न पाठ्यक्रमको एक अभिन्न अंग हो । यस अन्तर्गत विद्यार्थी मूल्याङ्कन र पाठ्यक्रम मूल्याङ्कन महत्वपूर्ण छन् । पाठ्यक्रमको समग्र मूल्याङ्कन भने पाठ्यक्रम निर्माण समूह, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरु समेतको संयुक्त प्रयासमा अवलोकन, अन्तर्क्रिया र छलफलबाट गर्न सकिन्छ । यो पाठ्यक्रम स्थानीय तहमै कार्यान्वयन गरीने भएकाले यसलाई निरन्तर अद्यावधिक (Update) पनि गर्दै लान आवश्यक छ । आवश्यक ठानिएका विषयवस्तुहरु थप गर्दै आवश्यक नठानिएका विषयवस्तुहरु हटाउँदै जान पनि सकिन्छ ।

स्थानीय विषयको मूल्याङ्कन गर्दा प्रत्येक विद्यार्थीहरुको कार्यसञ्चयीका (Portfolio) व्यवस्थित गरी राख्न आवश्यक हुन्छ । सिकारुको कक्षा कार्य, उपस्थिति, परियोजना कार्य, व्यवहार अवलोकनबाट देखिएको अपेक्षित परिवर्तन, उपलब्धि परीक्षा आदिलाई अध्यावधिक गर्दै सोही आधारमा विद्यार्थीको मूल्याङ्कन गरीनुपर्छ । सिकारुको मूल्याङ्कनमा सिकाइ क्षेत्रमा प्राप्त भएको अपेक्षित ज्ञान, सीप, बुझाइ, व्यवहारलाई आवश्यकता अनुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनशीलता (Creativeness/Creativity) लगायतका उच्च क्षमता परीक्षण गर्नका लागि साधन तथा प्रक्रियाको अबलम्बन गर्नुपर्छ । स्थानीय विषयको सम्भावित मूल्याङ्कन नमुनालाई निम्नानुसार तालिकामा देखाईएको छ ।

| क्र.स. | मूल्याङ्कन तरिका | मूल्याङ्कन साधन | कैफियत |
|---|---|---|---|
| १ | प्रश्नोत्तर | प्रश्न चित्र, घटना प्रश्न, छोटो, मौखिक या लिखित प्रश्न, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक/बेठीक प्रश्न, बहुबैकल्पिक प्रश्न आदि | |
| २ | अवलोकन | रुब्रिक्स, रुजुसूची, श्रेणी मापन, मौखिक प्रश्न, घट्ना वर्णन आदि | |
| ३ | परियोजना तथा प्रयोगात्मक कार्य | मौखिक प्रश्न, स्वतन्त्र अभिव्यक्ति, बुँदागत प्रस्तुति, रुब्रिक्स रुजुसूची, श्रेणीमापन | |
| ४ | सहपाठी मूल्याङ्कन | विभिन्न खालका फारम, रुजुसूची, श्रेणीमापन | |
| ५ | अभिभावक प्रतिक्रिया | रुजु सूची, स्वतन्त्र अभिव्यक्ति, श्रेणीमापन आदि | |
| ६ | कुराकानी, सोधपुछ छलफल | रुजु सूची, श्रेणी मापन, फारम आदी | |
| ७ | मौखिक कार्य | वास्तविक वस्तुस्थिति,प्रश्न, घट्ना, सन्दर्भ, श्रब्य, दृष्य, श्रव्य दृष्य आदि | |
| ८ | लिखित कार्य | विभिन्न खालका प्रश्नहरु, चित्रात्मक प्रस्तुती आदि | |
| ९ | व्यवहार प्रदर्शन | श्रेणी मापन, रुजुसूची, फारम, ग्राफ आदि । | |

माथि उल्लेखित मूल्याङ्कनका साधन र तरिका मध्ये विषयवस्तुसँग सान्दिर्भिक हुने साधन प्रयोग गरी सिकारुको सिकाइ उपलब्धि मूल्याङ्कन गरीसकेपछि उपलब्धिलाई भने तल उल्लेख गरीएको तालिका अनुसार रेटिङ गर्नुपर्छ ।

### विद्यार्थी उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य ब्याख्या |
|---|---|---|
| कमजोर ( Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागी सुधारात्मक सिकाइ आवश्यक भएको । |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको एक अभिन्न पक्ष/अङ्ग मानिएको सन्दर्भमा शुरुवाती चरणमा दैनिक कक्षा क्रियाकलापको रुपमा सिकारुको सिकाइ मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउने प्रयास गर्नुपर्दछ । दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि प्राप्त भयो या भएन भनेर आवश्यकता अनुसार विभिन्न मूल्याङ्कनका साधनहरुको प्रयोग गरी विद्यार्थी मूल्याङ्कन गरी अभिलेखिकरण गर्नु पर्दछ । मूल्याङ्कन गर्दा सिकारुको उपलब्धिस्तर यदि १ या २ मात्र देखियो भने सुधारात्मक योजना बनाई कम्तिमा पनि ३ सम्म उपलब्धि स्तर पुर्‍याउनु पर्दछ । विद्यार्थीहरु

मध्ये सिकाइ उपलब्धि १ या २ मात्र ल्याउने र ३ वा ४ ल्याउने विद्यार्थी पहिचान गरी सुधारात्मक शिक्षण सिकाइको माध्यमबाट १ वा २ सिकाइ उपलब्धिमा सुधार ल्याउन प्रयास गर्दागर्दै त्यो प्राप्त हुन सकेन भने अपेक्षित सिकाइ उपलब्धि प्राप्त हुन नसक्नुका अन्य कारणहरु खोजी समाधानका उपायहरु पहिल्याउन शिक्षक क्रियाशील रहनुपर्दछ ।

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थिलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ  भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात प्रत्येक सिकाइ उपलब्धि र औषत उपलब्धि सहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नु पर्दछ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसंग छलफल गर्नु विद्यार्थिको सिकाइ सुधारका दृष्टिले उपयुक्त भएपनि छोटो छोटो समयको अन्तरालमा अभिभावकसँग छलफल सबैका लागि सम्भव हुन नसक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थिको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकता अनुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ ।

नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थीको सबल पक्ष, रुचि र कठिनाई लाई ध्यानदिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थी पनि सहभागी गराउनुपर्छ ।

- **विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

**१. विषयक्षेत्रगत रुपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नानुसार व्यवस्थित गरी राख्नुपर्छ :-**

- विषयक्षेत्रगत रुपमा प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चिका फाइलमा सिलसिलाबद्द गरी राख्नुपर्दछ ।
- कार्यसञ्चयिका फाइलमा विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालका विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरु समयबद्दरुपमा सिलसिला मिलाइ राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धि स्तर झल्काउने प्रतिनिधि कार्यहरुमा समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभएपनि विषयबस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखी ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रुपमा गरीने पाँचवटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चिका फाइलमा समावेश गरीएका कार्य तथा अभिलेखहरुको समयबद्द सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरीएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फाइल हस्तान्तरण गर्नुपर्छ ।

## स्थानीय पाठ्यक्रमको थिमगत मूल्याङ्कन फारमको नमुना
## कक्षा १

| विषयबस्तुको क्षेत्र (थिम) | मुख्य सिकाइ उलब्धि | सिकाइ उपब्धि विस्तृतिकरण/उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/नसकेको | मिति | अङ्कन | सकेको/नसकेको | मिति | अङ्कन | |
| स्थानीय वातावरण, मूल्यमान्यता र सकारातमक व्वहार | आफ्ना वरपरको भौगोलिक परवेश स्थानीय जीवजन्तु, बनस्पति, साथीसंग मिलेर बस्न, अपाङ्गता भएकाहरुलाई सहयोग गर्नु | १.अग्लो, होचो, समतल स्वरुप पहिचान गर्न | | | | | | | |
| | | २.घरपालुवा जनावरको नाम भन्न | | | | | | | |
| | | ३. साथीहरुसंग मिलेर बस्न र नाता अनुसार सम्बोधन गर्न | | | | | | | |
| | | ४. अपाङ्गता भएकाहरुलाई चिन्न | | | | | | | |
| अभिभावकको सही: | | शिक्षकको सही: | उपलब्धि प्रतिशत | | | | | | |

स्थानीय पाठ्यक्रम शिक्षण गर्ने शिक्षकले माथिको नमुनाको आधारमा कक्षा १ देखि ८ सम्मका सबै थिमगत मूल्याङ्कन फारम तयार गरी विद्यार्थी मूल्यांकन अभिलेखिकरण गर्नुपर्दछ । माथिको फारम उदाहरणको रुपमा कक्षा १ को स्थानीय वातावरण , मूल्यमान्यता र सकारात्मक व्यवहार भन्ने थिमको हो । यसैलाई आधार मानेर मुख्य सिकाइ उपलब्धि पुरा भए/नभएको यकिन गर्न र सुधारात्मक शिक्षण सिकाइ मार्फत सिकारुलाई थप सहायता प्रदान गर्न यस किसिमको मूल्याङ्कन ढाँचालाई उपयोग गर्नुपर्ने हुन्छ ।

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाऊन ।
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपल्धिका लागि ।
- अभिभावक तथा विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न ।
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रुपमा लिइ अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेही व्यक्त गर्न ।
- विद्यालय व्यवस्थापनको विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न ।

**विद्यार्थीको व्यक्तिगत विवरण**

**१. बिद्यार्थीको वैयक्तिगत तथा पारिवारिक विवरण**

क) विद्यालयको नाम :...................................................................

ख) ठेगाना : ........................................................................

ग) विद्यार्थीको नाम : ........................................................................

घ) जन्म मिति : ..............................................................................

ङ) विद्यार्थीको ठेगाना : ..............................................................

च) पारिवारिक विवरण :..............................................................

अ) आमाको नाम :.........................पेसा : .........सम्पर्क नं.:.....

आ) बाबुको नाम :..........................पेसा :..........सम्पर्क नं. :...

छ) बाबुआमाबाहेक अरु कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको :

अ) नाम :......................................................................

आ) विद्यार्थी संगको नाता :..................................................

ज) विद्यालय भर्ना मिति र कक्षा :........................................................

झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता : .......

ञ) अघिल्लो अनुभव :.......................................................................

अ) कक्षा १ मा भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए नभएको

आ) अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अनुभव :

## २.स्वास्थ्य सम्बन्धी विवरण

क) तौल र उचाई

| मिति | तौल (के.जी.मा) | उचाई (से.मी.मा) | प्रतिकृया (यदि छ भने) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

ख) कुनै विशेष रोग भएमा सोबारे टिपोट :.................................................

ग) कुनै अपाङ्गता भए सोको विवरण :.......................................................

घ) अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भए :...........................................

## ३. विद्यार्थीको समग्र प्रगति प्रतिवेदको ढाँचा

**नौगाड सेरोफेरो ( स्थानीय पाठ्यक्रम) (कक्षा १-३)**

**विद्यार्थीको प्रगति प्रतिवेदन**

**विद्यार्थीको नाम :.................................कक्षा :......रोल नं. :..........**

**विद्यालयको नाम : ...................................सङ्केत नं. :...... बर्ष :..........**

**उपस्थिति : विद्यालय सञ्चालन भएको दिन : .....उपस्थित भएको दिन र प्रतिशत :**

| क.सं. | विषयक्षेत्र (थिम) | कार्यघण्टा | सिकाइ उपलब्धि संख्या | स्तरअनुसार उपलब्धि संख्या | समग्र उपलब्धि स्तर |
|---|---|---|---|---|---|
| १ | हाम्रो भाषा जातजाती र मूल्य मान्यता | १६ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| २ | भौगोलिक परिवेश र वातावरण | १८ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ३ | स्वस्थ्य खानपान, सरसफाई र खेलकुद | २० | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ४ | स्थानीय सीप र प्रविधि | १५ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ५ | कृषि वन तथा जिविकोपार्जन | २० | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ६ | हाम्रो सम्पदा र पर्यटन | १६ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ७ | हाम्रो जडीबुटी तथा परम्परागत उपचार विधि | २० | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ८ | स्थानीय संरचना र संघ संस्था | १५ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ९ | विपद व्यवस्थापन र आत्मरक्षा | २० | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |

क) विषयगत सिकाइ उपलब्धि मापनको अभिलेखका आधारमा कमजोर : १ अंक प्राप्त उपलब्धि संख्या, सामान्य : २ अंक प्राप्त उपलब्धि संख्या, राम्रो : ३ अंक प्राप्त उपलब्धि संख्या, उच्च : ४ अंक प्राप्त उपलब्धि संख्या

**कक्षा शिक्षक** **प्रधानाध्यापक** **मिति:**

## ४. विषयक्षेत्रगत रुपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारमहरु

- मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण याहाँ दिईएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधन मध्ये फारममा उल्लेख भएमा त्यसमा चिन्ह लगाउने र अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोहि लहरमा उल्लेख गर्ने ।
- हरेक मुख्य सिकाइ उपलब्धि हासिल भयो वा भएन भनि यकिन गर्नुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एक भन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकैपटकको परीक्षणबाट एकभन्दा बढि सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।
- सवै विद्यार्थीले न्युनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइ अवसर प्रदान गर्न मूल्याङ्कनको सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरीएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरीनुपर्दछ । यसका लागि सुधारात्मक सिकाईपश्चात विद्यार्थीको पुन : मूल्याङ्कन गरी फारममा उल्लेख भए अनुसार अभिलेखित गर्नुपर्दछ ।
- सामान्यतया सबै प्रत्येक विद्यार्थीको सिकाइ स्तर न्युनतम ३ पुर्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १ मै छाड्न भने हुदैन। कुनै विद्यार्थी पटक पटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरीनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुर्याउनु अपेक्षित हुन्छ ।

विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरीसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४x मूल्याङ्कन गरीएको सिकाइ उपलब्धिहरुको संख्या}} \times १००$$

**उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नानुसार प्रस्तुत गर्नुपर्ने छ :**

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अंक | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको ब्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

कक्षाको अन्तमा सबै सिकाई उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छ ।

$$\text{विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४x मूल्याङ्कन गरीएको सिकाइ उपलब्धिहरुको संख्या}} \times \text{१००}$$

**यो उपलब्धि प्रतिशतको ब्याख्या माथिको बुँदा ५ अनुसार गर्नुपर्छ ।**

**संचित अभिलेखको नमुना**

**(Model of Cumulative Record)**

१. विद्यार्थीको नाम: ..............................

२. विद्यार्थीको व्यक्तिगत विवरण

क) जन्म मिति : ........................................

ख) जन्म स्थान : .........................................

ग) ठेगा : ..................................................

घ) विद्यालयमा भर्ना मिति : .............................

३. विद्यार्थीको स्वास्थ्य विवरण

| कक्षा | उचाइ | तौल | रोग भए |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

| | | | |
|---|---|---|---|
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

## ४. विद्यार्थीको पारिवारिक विवरण

| विवरण | शैक्षिक योग्यता | पेसा | जीवित/मृतक |
|---|---|---|---|
| बाबु | | | |
| आमा | | | |
| परिवार संख्या:<br>दाजुभाइ संख्या:<br>दिदीबहिनी संख्या:<br>विद्यार्थीको जन्म क्रम: | | | |
| विद्यार्थीको संरक्षकको नाम थर:<br>नाता:<br>शैक्षिक योग्यता: | | | |

## नौगाड सेरोफेरो (स्थानीय पाठ्यक्रमको ) विशिष्टीकरण तालिका

कक्षा ६-८

आन्तरिक मूल्याङ्कन: ५० अंक

बाह्य मूल्याङ्कन: ५० अंक

### आन्तरिक मूल्याङ्कनको विशिष्टीकरण तालिका

| क्र.सं | आन्तरिक मूल्याङ्कनका आधारहरु | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | सहभागिता | ४ | त्रैमासिक परीक्षाको १० अंक मध्ये पहिलो त्रैमासिकमा ५ अंक र दोस्रो त्रैमासिकमा ५ अंक रहने |
| २ | परियोजना तथा प्रयोगात्मक कार्य | ३६ | |
| ३ | त्रैमासिक परीक्षा | १० | |
| जम्मा | | ५० | |

### बाह्य मूल्याङ्कनको विशिष्टीकरण तालिका

| एकाइ (थिम) | प्रश्न संख्या | अंक | ज्ञान | सीप | उच्च क्षमता | कैफियत |
|---|---|---|---|---|---|---|
| हाम्रो भाषा जातजाती र मूल्य मान्यता | २ | १० | १ | १ | | |
| भौगोलिक परिवेश र वातावरण | १ | ५ | | | | |
| स्वस्थ्य खानपान, सरसफाई र खेलकुद | १ | ५ | १ | १ | | |
| स्थानीय सीप र प्रविधि | १ | ५ | १ | १ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कृषि वन तथा जिविकोपार्जन | १ | ५ | | १ | | |
| हाम्रो सम्पदा र पर्यटन | १ | ५ | | | | |
| हाम्रो जडीबुटी तथा परम्परागत उपचार विधि | १ | ५ | | १ | | |
| स्थानीय संरचना र संघ संस्था | १ | ५ | | | | |
| विपद व्यवस्थापन र आत्मरक्षा | १ | ५ | | १ | | |
| **जम्मा** | १० | ५० | ३ | ६ | | |

- **प्रयोगात्मक कार्य**

नौगाड सेरोफेरो (स्थानीय पाठ्यक्रम) अन्तर्गत कुल कार्यघण्टाको ५० प्रतिशत समय प्रयोगात्मक कार्यलाई व्यवस्थापान गर्नु पर्दछ । कक्षा भित्र गरीने अभ्यासात्मक क्रियाकलाप, आफ्नो स्थानीय परिवेशमा गरीने क्षेत्र भ्रमण, सामुदायिक कार्य वा परियोजना कार्यसमेतलाई उल्लेखित समय व्यवस्थापन गर्न सकिन्छ । प्रयोगात्मक कार्यको लागि स्थानीय स्तरमा उपलब्ध सम्बन्धित विषयमा जानकार व्यक्तिहरुमार्फत स्रोत व्यक्तिको रुपमा सहयोग लिनुपर्ने पनि हुन सक्छ । प्रयोगात्मक मूल्यांकनका लागि निम्नानुसारका आधारहरुलाई उपयोग गर्न सकिन्छ ।

- क्षेत्रभ्रमण, सामुदायिक कार्य तथा सोधखोज गरी प्रतिवेदन प्रस्तुति
- प्रयोगात्मक कार्यका अभिलेख
- सामग्री निर्माण तथा सीप प्रदर्शन
- लघु योजना तथा कार्यान्वयनका खाका सहितको विवरण प्रस्तुति
- STEAM based योजना प्रस्तुति
- मौखिक कार्य

- **स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव**

स्थानीय पाठ्यक्रम स्थानीयतामा केन्द्रित छ । स्थानीय आवश्यकताको जगमा स्थानीय सरोकारवालाहरुको सक्रिय सहभागितामा स्थानीय पाठ्यक्रम तयार हुन्छ । यो लचिलो प्रकृतिको हुने भएकाले समय, सन्दर्भ र आवश्यकताको आधारमा यसलाई सहजै परस्कृत एवम् परिमार्जन गर्न पनि सकिन्छ । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषय जुन स्थानीय सन्दर्भमा आवश्यक र महत्वपूर्ण छ, ती विषय क्षेत्रहरुनै स्थानीय पाठ्यक्रममा समेटिन्छन । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरु समेटी आफ्नो मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारबालाहरुको नै क्षमता अभिबृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यान्वयन गर्ने पाठ्यक्रम पनि हो । यो केन्द्रमुखी हुँदैन । हुनु हँदैन पनि । यो विकेन्द्रित पाठ्यक्रम हो । स्थानीय आवश्यकतालाई दृष्टिगत गरी तयार गरीने स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न त्यति सजिलो हुदैन । तर, सम्पूर्ण सरोकारवालाहरुको विश्वास जित्न सकेको खण्डमा यसको कार्यान्वयन त्यति गारो पनि देखिदैन । यसको कारण के हो भने स्थानीय पाठ्यक्रम स्थानीय स्रोत साधनकै प्रयोग गरेर कार्यान्वयन गर्न सकिन्छ । पाठ्यक्रम तयार भएपछि पाठ्यपुस्तकनै नभए पनि पाठ्यक्रम कार्यान्वयन गर्न विद्यार्थी र शिक्षकको संयुक्त प्रयास हँदा सजिलै सकिन्छ । नेपाल विविधताले भरिपूर्ण मुलुक हो । यहाँका प्रत्येक टोलटोल र गाउँगाउँमा फरक फरक संस्कृति, रितिरिवाज र परम्परा पाईन्छन । भौगोलिक परिवेश, जातजाती, संस्कार एवम् संस्कृति र मूल्यमान्यतामा पनि

विविधता पाईन्छ । दार्चुला जिल्लाको हकमा पनि यहि हुरा लागु हुन्छ । नौगाड गाउँपालिकाको सन्दर्भमा पनि ।

हामीले बालबालिकालाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्वका बारेमा पनि सिकाउनुपर्ने हुन्छ । स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाऊने कार्यमा स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको हुन्छ । स्थानीय पेसा, व्यवसाय तथा जीविकोपार्जनमा सिकारुलाई सहभागी गराउन पनि यो स्थानीय पाठ्यक्रम उपयोगि सिद्द हुनेछ । त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर बालालिकालाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । यस्तो पाठ्यक्रम कुनै एक विद्यालय वा नजिकका विद्यालयका समुहले मिलेर बनाई लागु गर्न सक्दछ । स्थानीय विषय शिक्षण गर्ने शिक्षकहरुले मूलत: निम्नकुराहरुमा ध्यानदिन आवश्यक हुन्छ :

- स्थानीय विषयले निर्दिष्ट गरेको क्षेत्र, काम र उद्देश्यलाई केन्द्रविन्दुमा राखेर सिकारुको व्यक्तिगत विभिन्नता र सामाजिक विविधता अनुरुपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्ने ,
- सान्दर्भिक स्थानीय विषयबस्तु र आवश्यकतालाई जोड्दै सिकारुको सक्रिय सहभागिता बढाउन विशेष ध्यान दिने ।
- स्थानीय पेसा, व्यवसाय, समाज, संस्कृति, भूगोल, जातिगत र भाषागत अवस्थाको आधारमा सिकारुको अपनत्व हुनेखालको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- आवश्यकता अनुसार STEAM based learning योजनालाई समुचित रुपमा उपयोग गर्ने
- पाठ्क्रमको मर्म र भावना अनुसार कक्षागत रुपमा सामान्यबाट जटिलतर्फका विषयवस्तुहरुको सोपान मिलाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- खक्षाकोठाभित्र सिकाइका लागि गर्न सकिने क्रियाकलापहरु : समूह कार्य, छलफल, प्रश्नोत्तर, अन्तरक्रिया, ब्याख्या, ICT को प्रयोग, अभिनय, नाटक आदिलाई शिक्षण सिकाइसँग जोड्दै सिकाइको प्रभावकारितामा ध्यान दिने,
- कक्षाकोठा बाहिर सिकाइका लागि गर्न सकिने क्रियाकलापहरु : परियोजना कार्य, सामुहिक कार्य, कार्यमुलक अनुसन्धान, क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, बाल अनुसन्धान,घट्ना अध्ययन, विभिन्न व्यक्तिहरुसँग प्रत्यक्ष कुराकानी, लक्षित समूह छलफल आदि पक्षमा पाठ्यक्रमका उद्देश्य सम्बन्धित गराई शिक्षण सिकाइ क्रियाकलालाई प्रभावकारी बनाऊन प्रयत्नरत रहने,
- सिकाइलाई दिगो र उद्देश्यमूलक बनाऊन सिकारुलाई गरेर सिक्ने (Learning by doing) सिद्धान्तको व्यवहारिक प्रयोगमा ध्यान दिने,
- मूल्याङ्कनका लागि पेपर-पेन्सिल टेस्ट भन्दा पनि निरन्तर अभ्यास एवम् परियोजना कार्य तथा सिकारुको अभिव्यक्ति र व्यवहार परिवर्तनको अवस्थालाई ख्याल गर्ने,
- विभिन्न स्रोत साम्रग्री संकलन गरी पाठ्यक्रमले नर्दिष्ट गरेका सिकाइ सक्षमता प्राप्तिका लागि प्रयत्नसील रहने,
- मूल्याङ्कन गर्दा सिकारुको कार्यलाई प्रशंसा गर्ने, सिर्जनात्मक अभिव्यक्ति र अभ्यासात्मक क्रियाकलापको जगमा सिकारुले प्राप्त गरेको ज्ञान, सीप, अभिवृत्ति र व्यवहारिक पक्षलाई आँकलन गर्ने,

- स्थानीय विषय पढाउने शिक्षकहरुबीच अनुभव आदान-प्रदान गरी आइपरेका समस्याहरु हल गर्न हर्दम क्रियाशील रहने,
- पाठ्यक्रमलाई समसामयिक बनाऊन आवश्यक महशुस भएको अवस्थामा पालिकास्तरीय छलफल गरी आवश्यक परिमार्जन गर्न पहल गर्ने,
- सिकारुलाई उत्पादनसँग गाँस्दै श्रमलाई सम्मान गर्ने तथा अग्रजहरुको योगदानको कदर गर्दै असल आचरण, नैतिक मूल्यमान्यता, अनुशासन तथा सभ्यता सम्बन्धी पक्षहरुमा आफू र सिकारु दुवैको भूमिकालाई समन्वयात्मक ढँगले विकास र विस्तार गर्न प्रयत्नशील रहने,
- आफ्नो परिवेश, स्थानीयता, जन्मभूमि, आफ्नो भाषा, संस्कृति, कलाकौशल,, संस्कार, चाडपर्व, मूल्यमान्यता जस्ता पक्षहरु शिक्षण गर्दा आवश्यताअनुसार सम्बन्धित विषयमा जानकार व्यक्तिहरुलाई स्रोत शिक्षकको रुपमा बेलाबेलामा आमन्त्रण गरी अनुभव साटासाट गर्ने परिवेश निर्माण गर्ने,
- विपद् ब्यवस्थापन र सुरक्षित विद्यालय सम्बन्धी समुचित जानकारी गराइ सिकारुलाई विपदबाट बच्ने उपाय, ब्यवस्थापन, कारण , प्रभाव तथा सुरक्षित विद्यालयको आवश्यकता र महत्वको सम्बन्धमा समेत छलफल, अनुभव साटासाट, अन्तरक्रिया, परियोजना कार्य, प्रत्यक्ष अवलोकन आदिको माध्यमले सुसूचित गराउन क्रियाशिल रहने कार्यमा सहभागितात्मक पद्धति अबलम्बन गर्ने ।

## सन्दर्भ सामग्री


- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (२०७६), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर : लेखक ।
- पाठ्यक्रम विकास केन्द्र (२०५७), प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ (कक्षा १-५) (संशोधन), सानोठिमी, भक्तपुर : लेखक ।
- पाठ्यक्रम विकास केन्द्र (२०६०), स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६०, सानोठिमी भक्तपुर : लेखक ।
- पाठ्यक्रम विकास केन्द्र (२०६२), प्राथमिक शिक्षा, २०६२ (कक्षा १-३), सानोठिमी भक्तपुर : लेखक ।
- पाठ्यक्रम विकास केन्द्र (२०६३), राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३, सानोठिमी भक्तपुर : लेखक ।
- पाठ्यक्रम विकास केन्द्र (२०६४), स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका (प्राथमिक तह) २०६४, सानोठिमी भक्तपुर : लेखक ।
- पाठ्यक्रम विकास केन्द्र (२०६५), प्राथमिक शिक्षा, २०६२ (कक्षा ४-५), सानोठिमी भक्तपुर : लेखक ।
- नेपालको संविधान (२०७२), नेपाल कानुन किताब ब्यवस्था समिति : काठमाडौं ।
- पाठ्यक्रम विकास केन्द्र (२०७५), विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम, २०७५, मस्यौदा सानोठीमी भक्तपुर: लेखक ।
- पाठ्यक्रम विकास केन्द्र (२०७६) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, सानोठिमी भक्तपुर : लेखक ।